

फेसन
रिवाइन्ड २०६४
१४ मा

• वर्ष १३ • अंक ४७ • काठमाडौं, शुक्रबार, चैत २९, २०६४ • SAPTAHIK • **Nepali National Weekly** • **Friday, Apr.11, 2008** • पृष्ठ २४ • मूल्य रु. ८/-



# प्रतीक्षा नयाँ युगको

अहिले नेपालीहरूको घरघरमा नयाँ वर्ष मनाउने चटारो छ। भर्खरै संविधानसभा निर्वाचनमा मतदान गरेर प्रफुल्लित भएका नेपालीहरू अहिले विगतका वर्षहरूको नयाँ वर्षको तुलनामा अहिले नयाँ युग प्रवेशको तयारी पनि गरिरहेका छन्। युगौँयुगदेखि सामन्ती ढाँचामा रहेको समाजका अवयवहरूलाई सदाका लागि पन्छाएर समानता, स्वतन्त्रता एवं बन्धुत्वको विश्वव्यापी भावनाअनुरूप नेपाली जनता सार्वभौमसत्तासम्पन्न हुने बाटोमा छन्। निश्चय पनि कुनै पनि समाज जब एउटा युगबाट अर्को युगमा प्रवेश गर्ने सँघारमा हुन्छ, त्यो समयलाई एउटा व्यक्ति वा समाजको जीवनको मात्र नभै त्यो राष्ट्रकै महत्त्वपूर्ण समय मान्नुपर्छ। अहिले हाम्रो मुलुक यस्तै समयमा छ।

संविधानसभा निर्वाचन कुनै पनि मुलुकमा दोहोरिएर भएको उदाहरण संसारमा कतै पनि देखिएको छैन। राजनैतिक परिवर्तनका बाबजुद पनि संविधानसभाले निर्माण गरेको संविधानले निर्दिष्ट गरेका जनताका अधिकारहरूलाई कसैले पनि मेट्न सकेको छैन। संविधानसभाले निर्माण गर्ने संविधानलाई कालजयी मानिनुको एउटा कारण यो पनि हो। अहिले नेपाली जनता यस्तै संविधान निर्माणका लागि मतदान गरेर बसेका छन्। उनीहरूको विश्वास छ– मुलुकको भावी पुस्ताले हिजोको पुस्ता जस्तो कसैको रैती भएर बस्नुपर्नेछैन। न त उनीहरूले आजको पुस्ताले भोगेको दुःख र गरेको संघर्ष नै बेहोर्नुपर्नेछ।

अब बन्ने नेपाली संविधानले नेपाली जनताका सबैखाले मौलिक अधिकारहरूको जगेर्ना गर्दै नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउनेछ। मानवीय स्वतन्त्रताका धुरी मानिएका चार स्वतन्त्रताका सिद्धान्तहरू राजनैतिक, आर्थिक, सामाजिक र धार्मिक स्वतन्त्रतालाई नयाँ संविधानले आफ्नो आत्माका रूपमा ग्रहण गर्नेछ र नेपाली जनतालाई सबैखाले अन्याय, शोषण, दासता र पीडाबाट मुक्त गर्नेछ। संविधान लेख्ने क्रममा कुनै पनि राजनैतिक दल (जनताले बहुसंख्यक रूपमा चुनेका वा अल्पसंख्यक रूपमा चुनेका) ले आफ्नो अतिवादी विचारधारालाई त्याग्नैपर्नेछ। त्यसो हुन सकेन, कुनै खास राजनैतिक दलले जनताको अभिमतको अनादर गरेको ठहरिनेछ। यस्तो स्थितिमा जस्तोसुकै राजनैतिक दलले पनि जनताको कोपभाजन हुनुपर्नेछ। त्यो स्थितिका लागि नेपाली जनता नभै सम्बन्धित राजनैतिक दल नै जिम्मेवार हुनेछन्। तसर्थ संविधानसभाको निर्वाचनमार्फत नेपाली जनताले व्यक्त गरेको राजनैतिक अभिमतलाई साना वा ठूला सबै दलले स्वीकार गर्नैपर्छ र त्यही अभिमतअनुरूप मुलुकको भावी संविधान लेखिनुपर्छ। अहिले नेपाली जनताले प्रतीक्षा गरिरहेको विषय नै यही हो।

कुनै पनि मुलुकमा देखा पर्ने राजनैतिक संघर्षले सम्पूर्ण रूपमा परिभाषित हुने अवसर अहिलेसम्म कहीँ–कतै पाएको छैन। हरेक राजनैतिक परिवर्तनपछि कुनै न कुनै किसिमका असन्तुष्टिहरू बाँकी नै रहन्छन्। संविधानसभा निर्वाचनको परिणामले पनि धेरै राजनैतिक विचारधारा र त्यसका प्रयोक्ताहरूलाई निराश गराउने सम्भावना पनि त्यति नै छ, जति संविधानसभा निर्वाचनको परिणामले नेपाली जनतालाई आशा जगाउनेछ। यो अर्थमा कुनै पनि निर्वाचनको परिणामले सबै पक्षलाई सन्तुष्टि दिन सक्दैन, तर बहुमत जनताको राजनैतिक आदेशलाई स्वीकार गर्नु सबै राजनैतिक दलको धर्म हो भन्ने कुरालाई हाम्रा राजनैतिक दलहरूले आत्मसात् गर्नेछन् भन्ने विश्वास अहिलेका लागि गर्न सकिन्छ। त्यसो भयो भने नेपाली जनताले आगामी दिनमा सबैखाले मानवोचित अधिकारहरूको प्रयोग गर्दै मुलुकलाई विकसित तथा समृद्धशाली बनाउने नयाँ बाटो पछ्याउन पाउनेछन्। जुन बाटोको यात्राले हामीलाई नयाँ युगको नयाँ गन्तव्यसम्म पुऱ्याउनेछ।

समाजको हरेक पक्षले जहिले पनि आफ्ना कामहरूलाई भावी पुस्ताको कल्याणका लागि समर्पण गरेको हुन्छ। हाम्रा सन्दर्भमा अहिले संविधानसभाका लागि मतदान गरेर बसेका हामीले निश्चय पनि हाम्रा भावी पुस्ताको राजनैतिक, आर्थिक, सामाजिक र धार्मिक स्वतन्त्रताहरू अनतिक्रम्य हुने गरी भावी संविधान लेखिनेछ भन्ने विश्वास आफूभित्र हुर्काएका छौँ। हाम्रा यिनै विश्वासहरूले अहिले हामीलाई नयाँ युगको प्रतीक्षा गराइरहेका छन्।



## सुस्वागतम् नववर्ष

नववर्ष २०६५ प्रवेशको सु-अवसरमा देशविदेशमा छरिएर रहेका समस्त नेपालीहरूमा सुस्वास्थ्य, दीर्घायु एवम् प्रगतिका साथ शान्ति तथा लोकतन्त्रको संस्थागत विकासका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

साप्ताहिक परिवार

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.



मध्यपृष्ठमा

विक्रम संवत् २०६५ को अर्द्ध वार्षिक क्यालेन्डरसहित सञ्चिता गुरुङ

साप्ताहिक



१ मा

अब्बल चलचित्रहरू






८ मा

कलाकारहरूको नयाँ वर्ष

# मुलुकले गुमाउनुपरेका व्यक्तित्वहरू

### आशाराम शाक्य
दीर्घ शिक्षासेवी आशाराम शाक्यको वैशाख ११ गते ८१ वर्षको उमेरमा निधन भयो ।

### मोहनगोपाल खेतान


प्रसिद्ध उद्योगपति मोहनगोपाल खेतानको ६० वर्षको उमेरमा वैशाख १३ गते निधन भयो ।

### सच्चितशमशेर जबरा
पूर्वप्रधानसेनापति, पूर्वराजदूत तथा चर्चित शाही सल्लाहकार सच्चितशमशेर जबराको ७४ वर्षको उमेरमा वैशाख २१ गते निधन भयो ।

### हुलासचन्द्र गोल्छा
नेपालको प्रख्यात उद्योगपति एवं समाजसेवी हुलासचन्द्र गोल्छाको ७३ वर्षको उमेरमा असार १५ गते देहावसान भयो ।

### सुशीला कोइराला
नेपाली कांग्रेका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाकी धर्मपत्नी सुशीला कोइरालाको ८४ वर्षको उमेरमा असार २९ गते निधन भयो ।

### सेवइलाल माझी
मोरङ र सुनसरीमा रूख-बिरुवा रोपेर चर्चामा आएका सेवईलाल माझीको ८४ वर्षको उमेरमा साउन १० गते निधन भयो ।

### डिल्लीराज शर्मा
व्यवस्थापिका संसदका सदस्य एवं कारागार सुधार सुझाव उच्चस्तरीय समितिका अध्यक्ष डिल्लीराज शर्माको ५८ वर्षको उमेरमा साउन १३ गते निधन भयो ।

### जनार्दनलाल मल्लिक
सर्वोच्च अदालतका पूर्व न्यायाधीश तथा २०४६ सालको जनआन्दोलनमाथिको दमन छानबिन गर्न गठित उच्चस्तरीय आयोग (मल्लिक आयोग) का चर्चित अध्यक्ष जनार्दनलाल मल्लिकको ८० वर्षको उमेरमा साउन २१ गते निधन भयो ।

### नीलाम्बर पन्थी
नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य एवं राष्ट्रियसभाका पूर्वसदस्य नीलाम्बर पन्थीको ८० वर्षको उमेरमा भदौ १२ गते निधन भयो ।

### अजयप्रताप शाह
व्यवस्थापिका संसदका सदस्य कपिलवस्तुनिवासी अजयप्रताप शाहको भदौ २६ गते निधन भयो । उहाँ राप्रपाबाट व्यवस्थापिका संसदमा सांसद बन्नुभएको थियो ।


### हेलेन शाह
अधिराजकुमार वसुन्धरा वीरविक्रम शाहकी श्रीमती अधिराजकुमारी हेलेन शाहको ७५ वर्षको उमेरमा भदौ २६ गते निधन भयो ।

### पुष्करनाथ उपाध्याय
पुराना प्रजातान्त्रिक योद्धा एवं पूर्वमन्त्री पुष्करनाथ उपाध्यायको ८३ वर्षको उमेरमा असोज २६ गते निधन भयो ।

### अच्युतनारायण राजभण्डारी
पूर्व प्रमुख निर्वाचन आयुक्त अच्युतनारायण राजभण्डारीको असोज २६ गते काठमाडौंमा निधन भयो ।

### भक्तराज कन्दङ्वा
नेकापा माओवादीका केन्द्रीय सल्लाहकार एवं पुराना वामपन्थी नेता भक्तराज कन्दङ्वाको ६३ वर्षको उमेरमा कात्तिक २६ गते निधन भयो ।

### यादवप्रसाद पन्त
पूर्वमन्त्री, पूर्वगभर्नर एवं पूर्वराजदूत डा. यादवप्रसाद पन्तको ८२ वर्षको उमेरमा कात्तिक २८ गते निधन भयो ।

### नोना कोइराला


नेपाली कांग्रेसकी वरिष्ठ नेतृ नोना कोइरालाको माघ १४ गते ७८ वर्षको उमेरमा निधन भयो । उहाँले २००७ सालको मजदुर आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

### वैकुण्ठप्रसाद लाकौल
नेपाली तथा नेपाल भाषाका ज्येष्ठतम् साहित्यकार वैकुण्ठ प्रसाद लाकौलको १ सय २ वर्षको उमेरमा काठमाडौंको महाबौद्धमा माघ १९ गते निधन भयो ।

### धर्मरत्न शाक्य
नेपालमा बौद्ध शिक्षाका सूत्रधार मानिने बौद्ध विद्वान् धर्मरत्न शाक्यको माघ २५ गते ७६ वर्षको उमेरमा लुम्बिनीमा निधन भयो ।

### चिरञ्जीवीप्रसाद रिजाल
प्रजातन्त्रका योद्धा तथा राष्ट्रियसभाका पूर्वउपाध्यक्ष चिरञ्जीवी प्रसाद रिजालको ७७ वर्षको उमेरमा माघ २६ गते निधन भयो ।

### गोपालराज मैनाली


चंखे उपनामबाट परिचित हास्यकलाकार गोपालराज मैनालीको ६५ वर्षको उमेरमा माघ २७ गते निधन भयो ।

### जनकप्रसाद हुमागाईं
प्रसिद्ध साहित्यकार जनकप्रसाद हुमागाईंको ६९ वर्षको उमेरमा माघ २८ गते निधन भयो ।

### नारायणसिंह पुन


पूर्वमन्त्री, नेपाल समता पार्टीका अध्यक्ष तथा सेनाका क्याप्टेन एवं हेलिकप्टरचालक नारायणसिंह पुनको फागुन ९ मा ५९ वर्षको उमेरमा निधन भयो ।

### ईश्वर वल्लभ


नेपाल प्रज्ञाप्रतिष्ठानका आजीवन सदस्य तथा आयामेली कवि एवं साहित्यकार ईश्वर वल्लभको ७० वर्षको उमेरमा चैत १० गते देहावसान भयो ।

# स्वयंलाई बदल्ने प्रयास

जीवनमा आफूअनुकूल परिवर्तन सबै चाहन्छन् तर त्यसका लागि स्वयंमा पनि परिवर्तन ल्याउनु आवश्यक हुन्छ । यदि कोही आफ्नो मोटोपन वा शारीरिक तौललाई कम गर्ने चाहना राख्छन् भने त्यो त्यत्तिकै सम्भव छैन । त्यसका लागि सम्बन्धित व्यक्तिले आफ्नो खानपानमा परिवर्तन ल्याउनुपर्छ, व्यायामलाई आफ्नो दिनचर्यामा समावेश गर्नुपर्छ । त्यसैगरी हामी धेरै खुसी एवं सन्तुष्टि हासिल गर्न चाहन्छौं भने जीवन उपलब्धिपूर्ण होस् भन्ने अभिलाषा राख्छौं भने त्यसका लागि आफू स्वयंलाई तयार राख्नु आवश्यक छ । यदि हामी पहिले जे-जस्तो गरिरहेका थियौं, त्यसैलाई निरन्तरता दिन्छौं भने अवश्य पनि परिणाम पनि पहिलेकै जस्तै हुन्छ । नयाँ वर्षलाई पहिलेको भन्दा राम्रो बनाउन हरेकले सक्छ, तर राम्रो परिणामका लागि पहिलेको भन्दा सुदृढ प्रयासको आवश्यकता पर्छ ।

सबैभन्दा पहिले आफ्नो जीवनको कुन-कुन पक्षमा सुधार ल्याउन चाहेको हो त्यसका बारेमा निर्क्योल गर्नुपर्छ । जस्तै- फजुल खर्चबाट छुट्कारा पाउने, आफ्ना रुचिका विषयका लागि समय निकाल्ने वा व्यवस्थित जीवनशैली अँगाल्ने आदि । यी सुधारबाट हुने लाभलाई पहिल्यै मूल्यांकन गर्नुपर्छ । जस्तै- यदि फजुल खर्चबाट बच्न बचत राम्रो हुनुपर्छ र परिवर्तन राम्रो भए निवेशका लागि धेरै रकम जम्मा हुन्छ । जसले गर्दा आफ्ना आवश्यकतामाथि खर्च गर्न समस्या पर्दैन र फजुल खर्चका कारण हुने तनाव एवं पछुतोबाट पनि बच्न सकिन्छ ।

विज्ञहरूका अनुसार यदि लक्ष स्पष्ट छ भने त्यसलाई प्राप्त गर्न ठीक तरिकाबाट प्रयास गर्न सकिन्छ तर कैयन् व्यक्तिलाई के समस्या हुन्छ भने तिनीहरू जीवनमा धेरै कुरा गर्न त चाहन्छन् तर वास्तवमा के गर्ने र कसरी गर्ने भन्ने विषयमा उनीहरूसित स्पष्ट दृष्टिकोण भने हुँदैन । राम्रो विचारको सार्थकता त्यतिबेला मात्र हुन्छ जब ती कार्यरूपमा परिणत हुन्छन् । कैयन् पटक मनमा राम्रा विचार आउँछन् तर तिनलाई बिर्सन पनि समय लाग्दैन । अतः ती विचारलाई समयमै डायरीमा टिपोट गर्न सकिए त्यो उपलब्धिमूलक बन्न सक्छ ।

कुनै पनि लक्ष्यसम्म पुग्न वा विचारलाई कार्यान्वयन गर्न एउटा कार्य योजना बनाउनु आवश्यक हुन्छ । यदि धेरै बचत गर्न चाहेको हो भने त्यसका लागि के कस्तो उपाय अँगाल्न सकिन्छ, कुन खर्च कटौति गर्न सकिन्छ भन्ने कुरामा क्रमबद्ध योजना हुनु आवश्यक छ । यदि केही राम्रो र उपलब्धिमूलक गर्न चाहेको हो भने अन्ततः प्रेरणा नै यसका लागि सबैभन्दा ठूलो सहयोगी हुन्छ । प्रेरणालाई लगातार जीवित राख्नु पनि उत्तिकै आवश्यक हुन्छ । अधिकांश व्यक्तिमा तिनका विभिन्न उद्देश्य प्राप्तिका लागि प्रारम्भमा जुन उत्साह हुन्छ त्यो लामो समयसम्म कायम रहन सक्दैन र पुनः पुरानै शैली र तरिकामा आबद्ध हुन पुग्छ । सिगरेट पिउन छोड्नेहरू पुनः सिगरेट पिउन थाल्छन् । ५-१० दिन मर्निङ वाक गएपश्चात् पुरानै रुटिनमा फर्कन्छन् आदि । यदि राम्रो कार्यका लागि अघि बढिएको छ भने त्यसलाई प्रारम्भ गर्नु मात्र पर्याप्त हुँदैन, त्यस बाटोमा निरन्तर अगाडि बढ्नु पनि आवश्यक छ ।

जब दृढ निश्चयमा रहन सकिँदैन तब प्रयासले निरन्तरता पाउन सक्दैन, कमजोर हुन थालिन्छ र उद्देश्यसम्म पुग्न सकिँदैन । त्यसैले आफ्नो उद्देश्यप्रति इमान्दार रहनुपर्छ र त्योभन्दा पनि बढी आफू स्वयंप्रति इमान्दार हुनु आवश्यक छ । व्यक्तिलाई थाहा हुन्छ– अमुक कार्य तुरुन्त गर्न सकिन्छ र गरिहाल्नु पनि पर्छ तर त्यसलाई अनावश्यक रूपमा टार्ने प्रयास गरिन्छ । कैयन् पटक हाम्रो दृष्टिकोण गलत छ भन्ने थाहा हुँदाहुँदै पनि हामी हाम्रा दृष्टिकोणलाई बदल्ने प्रयत्न गर्दैनौं । यस्ता कुराले अरूको नभई स्वयं आफ्नै नोक्सान हुन्छ ।

कठिनाइ छ, बाधा-व्यवधान छ, साधनाको कमी छ र अरू कैयन् समस्या छन् भन्ने सोचेर स्वयंलाई सीमित गर्नु गलत हो । जुन अवसर एवं साधन उपलब्ध छ, तिनको सर्वोत्तम उपयोग गर्न सक्नुपर्छ ।

**–रोजिन शाक्य**

# वर्षका चर्चित घटना

**अश्विनी कोइराला**

वर्ष २०६४ नेपाली राजनीतिका लागि घटनै-घटनाको वर्ष रह्यो । यद्यपि यो वर्ष केही यस्ता घटना घटे, जसले नेपालको मुहार नै परिवर्तन गर्ने सम्भावना छ । संविधानसभाको निर्वाचन, मधेस आन्दोलन, अन्तरिम संविधानमा राजाको स्थान, नेपाली कांग्रेसको एकीकरण तथा संघीय राज्यको ग्यारेन्टी गरिनु नेपालका चर्चित घटना हुन् । यी घटनाले नेपालको राजनीति तथा सामाजिक इतिहासमा दूरगामी प्रभाव पार्ने प्रस्ट छ ।



## संविधानसभाको निर्वाचन

संविधानसभाको निर्वाचन नेपाली इतिहासमा शताब्दीकै ठूलो राजनैतिक घटना बन्ने विद्वान्हरूको अनुमान छ । यद्यपि यो निर्वाचन गर्न सात दललाई ठूलो सकस परेको थियो । पहिलोपल्ट दश महिनाअघि संविधानसभाको निर्वाचन गर्ने निश्चित गरिएको थियो । सुरक्षाको प्रत्याभूति नहुनु, मधेसमा आन्दोलन चर्कनु, सशस्त्र आन्दोलन गर्ने जनतान्त्रिक तराई मुक्तिमोर्चाजस्ता समूह सक्रिय रहनु, वाईसीएलका गतिविधिहरू अराजक बन्दै जानु, नेपाली कांग्रेस एकीकरण हुन नसक्नुजस्ता कारणले जेठमा तोकिएको संविधानसभा तोकिएको समयमा हुन सकेन । त्यसपछि केही समय अनिश्चित बनेको संविधानसभा निर्वाचन ठूलो प्रयासपछि तत्कालीन आठ दलले मंसिरमा गर्ने सहमति बनाए । यद्यपि मंसिरमा गर्ने भनिएको निर्वाचन पनि माओवादीले आफ्नो अवस्था नाजुक भएको आन्तरिक विश्लेषणका साथ संविधानसभामा भाग नलिने निर्णय गरेपछि स्थगित भयो । यसका लागि उसले सरकारसमेत छाड्यो । नेपालमा संविधानसभाको निर्वाचन गर्नुको एउटा उद्देश्य माओवादीलाई शान्तिपूर्ण राजनीतिमा प्रवेश गराउनु पनि भएकाले माओवादी बिना निर्वाचन गर्नुको अर्थ थिएन । अन्त्यमा नेपालको हित चिताउने स्वदेश तथा विदेशका शक्तिको प्रयासपछि चैत २८ गते निर्वाचनको मिति तोकियो । यद्यपि सबै समस्यासँग लड्दै सरकारले दुईपल्ट सरेको निर्वाचन गराएर छाड्यो । पटक-पटक संविधानसभाको निर्वाचन सर्दा नेपालको राजनीति नै तरलताको अवस्थामा रह्यो । संक्रमणकाल लामो समय रहँदा देशमा आपराधिक घटनामा वृद्धि भयो । तथ्याङ्कअनुसार जेठमा संविधानसभा निर्वाचन भएको भए १ सय व्यक्तिको ज्यान बच्ने थियो भने मंसिरमा यो निर्वाचन सम्पन्न भएको भए ४३ जनाको ज्यान गुम्ने थिएनन् । त्यतिमात्र होइन, संक्रमणकाल लम्बिएकै कारण अर्बौं रुपैयाँ बिदेसिएको अनुमान अर्थशास्त्रीहरूले गरेका छन् । यद्यपि ढिलो भए पनि यही वर्ष संविधानसभाको निर्वाचन सम्पन्न हुन सक्यो । यो घटना वर्षको मात्र होइन, नेपालको इतिहासकै महत्त्वपूर्ण राजनैतिक घटनाका रूपमा स्थापित भयो ।

## फोरमभित्रको राजनीति

वर्ष २०६४ मा नेपालका चर्चित घटनामा मधेस आन्दोलन केन्द्रमा रह्यो । मधेस आन्दोलनलाई उचाइमा पुऱ्याउनेमध्ये मधेसी जनअधिकार फोरमको नेतृत्व प्रमुख कारण थियो । पहिले गैरसरकारी संस्थाका रूपमा स्थापित यो समूह एक वर्षभित्रै मधेसको सशक्त राजनैतिक दलका रूपमा स्थापित भयो । कुनै बेला माओवादीसँग नजिक रहेका उपेन्द्र यादव यसका अध्यक्ष छन् भने नेपाली कांग्रेसभित्र कुनै बेला गिरिजाप्रसाद कोइरालाका निकट रहेका जयप्रकाशप्रसाद गुप्ता यसका दोस्रो ठूलो नेता बनेका छन् ।

वैशाखको पहिलो साता जयप्रकाशप्रसाद गुप्ताले मधेसी जनअधिकार फोरम छाडेर नेपाली कांग्रेसमा प्रवेश गरेपछि फोरममा फुटको राजनीति प्रारम्भ भएको थियो । गुप्ताले फोरम छाडेलगत्तै मधेसी विद्यार्थी फ्रन्टले फोरमबाट अलग्गिएको घोषणा गऱ्यो । त्यसपछि यसका उपाध्यक्ष रहेका किशोरकुमार विश्वासले यादवको व्यक्तिवादी चरित्रको आलोचना गर्दै त्यही नामको अर्को दल खोलेको घोषणा गरे । यद्यपि उपेन्द्र यादवले हार मानेनन् । संविधानसभा निकट आइपुग्दा अन्य दुईवटा मधेसवादी दलहरूसँग मिलेर उनले मधेस आन्दोलन गरे । १६ दिनसम्म चलेको आन्दोलनपछि सरकार मधेसवादी दलको माग पूरा गर्न बाध्य भयो । आन्दोलनपछि संविधानसभा निर्वाचनमा भाग लिने निर्णय गरेको उक्त दलमा जयप्रकाशप्रसाद गुप्ता फर्किनु महत्त्वपूर्ण घटना बन्यो भने निर्वाचनको वातावरण तात्नै लागेका बेला कांग्रेसका नेता विजयकुमार गच्छेदार, शरदसिंह भण्डारीसहित एक दर्जन सांसद नेता फोरम प्रवेश गरे । यो घटनाले नेपाली कांग्रेसलाई राजनैतिक रूपमा केही घाटा पुऱ्यायो भने क्षेत्रीय दलका रूपमा फोरम सशक्त दल बन्ने सम्भावना बढ्यो ।

## कांग्रेसको एकता

नेपालको इतिहासमा महत्त्वपूर्ण राजनैतिक घटनाका रूपमा नेपाली कांग्रेसको विभाजन पनि एक थियो । नेपाली कांग्रेसको विभाजनपछि नै राजाले प्रजातन्त्रमाथि आँखा लगाएका थिए भने भूमिगत राजनीति गरिरहेको माओवादी शक्तिशाली भएको थियो ।

जसरी नेपाली कांग्रेसको विभाजनले नेपालको राजनीतिलाई अप्ठ्यारोमा पाऱ्यो, त्यसैगरी यो दलको एकताले संविधानसभाको निर्वाचनलाई सुनिश्चिततातर्फ डोऱ्यायो । यो दलको एकतापछि मात्रै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले निर्धक्कका साथ निर्वाचनको बाटोमा हिँड्ने हिम्मत गरेका हुन् ।

नेपाली कांग्रेसमा महासमितिको बैठकले गणतन्त्रको पक्षमा आवाज उठाउनु पनि नेपालको राजनैतिक इतिहासको महत्त्वपूर्ण घटना मानिन्छ । महासमितिले निर्णय दिनुअघि नेपाली कांग्रेसभित्र संवैधानिक राजतन्त्र तथा गणतन्त्रका पक्षमा ठूलो वादविवाद हुने गरेको थियो । महासमितिको निर्णयपछि संवैधानिक राजतन्त्र आवाज कमजोर हुन पुग्यो । नेपाली कांग्रेसले गणतन्त्रका पक्षमा आवाज दिएपछि मात्र अन्तरिम संविधानले प्रधानमन्त्रीलाई राष्ट्रप्रमुखका रूपमा पहिचान दिन सकेको हो ।

## मधेसवादी दल र मधेस आन्दोलन

अघिल्लो वर्ष मधेसी जनअधिकार फोरमले गरेको आन्दोलनमा ३५ जना आन्दोलनकारी मारिए । मधेसीहरूलाई नेपालका सबै क्षेत्रमा सम्मानजनक पद दिनुपर्ने, जनसङ्ख्याको अनुपातमा निर्वाचनक्षेत्र घोषणा गर्नुपर्नेजस्ता माग राखेर गरिएको उक्त आन्दोलन सरकारसँगको वार्तापछि टुङ्गिएको थियो । यो आन्दोलनले एक मात्र मधेसवादी दलको पहिचान बनाएको नेपाल सद्भावना पार्टीलाई उछिन्दै फोरमले आफ्नो पहिचान स्थापित गरेपछि सबैको आँखामा मधेस महत्त्वपूर्ण मुद्दा बन्न पुग्यो । मधेसको बढ्दो शक्तिकै कारण नेपाली कांग्रेसका वरिष्ठ नेता महन्थ ठाकुर, सद्भावनाका हृदयेश त्रिपाठी आदि नेताले तराई-मधेस लोकतान्त्रिक पार्टीको गठन गरे । यो घोषणासँगै सरकारबाट असन्तुष्ट भएर मन्त्री पद त्यागेका सद्भावनाका नेता राजेन्द्र महतोको सद्भावना पार्टीले पनि मधेस आन्दोलनको जश लिन विभिन्न मुद्दा उठायो । फलस्वरूप फोरम, तमलोपा तथा महतोपक्षीय सद्भावनाबीच संयुक्त लोकतान्त्रिक मोर्चा गठन भयो । मोर्चाले संविधानसभा निर्वाचनको मुखमा फागुन १ गतेदेखि तराई आन्दोलनको घोषणा गऱ्यो । यो आन्दोलन यति सशक्त बन्यो कि काठमाडौंलगायत नेपालका पहाडी क्षेत्रमा इन्धन तथा खाद्यान्नको अभाव हुन पुग्यो । दर्जनौं आन्दोलनकारी मारिए । १६ दिनको आन्दोलनपश्चात् संयुक्त मोर्चा तथा सरकारबीच निर्णायक वार्ता भयो । वार्ताले मधेसलाई स्वायत्त प्रदेश बनाउनेसहितका आठबुँदे सहमति गऱ्यो । यो आन्दोलनले वर्षौंदेखि नेपाली भएर पनि नेपालीको परिचय पाउन नसकेका लाखौं मधिसेहरूको पहिचान स्थापित गरेको दाबी गरिएको छ ।

## नौ बुँदे सहमति

संविधानसभाको निर्वाचन कहिले रोकिन खोज्ने अनि कहिले सुचारु हुने रोग वर्षैभरि चल्यो । दुई पटक मिति घोषणा भएपछि पनि निर्वाचन सरेका कारण चैत २८ गतेको निर्वाचन पनि हुन्छ भन्ने विश्वास धेरैलाई थिएन । निर्वाचनको मिति नजिकिँदै जाँदा वाइसीएलका कार्यकर्ताद्वारा नेपाली कांग्रेस, नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनशक्ति पार्टीका उम्मेदवार तथा कार्यकर्तामाथि जुन किसिमले आक्रमण भयो, त्यसले माओवादीले फेरि पनि निर्वाचन बिथोल्न खोजेको आरोप लाग्यो । आफ्नो जनाधार कमजोर भएका दलहरू यही निहुँमा निर्वाचन हुन नसक्ने टिप्पणी गर्न थाले भने निर्वाचन नचाहने शक्तिहरूले यी घटनालाई अझ व्यापक बनाउने प्रयास गरे । माओवादीले पनि सात दलबीच सहकार्य नभए यस्ता आक्रमण जारी गर्ने र बुथसमेत कब्जा गर्ने धम्की दिन थाल्यो । यसले फेरि पनि संविधानसभा हुन नसक्ने अवस्था सिर्जना भयो । फलस्वरूप प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेकपा (एमाले) तथा नेकपा (माओवादी) का प्रमुखहरूलाई आफ्नो निवास बोलाएर संविधानसभा निर्वाचन गर्न दुबै दललाई आक्रमणको राजनीति त्याग्न आग्रह गरे । नेकपा (माओवादी) का केन्द्रीय नेतालाई जिताउन नेपाली कांग्रेसले पनि लचिलो हुने प्रतिबद्धता व्यक्त गऱ्यो । महिनौंदेखि तिक्त अवस्थामा रहेको एमाले तथा माओवादीबीच न्यूनतम समझदारी विकास गर्ने सहमति भयो । निर्वाचन समयमै सम्पन्न गर्न तीन दलका शीर्ष नेताहरूले नौबुँदे सहमति गरे । यो सहमतिले बिग्रिसकेको संविधानसभाको वातावरण बन्यो । यही सहमतिका कारण संविधानसभा निर्वाचन भएकाले नेपालको राजनैतिक इतिहासमा तीन दलबीच भएको नौबुँदे सहमतिले पनि विशेष स्थान राखेको देखिन्छ ।

## जनजातिको आन्दोलन

नेकपा (माओवादी) शान्तिपूर्ण राजनीतिमा आएपछि सबै समस्या समाधान हुन्छ भन्ने नेपालीको भ्रम त्यतिखेर टुट्यो, जब लगभग एकैसाथ मधेस आन्दोलन तथा जनजातिहरू आन्दोलनको घोषणा भयो । जनजातिहरूले पूर्ण समानुपातिक निर्वाचन प्रणाली, संविधानसभामा एक जाति एक प्रतिनिधित्वको ग्यारेन्टी, भाषा, जाति तथा क्षेत्रका आधारमा संघीय राज्यको माग गर्दै आन्दोलन प्रारम्भ गरेपछि सरकारले अर्को चुनौतीको सामना गर्नुपऱ्यो । जनजाति आन्दोलनको माग जातीय आधारमा संविधानसभा थियो भने यता जातीय राजनीतिमा विश्वास नगर्ने कांग्रेस तथा एमाले जस्ता मूल धारका दलहरू त्यसका विपरीत ध्रुवमा थिए । लामो कसरतपछि सबैलाई चित्त बुझाउने मिश्रित निर्वाचन प्राणालीलाई स्वीकारियो । यसले मधेसी जनअधिकार फोरम, नेपाल आदिवासी जनजाति महासंघ, चुरेभावर एकता

**पृष्ठ १९ मा जारी**

# २०६४ का चर्चित अनुहारहरू

**अश्विनी कोइराला**

वर्ष २०६४ राजनैतिक घटनाको वर्ष रह्यो। ती घटनाहरूले केही व्यक्तिहरूलाई चर्चा दिलायो। चर्चामा रहेकै व्यक्तिहरू माथि जान एक-आपसमा प्रतिस्पर्धामा गरिरहे भने केही शीर्ष स्थानमा बसेका व्यक्तिहरू विविध कारणले तल परे। संक्रमणकालीन वर्ष भएकाले राजनीतिबाहेक अन्य क्षेत्र ओझेलमा पऱ्यो।


## गिरिजाप्रसाद कोइराला



केही अपवादलाई छाड्ने हो भने २०४८ सालदेखि नेपालको राजनीतिमा शीर्ष स्थानमा रहँदै आएका व्यक्ति गिरिजाप्रसाद कोइराला २०६४ सम्म आइपुग्दा लगातार चर्चामा छन्। यो वर्ष अन्तरिम संविधानले राजालाई शासनका सबै अधिकारबाट हटाएपछि कोइराला प्रधानमन्त्री मात्र होइन राष्ट्रमुखको पदमा आसिन भए। सर्वसाधारण व्यक्तिको घरमा जन्मेर देशको राष्ट्रप्रमुख बन्ने उनी पहिलो व्यक्ति हुन्। यस अर्थमा नेपालको आधुनिक इतिहासमा देशका दुई प्रमुख पदमा बसेर काम गर्न पाउने व्यक्तिका रूपमा पनि उनको पहिचान बन्ने भएको छ।

कोइरालाको अन्तर्राष्ट्रिय छवि पनि यस वर्ष उत्कर्षमा पुग्यो। लोकतान्त्रिक पद्धतिलाई पूर्णरूपमा पालना गर्ने दलका रूपमा अन्तर्राष्ट्रिय जगतमा चिनिएको नेपाली कांग्रेस दलका प्रमुख भएका कारणले मात्र कोइरालाको छवि अर्न्तराष्ट्रियरूपमा चम्किलो भएको होइन, हिंसात्मक राजनीति गर्दै आएको माओवादी जस्तो दललाई पनि दुई वर्षदेखि सँगै लिएर शान्ति प्रक्रियामा हिँडाएका कारण पनि उनको अन्तर्राष्ट्रिय छवि क्रमशः चम्किलो बन्दै गएको हो। यी सबै कारणले गिरिजाप्रसाद कोइराला वर्षभरि सञ्चारमाध्यममा छाइरहे।

## पुष्पकमल दाहाल (प्रचण्ड)



वर्ष २०६४ मा गिरिजाप्रसाद कोइरालापछि सबैभन्दा बढी चर्चामा रहेका व्यक्ति प्रचण्ड हुन्। दुई वर्षअघि मात्र भूमिगत जीवन त्यागेका प्रचण्डप्रति जनचासो अझै घटेको छैन। दस वर्ष सशस्त्र राजनीति गरेको दलका प्रमुख भएका कारण प्रचण्डप्रति ठूलो अन्तर्राष्ट्रिय चासो छ। ओझेल परिसकेको संविधानसभाको निर्वाचनलाई ब्यूँताउने श्रेय प्रचण्ड तथा उनको दललाई जान्छ। यही संविधानसभालाई सर्त मानेर शान्तिपूर्ण राजनीतिमा फर्केको उनको दल नेकपा (माओवादी) का विवादास्पद गतिविधिका कारण पनि प्रचण्ड सञ्चारमाध्यममा छाइरहेका छन्। रोल्पा तथा काठमाडौंबाट संविधानसभाको निर्वाचनमा भाग लिएर आफ्नो जनयुद्धलाई प्रतीकात्मकरूपमा अघि बढाएको बताउने प्रचण्ड आफ्नो विवादास्पद अभिव्यक्तिका कारण पनि चर्चामा रहे।

## ज्ञानेन्द्र शाह



कहिलेकाहीं चर्चामा नरहनु पनि चर्चाको विषय बन्ने रहेछ। एक वर्षअघिसम्म नेपालका विधिवत् राजा रहेका ज्ञानेन्द्र शाहलाई यस वर्ष संविधानले राजाको पदबाट निलम्बन गरेको छ। अन्तरिम संविधानको नयाँ निर्णयसँगै २ सय ३९ वर्ष पुरानो नेपालको राजसंस्थाको अन्त्य भएको देखिन्छ। यो विषयलाई संविधानसभाले निर्णय गर्ने भनिए पनि संविधानले ज्ञानेन्द्र शाहलाई राजाको रूपमा मान्यता दिएको छैन।

## शेरबहादुर देउवा

नेपाली कांग्रेस (प्रजातान्त्रिक) का तत्कालीन सभापति शेरबहादुर देउवा यसपालिदेखि संयुक्त नेपाली कांग्रेसका वरिष्ठ नेतामा दरिएका छन्। यद्यपि उनी प्रजातान्त्रिक कांग्रेसका सभापतिभन्दा बलिया नेता भएका छन्। गिरिजाप्रसादपछि दलको अभिभारा आफ्नो काँधमा आउने तथा भावी प्रधानमन्त्रीका रूपमा आफूलाई उभ्याउनु जस्ता अभिव्यक्तिका कारण देउवा यो वर्ष चर्चामा रहे। आफ्नो दललाई एकीकरण गरे पनि आफ्नो शक्ति नगुमाएका कारण देउवा यो वर्षका भाग्यमानी व्यक्तिमा परेका छन्।

## माधवकुमार नेपाल

संविधानसभाका पक्षमा मात्र होइन, यसको तयारीमा पनि निकै अगाडि रहेको नेकपा (एमाले) यो वर्ष कम विवादमा आएको दल हो। आफ्नो दललाई सही बाटोमा डोऱ्याएकै कारण यसका महासचिव माधवकुमार नेपाल यो वर्ष चर्चामा रहे। भावी प्रधानमन्त्रीका रूपमा नेकपा (एमाले) बाट प्रस्ताव गरिएका कारण पनि माधवकुमार नेपालको यो वर्ष चर्चा भइरह्यो। संविधानसभापछि उक्त दलले आफूलाई सबैभन्दा ठूलो दल हुने दावी गरेका कारण पनि यो दलप्रति अन्तर्राष्ट्रिय जगतको ध्यान केन्द्रित भएको छ।

## उपेन्द्र यादव



कुनै बेला माओवादी निकट रहेका उपेन्द्र यादव तराई आन्दोलनका कारण चर्चामा रहे। मधेसी जनअधिकार फोरम नामक गैरसरकारी संस्थाका प्रमुख यादव अचानक मधेसी आन्दोलनका नेता बन्न पुगे। नेकपा (एमाले) बाट राजनीति प्रारम्भ गरेका यादवलाई नेकपा (एमाले) तथा नेकपा (माओवादी) दुवै दलले विवादास्पद व्यक्ति मान्दै आएको छ। यद्यपि उनकै नेतृत्वमा भएको मधेस आन्दोलनले दुईपल्ट संविधान संशोधन गरेर मधेसीको पहिचान स्थापित गरेको थियो। दोस्रो पटक पनि यादवको दलले तराई-मधेस लोकतान्त्रिक पार्टी तथा महतो पक्षीय सद्भावना पार्टीसँग मिलेर आन्दोलन गरेको थियो।

## मातृका यादव

नेकपा (माओवादी) का चर्चित मधेसी नेता मातृका यादवका गतिविधिले उनलाई वर्षभरि चर्चामा ल्यायो। वर्षको प्रारम्भमा यादव प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग मन्त्रपरिषद्को बैठकमा मर्यादालाई नाघेर वादविवाद गरेकाले चर्चामा रहे। वन तथा भू-संरक्षण मन्त्री रहेका यादवले रक्तचन्दनको तस्करी रोक्न सक्रिय भएर चर्चा कमाए। केही समयपछि नै आफ्नो मन्त्रालय तस्करीको अखडा भएको भन्दै मन्त्री पदबाट राजीनामा दिए। मैथिलीमा सपथ ग्रहण गर्ने होस् वा मन्त्रालयमा ओछ्याइएको रातो कार्पेटमा नहिंड्ने मन्त्रीका रूपमा चर्चा कमाएका यादव सेनाले दिएको सुरक्षालाई पनि अस्वीकार गरेर चर्चामा आएका हुन्।

## महन्थ ठाकुर

४० वर्षदेखि नेपाली कांग्रेसको राजनीति गरिरहेका महन्त ठाकुरको कांग्रेस वहिर्गमन चर्चामा रह्यो। ठाकुरले सद्भावना पार्टीका नेता हृदयेस त्रिपाठीसहित झण्डै एक दर्जन नेताहरूलाई मिलाएर तराई-मधेस लोकतान्त्रिक पार्टी गठन गरे। उक्त दलका अध्यक्ष रहेका ठाकुरको कांग्रेस वहिर्गमनका विषयमा अहिलेसम्म चर्चा-परिचर्चा भैरहेका छन्।

## भोजराज पोखरेल



संविधानसभा निर्वाचनका बारेमा राजनीतिक दलभन्दा बढी चिन्ता गरेर प्रमुख निर्वाचान आयुक्त भोजराज पोखरेल चर्चामा आए। दुई पटकसम्म संविधानसभा निर्वाचन सर्दा राजनीतिक दलका नेताभन्दा बढी चिन्ता गर्ने व्यक्ति भोजराज पोखरेल नै थिए। कम उमेरमा सचिव भएका प्रशासक भोजराज पोखरेलले संविधानसभा निर्वाचनलाई सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका खेले। शीर्ष नेतालाई निर्वाचनका विषयमा आफ्नो कार्यालयमै बोलाएर स्पष्टीकरण सोध्ने हिम्मत भएका पोखरेल निर्वाचनका विषयमा जिज्ञासु अन्तर्राष्ट्रिय टोलीलाई समेत सन्तुष्ट बनाएर पठाउने व्यक्ति हुन्।

## हिसिला यमी

माओवादी नेतृ हिसिला यमी निर्माण तथा भौतिक योजना मन्त्रालय सम्हाले लगत्तै चर्चामा आइन्। उनको मन्त्रालयले मेलाम्ची खानेपानी योजनाका लागि सुरुङ निर्माण गर्न अनुमति पाएको बेलायती कम्पनी सेभेन ट्रेन्टको ठेक्का रद्द गरेपछि उनी विवादमा तानिइन्। मेलाम्ची खानेपानीको मुख्य लगानीकर्ता एसियाली विकास बैंकले सेभेन ट्रेन्टको ठेक्का रद्द गर्नेबित्तिकै मेलम्चीमा लगानी नगर्ने बतायो। काठमाडौंवासीको खानेपानीको एकमात्र विकल्प भैसकेको मेलम्ची योजना एसियाली विकास बैंक तथा यमीबीचको विवादका कारण अनिश्चित बन्न पुग्यो।सरकार तथा माओवादी नेतृत्वले एसियाली विकास बैंकलाई पटक-पटक अनुरोध गरेपछि बैंकले केही सर्तसहित मेलाम्चीमा लगानी गर्ने भएको छ। यद्यपि यमी तथा एसियाली विकास बैंकबीचको चिसो भने अझै सामान्य भैसकेको छैन।

## रामचन्द्र पौडेल

नेपालमा गत वर्ष नयाँ मन्त्रालय गठन भयो- शान्ति तथा पुनःनिर्माण मन्त्रालय। यसका प्रमुख रामचन्द्र पौडेलको काँधमा माओवादीसँगका विवाद मिलाउने तथा सरकार-माओवादी युद्धताका ध्वस्त भएका संरचनाको पुनःनिर्माण गर्ने अभिभारा थियो। यद्यपि शान्तिमन्त्री भएलगत्तै पौडेलको काँधमा मधेस आन्दोलन, जनजाति आन्दोलन, चुरेभावरको आन्दोलन जस्ता मुद्दा उठे। फलस्वरूप जुन उद्देश्यका साथ शान्ति मन्त्रालय गठन भएको थियो, त्यो उद्देश्य प्राप्तिका लागि उक्त मन्त्रालयले कुनै काम गर्न सकेन। नयाँ उठेका मुद्दालाई भने मन्त्रालयले वार्तामार्फत् समाधान गर्ने प्रयत्न गऱ्यो। समग्रमा रामचन्द्र पौडेल आफ्नो लक्ष्यमा पुग्न असफल भए पनि विभिन्न वार्तामा सरिक भएका कारण वर्षभरि नै छापामा आइरहे।

## गणेशमान पुन

गत वर्ष आफ्ना गतिविधिका कारण माओवादीको भ्रातृ संगठन योङ कम्युनिस्ट लिग (वाइसिएल) विशेष चर्चामा रह्यो। यसका प्रमुख गणेशमान पुन भूमिगत जीवन त्यागेर काठमाडौंको फोहोर तह लगाउन काठमाडौंका सडकमा देखिएपछि चर्चामा आए। काठमाडौंका सडक चौडा पार्ने, रक्त चन्दनको तस्करी रोक्ने गतिविधि गरेपछि पुनको छापा अन्तवार्ता पनि बाक्लिन थाल्यो। यद्यपि सार्वजनिक पदमा बसेका व्यक्तिलाई तस्करको उपाधि दिंदै जुत्ताको माला लगाउने, विरोधीहरूलाई अपहरण-कुटपिट गर्ने काममा वाइसिएल सक्रिय भएपछि वाइसिएल आतङ्कको पर्याय बन्न पुग्यो। निर्वाचनमा विरोधी दललाई गाउँ पस्न नदिने, अन्य दलका उमेदवार तथा कार्यकर्तामाथि कुटपिट गर्ने व्यक्तिहरूका नेता बनेर गणेशमान पुन अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा समेत नकारात्मक छवि बनाउन पुगे।

## कृष्णप्रसाद भट्टराई

ठट्यौली नेताको छवि बनाएका नेपाली कांग्रेसका एकमात्र जीवित संस्थापक नेता कृष्णप्रसाद भट्टराईको अभिव्यक्ति पनि वर्षभरि नै चर्चित रह्यो। आफ्नो ८४ औं जन्म उत्सव भव्यरूपले मनाएका भट्टराईले कुनै पनि मूल्यमा देशमा गणतन्त्र नआउने अभिव्यक्ति दिए। आफ्नो जन्मदिनमा राजसंस्थाका सदस्यदेखि सर्वसाधारणलाई निम्तो दिएका भट्टराईले नेपालमा अझै ३ सय वर्ष राजसंस्था रहने अभिव्यक्ति दिएर पनि चर्चा कमाए।

# नेपालसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदनको तस्बिर

### मानव अधिकार परिषद्मा नेपालसम्बन्धी प्रतिवेदन

यो वर्ष संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्मा नेपालका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तले प्रस्तुत गरेको नेपालसम्बन्धी प्रतिवेदनमा नेपालका बारेमा सन्तोष व्यक्त गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोगमा पदाधिकारीको नियुक्ति, अनेक अन्तर्राष्ट्रिय मानवअधिकार लिखतहरूमा हस्ताक्षर वा अनुमोदन गर्ने कार्य तथा निजामती सेवा, प्रहरी र सेनामा भर्ना हुन सीमान्तकृत समुदायका लागि आरक्षण उपलब्ध गराउने नियमावली लागू गरेर नेपाल सरकारले राष्ट्रिय मानवअधिकारको सवलीकरणतर्फ ठोस पहल गरेको कुरासमेत प्रतिवेदनमा उल्लेख गरिएको छ। २० लाखभन्दा बढी नागरिकलाई नागरिकता वितरण गर्ने कार्य, युद्ध कालमा नागरिकहरूलाई बेपत्ता पार्ने कार्यका सम्बन्धमा, मैना सुनुवार घटनाका सम्बन्धमा भएको अनुसन्धान तथा यौन अल्पसंख्यकको अधिकारका सम्बन्धमा अभूतपूर्व निर्णय गरी सर्वोच्च अदालतले नेपालको मानवअधिकारका पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरालाई पनि प्रतिवेदनमा औंल्याइएको छ।

### एसियन डेभलपमेन्ट आउटलुक २००८

एसियाली बिकास बैंकले सार्वजनिक गरेको एसियन डेभलपमेन्ट आउटलुकअनुसार यस वर्ष नेपालको मूल्यवृद्धिदर ७ प्रतिशत र अर्को वर्ष सन् २००९ मा ६ दशमलव ५ प्रतिशत रहनेछ। यो वृद्धिदर अघिल्लो वर्ष सन् २००७ मा ६ दशमलव ४ प्रतिशत थियो। नेपाल राष्ट्र बैंकले मुद्रास्फीति साढे ५ प्रतिशत कायम राख्ने प्रक्षेपण गरेको थियो। खाद्यान्न अभाव, निजामती कर्मचारीको तलब वृद्धि, तेलको मूल्य वृद्धि र बढ्दो क्षेत्रीय असन्तुलनले मुद्रास्फीतिमा असर पर्ने कुरा पनि बैंकले उल्लेख गरेको छ। विश्वव्यापी रूपमा भइरहेको मूल्य वृद्धिका कारण स्थानीय बजारमा पनि प्रभाव परेको छ। खाने तेल, गहुँजस्ता उपभोग्य वस्तुको भाउ बढेको छ। कच्चा तेलको मूल्य सन् २००२ यता प्रतिवर्ष १० डलर प्रतिब्यारेलका दरले बढिरहेको छ। चामलको मूल्य सन् २००२ डिसेम्बरमा प्रतिटन १ सय ८५ डलर रहेकोमा २००७ डिसेम्बरमा ३ सय ७८ डलर पुगेको थियो। २००८ मार्चमा थप वृद्धि भै ७ सय डलर पुगेको छ। गहुँलगायतका अन्य कृषिसामग्रीको मूल्यमा पनि त्यस्तै वृद्धि भएको छ। यी सबैका कारण मूल्य वृद्धिको चुनौतीलाई सामना गर्नका लागि नेपालले पनि केही व्यवस्था गर्नुपर्ने खाँचो रहेको कुरा पनि प्रतिवेदनमा औंल्याइएको छ।

### एड्सबाट प्रतिवर्ष १५ हजारको मृत्यु

सन् २०१० को अन्त्यसम्ममा नेपालमा एचआईभी एड्सका कारण प्रतिवर्ष १५ हजार व्यक्तिको मृत्यु हुने कुरा विश्व स्वास्थ्य संगठन तथा युएन एड्सले तयार पारेको प्रतिवेदनमा उल्लेख गरिएको छ। तथ्यांकअनुसार नेपालमा ७२ हजार व्यक्ति एचआईभी एड्सबाट संक्रमित रहेको अनुमान गरिएको छ। तथ्यांकअनुसार यो वर्षको भदौ महिनाको अन्त्यसम्ममा १० हजार १ सय १८ जनामा एचआईभी पोजिटिभ देखिएको थियो। त्यसमध्ये ६ हजार ९ सय ७५ जना पुरुष तथा ३ हजार १ सय ४३ जना महिला छन्। संक्रमित भएकामध्ये ४ सय ४१ जनाको मृत्यु भैसकेको पनि तथ्यांकमा उल्लेख गरिएको छ। तथ्यांकमा उमेर अनुपातमा नेपालमा ३० देखि ३९ वर्षसम्मका ३९, २५ देखि २९ वर्षसम्मका २४, २० देखि २४ वर्ष सम्मका १६, ४० देखि ४९ वर्षसम्मका १०, १५ देखि १९ वर्ष सम्मका ४ प्रतिशतलाई एचआईभी संक्रमण देखिएको छ। त्यस्तै ५० वर्ष नाघेका २, ५ वर्षदेखि ९ तथा १० वर्षदेखि १४ वर्षसम्मका बालबालिकामा क्रमश: २ र १ प्रतिशतमा संक्रमण देखिएको छ। यसैबीच नेपालमा सन् २००७ को अन्त्यसम्ममा एचआईभी एड्स संक्रमितको संख्या ७० हजारभन्दा बढी रहेको तथ्यांक राष्ट्रिय एड्स रोग तथा यौनरोग नियन्त्रण केन्द्रले जनाएको छ। केन्द्रका अनुसार २०६४ असोजसम्ममा १० हजार २ सय ६० नेपाली एड्सको चपेटामा परेको प्रमाणित भैसकेको छ। अघिल्लो वर्ष एड्स रोगीको संख्या ६ हजार मात्र थियो। केन्द्रका अनुसार प्रत्येक २ सय नेपाली युवामध्ये कम्तीमा एक जना एचआईभी एड्सबाट पीडित छन्। संख्यात्मक सबैभन्दा पीडित जिल्लामा कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा तथा अछाम छन्।

### प्रेसको स्थितिमा सुधार

यो वर्ष विश्वव्यापी प्रेस स्वतन्त्रता सूचकांकमा नेपालको स्थितिमा तुलनात्मक रूपमा सुधार आएको छ। फ्रान्सको पेरिसमा अवस्थित रिपोर्टर्स विदाउट बोर्डर्सले सार्वजनिक गरेको प्रेस स्वतन्त्रता सूचकांकमा यो कुरा औंल्याइएको छ। उक्त सूचकांकमा नेपालको स्थान १ सय ३७ औं नम्बरमा छ। गत वर्षको तुलनामा नेपाल २० स्थान माथि उक्लेको हो।

### नेपाल १ सय १४ औं स्थानमा

विश्व आर्थिक मञ्चले विश्वका १ सय ३१ मुलुकमा गरिएको आर्थिक सर्वेक्षणमा नेपाल १ सय १४ औं स्थानमा पुगेको छ। गत वर्ष नेपालमा १ सय २५ मुलुकमध्ये १ सय १० औं स्थानमा थियो। पूर्वाधार विकास, आर्थिक स्थायित्व, स्वास्थ्यसेवा, प्राथमिक तथा उच्च शिक्षा एवं तालिम, श्रमबजारको क्षमताजस्ता १२ क्षेत्रको विकासलाई आधार मानी उक्त सर्वेक्षण गरिएको थियो। सर्वेक्षणले नेपालको विकासमा सरकारी अस्थिरता, असक्षम कर्मचारीतन्त्र, भ्रष्टाचार, अपर्याप्त आधारभूत सामग्रीको वितरण, कमजोर श्रमनीति, अवैज्ञानिक शुल्क तथा दक्ष कामदारको अभावले प्रभाव पारेको उल्लेख गरेको छ।

### मानवविकास प्रतिवेदन-२००७/००८ प्रकाशित

संयुक्त राष्ट्रसंघले मंसिर ११ मा प्रकाशित गरेको मानवविकास प्रतिवेदन २००७/००८ मा नेपालको मानवविकास सूचकांक मान ० दशमलव ५३४ छ। उक्त प्रतिवेदनमा तथ्याङ्क उपलब्ध भएका १ सय ७७ देशमध्ये नेपाल १ सय ४२ औं स्थानमा छ। तीन श्रेणीमा विभाजन गरिएको सूचकांकको आधारमा नेपाल मध्यम मानवविकास सूचकांक भएका ८५ वटा देशमध्ये पर्छ। मानवविकास सूचकांकले मानवविकासका प्रमुख तीन आयाम दीर्घ एवं स्वस्थ्य जीवन, ज्ञानमा पहुँच र मार्यादापूर्ण स्तरीय जीवनको संयुक्त मापन उपलब्ध गराउँछ।

### ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचारसम्बन्धी प्रतिवेदन

दुई वर्षयता नेपालमा भ्रष्टाचारको मात्रा नघटेको भ्रष्टाचारविरुद्ध कार्य गर्दै आएको ट्रान्सपरेन्सी इन्टरनेसनलले जनाएको छ। गत असोज ९ मा सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक प्रतिवेदनमा उक्त कुरा उल्लेख छ। विश्वका १ सय ८० देशमा गरेको भ्रष्टाचारसम्बन्धी सर्वेक्षणमा नेपाल १ सय ३१ औं स्थानमा परेको छ। शून्य अंकले बढी भ्रष्ट र १० अंकले बढी स्वच्छ जनाउने यो सूचकांकमा नेपालले २ दशमलव ५ अंक प्राप्त गरेको छ। प्रतिवेदनमा विश्वका सबैभन्दा स्वच्छ राष्ट्र डेनमार्क र सबैभन्दा भ्रष्ट राष्ट्र सोमालिया तथा म्यानमार छन्।

### युनिसेफको बालबालिकासम्बन्धी प्रतिवेदन

माघ १० गते युनिसेफले प्रकाशित गरेको प्रतिवेदनमा बालमृत्युदरमा दुईतिहाई कमी ल्याउने विश्वका सात मुलुकमध्ये नेपाल एक रहेको उल्लेख छ। युनिसेफको प्रतिवेदनमा नेपाल २०१५ सम्म निर्धारित विकास लक्ष्यमा पुग्ने बाटोमा धेरै अघि बढेको समेत जनाइएको छ। नेपालले बालजीवन रक्षामा उच्च प्रथमिकता दिएको कारण सन् २००६ मा बालबालिकाको मृत्युदरमा २५ प्रतिशत र सन् २००७ मा ६७ प्रतिशतले कमी आएको उल्लेख छ।

### नम्बर एकमा मुटुरोग

गंगालाल हृदयरोग केन्द्रले नेपालमा २० प्रतिशत वयस्कहरू उच्च रक्तचापवाट पीडित भएको जनाएको छ। केन्द्रले नेपालमा ४० लाखको हाराहारीमा मुटुरोगी रहेको र पछिल्लो १० वर्षमा मुटुरोगीको संख्यामा ५ गुणाले वृद्धि भएको बताएको छ। केन्द्रका अनुसार नेपालमा बालबालिकाहरू पनि यो रोगबाट पीडित छन्। काठमाडौंमा मात्र १५ वर्ष उमेर समूहका बालबालिकामध्ये बाथ मुटुरोगबाट प्रतिहजारमा १ दशमलव २ प्रतिशत र जन्मँदै मुटुरोगबाट प्रतिहजारमा १ दशमलव ३ प्रतिशत पीडित छन्।

### महिला हिंसाका १ हजार ४ सय घटना

२०६४ वैशाखदेखि असोजसम्म संकलित तथ्यांकअनुसार नेपालमा १ हजार ४ सय महिलामाथि हिंसात्मक घटना भएका छन्। महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले सार्वजनिक गरेको तथ्यांकअनुसार यसरी हिंसाको चपेटामा पर्ने महिलामध्ये १६ देखि २५ वर्षका २८ प्रतिशत, १६ वर्षमुनिका १६ प्रतिशत र २५ देखि ४० वर्षका १६ प्रतिशत छन्। प्रतिवेदनअनुसार यसरी महिलामाथि हिंसा गर्नेहरूमा सबैभन्दा बढी छिमेकी तथा उनीहरूकै श्रीमान् छन्। यस्तो हिंसाको सिकार हुने महिलामध्ये २६ प्रतिशत बलात्कारमा, २१ प्रतिशत हत्यामा तथा १६ प्रतिशत बेचबिखनमा पर्ने गरेका छन्।

### अलैंचीमा नेपाल पहिलो

अलैंची उत्पादन र विश्वबजारमा हुने बिक्रीका आधारमा नेपाल पहिलो भएको छ। स्वीट्जरल्यान्डस्थित अन्तर्राष्ट्रिय व्यापार केन्द्रका अनुसार संसारभर बिक्री हुने अलैचीमध्ये आधाभन्दा बढी अलैंची नेपालमा उत्पादन हुन्छ। नेपालले आर्थिक वर्ष २०६२/०६३ मा ६ हजार ६ सय ४७ टन अलैंची उत्पादन गरेको थियो, जसमध्ये ९० प्रतिशत निकासी भएको थियो। उक्त वर्ष विश्वभरि १२ हजार ८ सय ३२ टन अलैंची उत्पादन भएको थियो। नेपालका ताप्लेजुङ, इलाम, संखुवासभा, पाँचथर, तेह्रथुमलगायत ३७ जिल्लामा अलैंची उत्पादन हुन्छ भने ७० हजार परिवार अलैंचीको व्यावसायिक खेतीमा संलग्न छन्।

# वर्षका प्रमुख दुर्घटनाहरू

### राजधानीमा आतंकबादी बम विष्फोटन

भदौ १६ गते दिउँसो सवा ४ देखि साढे ४ बजेबीच राजधानीका गराइएका श्रृंखलावद्ध बम बिष्फोटनमा तीन जनाको मृत्यु भयो र २६ जना घाइते भए। त्रिपुरेश्वरमा रहेको वर्ल्ड ट्रेड सेन्टरको सडक पारिपट्टि रहेको बसबिसौनीमा भएको उक्त विष्फोटमा परी विश्व निकेतन उच्च मा.वि.मा अध्ययनरत अनिसा केसी र सन्ध्या खड्काको मृत्यु भयो। त्यसै दिन बालाजुको माछापोखरीनजिक माइक्रोबसमा भएको विष्फोटमा परी ५६ वर्षीय महिला कमलादेवी शाहीको मृत्यु भयो। विष्फोटका कारण एउटा माइक्रोबस र दुईवटा मिनीबस क्षतिग्रस्त भए। त्यसै समयको हाराहारीमा सुन्धाराको बसबिसौनीनजिक भएको अर्को विष्फोटबाट एक सैनिक जवान घाइते भए। श्रृंखलाबद्ध रूपमा गराइएका यी विष्फोटको जिम्मेवारी तराई आर्मी, पिपुल्स आर्मी र तराई उत्थान संघ नामका संगठनले छुट्टाछुट्टै रूपमा लिए।

### तीन दाजुभाइको रहस्यमय मृत्यु

वैशाख ७ गते राजधानीको नयाँ बजार टाउन प्लानिङमा अवस्थित खुसिबु क्षेत्रमा रहेको लक्ष्मी राजोपाध्यायको घरमा डेरा गरी बस्ने एकै घरका तीन दाजुभाइ रहस्यमय रूपमा मृत अवस्थामा भेटिए। नुवाकोट घर भएका अनिल, सुनिल र सुजन बज्राचार्य क्रमश: १९, १८ र १७ वर्षका थिए।

### बाढी-पहिरोको प्रकोप

यो वर्ष बाढी-पहिरोको प्रकोपका कारण पनि नेपालीले निकै सास्ती बेहोर्नुपऱ्यो। बाढी-पहिरोका कारण यो वर्ष ३२ जिल्ला प्रभावित भए। प्रकोपकै कारण ९१ नेपालीको मृत्यु भयो, जसमा २९ जना बाग्लुङ जिल्लाका मात्र थिए। बाढी-पहिरोका कारण ९ हजार ७ सय २६ परिवार विस्थापित भए भने पूर्ण रूपमा ८ हजार १ घर र आंशिक रूपमा १ सय ४ घरमा क्षति पुग्यो।

### अनमिनको गाडी र हेलिकोप्टर दुर्घटना

असोज १४ गते नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन अनमिनको गाडी धनगढीमा दुर्घटना हुँदा दुई जनाको मृत्यु भयो भने ९ जना घाइते भए। वर्षको अन्त्यतिर फागुन २० गते अनमिनको हेलिकोप्टर रामेछाप जिल्लाको बेथानमा दुर्घटना ग्रस्त भयो। यसका कारण १० जनाको मृत्यु भयो। दुर्घटनामा चालक दलका रोइसेन्को, मेलिसेभ र प्राविधिक एन्सिकोभको मृत्यु भयो। त्यसैगरी कर्मचारीहरू राजेश महर्जन, भीमबहादुर गुरुङ, रवीन्द्र खनिया, मेस्नोरिभोल्ड, टारेभेजोम्थ, ह्योङ जुन्रापार्क र सोन्डा ङरिवनको मृत्यु भयो। घटनास्थलमा पत्रकारहरूलाई जान रोक लगाइएका कारण पनि दुर्घटना थप रहस्यमय बन्यो।

### भुटानी शरणार्थी शिविरमा आगलागी

फागुन १८ गते साँझ झापामा रहेको भुटानी शरणार्थी शिविरमा अचानक आगो लाग्यो। डी फोर सेक्टरका होमनाथ ढकालको छाप्रोबाट एक्कासि आगो सल्केको थियो। यसपछि फैलिएको आगोका कारण १ हजार ३ सय ४ छाप्रा खरानीमा परिणत भए। यसका कारण २ दशक पुरानो शिविर खण्डहरमा परिणत भयो। शरणार्थी पाल टाँगेर बस्न बाध्य भए।

### भेरी पुल दुर्घटना

पुस १० गते पौने २ बजेतिर सुर्खेतको मेहेलकुना र मेला लाग्ने ठाउँ दहचौर गाविस जोड्ने भेरी नदीमाथिको पुल भत्कँदा सयौं जना दर्शनार्थी नदीमा डुबे। त्यहाँ ठूलो मेला लागेको थियो। मेला भर्न आएका हजारौं दर्शनार्थीमध्ये पुलमा उभिएर मेला हेरिरहेको समयमा पुल भत्केको थियो। त्यसबाट २० भन्दा बढीको मृत्यु भयो भने ३५ जनाजति बेपत्ता भए।

### प्रमुख सवारी दुर्घटनाहरू

नववर्ष २०६४ प्रारम्भ हुनुभन्दा दुई दिन अगाडि चैत ३० गते कर्णाली अञ्चलमा पहिलो पटक सवारी साधन पुग्यो। सुर्खेत-जुम्ला सडकअन्तर्गत जुम्ला र कालिकोट सदरमुकाममा सडक पुगेको हो। तर एक वर्ष अवधिमा खुसीयालीका साथ यो मार्गमा धेरै पटक दुर्घटना भएर दु:ख पनि ल्यायो। कष्टप्रद यात्राका रूपमा समेत यो मार्गका बारेमा विभिन्न समाचार आए। पछिल्लो पटक फागुन २९ गते यो राजमार्गको कालिकोट दाहास्थित छारेगाडबाट ट्याक्टर खस्दा ८ जनाको घटनास्थलमै मृत्यु भयो। जुम्लाबाट सुर्खेत जाँदै गरेको ट्याक्टर सडकबाट ५ सय मिटर तल खस्दा दुर्घटना भएको थियो। यो समेत यो वर्ष उक्त राजमार्गमा ४५ वटा दुर्घटना भए। यो वर्षभरि यसरी भएका दुर्घटनामा उक्त राजमार्गमा भएका दुर्घटनामा मृत्यु हुनेको संख्या २७ पुग्यो।

भदौ ४ मा पाल्पामा भएको बस दुर्घटनामा २५ जनाको मृत्यु भयो भने ४५ घाइते भए।

भदौ १० मा रुकुमको स्यार्पुतालमा डुंगा पल्टिँदा शैक्षिक भ्रमणमा गएका ५ विद्यार्थीको मृत्यु भयो।

भदौ १६ गते बुटवलबाट तम्घासतर्फ गइरहेको बस पाल्पाको देउरालीमा दुर्घटनाग्रस्त हुँदा २५ जनाको मृत्यु भयो।

भदौ २४ मा धनकुटाबाट बेहुली लिएर काठमाडौंतिर जाँदै गरेको



माइक्रोबस दुर्घटना हुँदा ५ जन्तीको मृत्यु भयो।

ललितपुरको भट्टेडाँडामा असोज ११ गते भएको बस दुर्घटनामा ८ जनाको मृत्यु भयो। बस सडकबाट २ सय मिटर तल खस्दा १ दर्जनभन्दा बढी घाइते भए।

पुस २२ गते राजधानीबाट राजधानीबाट ककनीमा वजभोज खान गएका विद्यार्थी लिएर फर्केको बस दुर्घटनाग्रस्त हुँदा ३ विद्यार्थीको मृत्यु भयो भने दर्जनौं घाइते भए।

सप्तरीको भारदहमा माघ २२ गते भएको बस दुर्घटनामा ७ जनाको मृत्यु भयो। सिराहाबाट विराटनगरतिर गइरहेको यात्रुवाहक बस यसरी दुर्घटना हुँदा ३ दर्जनभन्दा बढी घाइते भए।

चैत ६ गते डडेलधुरामा नेपाली कांग्रेसका कार्यकर्ता चढेको गाडी दुर्घटना हुँदा ५ जनाको मृत्यु भयो भने ३० भन्दा बढी घाइते भए। फागुन ३ गते गुल्मीको दौघामा भएको जीप दुर्घटनामा ११ जनाको मृत्यु भयो। कार्यकर्ता प्रशिक्षणमा गएको माओवादी चढेको जीप दुर्घटना भएको थियो। यसबाट ३० कार्यकर्ता घाइते पनि भए।

# विज्ञान-प्रविधि र स्वास्थ्य क्षेत्रमा वर्ष २०६४

**विक्रम संवत् २०६४ मा नेपालमा पनि विज्ञान-प्रविधि तथा स्वास्थ्यका क्षेत्रमा विभिन्न उपलब्धि भए । साना-ठूला यस्ता उपलब्धि धेरै भए पनि सरकारी तथा निजी क्षेत्रको प्रयासमा समेत भएका केही उपलब्धिलाई यहाँ उल्लेख गरिएको छ ।**

**सञ्चारमा फड्को**



यो वर्ष नेपाल टेलिकमले विभिन्न प्रकारका सञ्चारका सुविधाहरू उपलब्ध गराएका कारण एक प्रकारको सञ्चार क्रान्ति नै भयो । यो कार्यलाई सबैभन्दा बढी स्काई फोनले बल पुर्‍यायो । पहिले काठमाडौं उपत्यकामा मात्र लिमिटेड मोबिलिटीको सुविधा भएको स्काई फोनको नेटवर्क अहिले नेपालका ७० जिल्लामा पुगेको छ । गाउँगाउँमा रहेका स्काई फोनबाट देश-विदेशमा सम्पर्क गर्न सकिन्छ । यसले इन्टरनेट सुविधालाई पनि सहज बनाएको छ । यसको सहायताबाट ती स्थानमा इन्टरनेटको पहुँच पनि उपलब्ध हुन थालेको छ । यसबाहेक टेलिकमले नै वितरण गरेको स्काई डाटा कार्ड तथा पीसीएमसीआईए कार्डको सहायताबाट तारविहीन रूपमै ल्यापटपमा समेत इन्टरनेट उपलब्ध हुन्छ ।

यही वर्ष टेलिकमले काठमाडौं उपत्यकामा थ्रीजी मोबाइल सेवाको वितरण गर्‍यो । यो प्रविधि लिएपछि मोबाइल सेटमा आफूले कुरा गरिरहेको व्यक्तिको अनुहारसमेत लाइभ रूपमा देख्न सकिन्छ । यसबाहेक टेलिकम एडीएसएल नामक नयाँ सेवा पनि वितरण गर्ने अवस्थामा पुगेको छ । यो सेवा प्राप्त भएपछि एउटै टेलिफोन लाइनमा इन्टरनेट हेर्न र फोनमा कुरा गर्न सकिन्छ । यो प्रविधि द्रुत गतिको हुनुका साथै मूल्यमा पनि सस्तो छ ।

**स्वास्थ्य सेवा निःशुल्क**

सरकारले यो वर्ष देशभरमा रहेका स्वास्थ्यचौकीबाट दिइने स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलायो । देशभरमा रहेका ६ सय ७५ स्वास्थ्यचोकी तथा ३ हजार १ सय २७ उपस्वास्थ्यचौकीमा यो सुविधा उपलब्ध हुनेछ । ती स्वास्थ्यचोकीबाट निश्चित तोकिएका औषधीहरू बिरामीले निःशुल्क पाउनेछन् । सरकारको यो ठूलो साहसिक कार्य भए पनि पूर्वाधारको अभावमा यो कार्य प्रभावकारी हुन नसकेको गुनासा आइरहेका छन् ।

**बैंकिङ सेवामा नयाँ प्रयोग**

एभरेस्ट बैंक लिमिटेडले यो वर्ष नेपालमा पहिलो पटक मोबाइल भेइकल बैंकिङ सेवा प्रयोग गर्‍यो । बैंक अन हिवल्स नाम दिइएको यो सेवा झापाको बिर्तामोडबाट सुरु गरी भद्रपुर, दमक, काँकडभिट्टा तथा शनिश्चरे क्षेत्रमा सञ्चालन गरिएको छ । निक्षेप र भुक्तानी सेवा घुम्ती रूपमा गाडीबाटै उपलब्ध गराइने यो सेवामा एउटा चेकबाट ५ लाखसम्म नगद कारोबार गर्न सकिन्छ । यो प्रयोजनका लागि बैंकको शाखामा रहेको कम्प्युटरबाट गाडीभित्रको कम्प्युटरलाई नेटवर्किङ गरिन्छ ।

**विभिन्न कार्यालयहरू डिजिटलाइज्ड**

यो वर्ष सरकारी तथा अन्य क्षेत्रका प्रशस्तै कार्यालय आफ्नो गतिविधिका बारेमा जानकारी दिन तथा अन्य व्यावसायिक प्रयोजनका लागिसमेत कम्प्युटराइज्ड भए । सर्वोच्च अदालतले आफ्ना रिट र सुनुवाइ आदि कार्य कम्प्युटरबाटै अनलाइन रूपमा हेर्न सकिने व्यवस्था गर्‍यो । सेयर सूचकांकका बारेमा जानकारी दिने नेप्से परिसूचक पनि यसरी नै हेर्न सकिने हुनुका साथै यसको कारोबार पनि अनलाइन रूपमै प्रारम्भ भयो ।

**रञ्जना ठहिटी सफ्टवेयर**

यो वर्ष काठमाडौं ठहिटीका बासिन्दा तथा इन्जिनियर देवदास मानन्धरले रञ्जना ठहिटी नामक सफ्टवेयरको विकास गरे । यो सफ्टवेयरले रोमन अंग्रेजीलाई रञ्जना तथा देवनागरि लिपिमा अनुवाद गर्छ । यो कार्य वरिष्ठ भाषाविद् हेमराज शाक्यवंशको प्रसिद्ध पुस्तक नेप्लिज अल्फाबेटको आठौं संस्करणमा आधारित छ । यो सफ्टवेयरको प्रयोगबाट नेवारी भाषा मात्र बुझ्ने वा अन्य भाषा बुझ्ने तर नेवारी नबुझ्ने दुवै प्रकारका प्रयोगकर्ता लाभान्वित हुन सक्नेछन् ।

**विद्यार्थीलाई सस्तो ल्यापटप**



वन ल्यापटप पर चाइल्ड (ओएलपीसी) नेपाल प्रोजेक्टको सहयोगमा सरकारले यो वर्षदेखि स्कुले विद्यार्थीहरूलाई फुच्चे ल्यापटप वितरण गर्ने कार्य प्रारम्भ गर्‍यो । काभ्रेको जनागालस्थित जनज्योति निम्न माध्यमिक विद्यालयका कक्षा ४ का १६ विद्यार्थीले यो ल्यापटप पाए । नेपालका अन्य जिल्लामा पनि बिस्तारै यस्ता ल्यापटप वितरण गर्ने कार्यक्रम छ । यो अभियानको प्रारम्भिक चरणमा काभ्रे जिल्ला परेको हो । मकवानपुर र मुस्ताङ जिल्लामा पनि केही दिनमा यो ल्यापटप वितरण गरिँदैछ । एक सय डलर मूल्य पर्ने यो ल्यापटप संसारभरका विभिन्न देशमा वितरण गर्ने योजना ओएलपीसीको छ ।

**डाँफे– नेपाली विमान**

यो वर्ष नेपाली विमान डाँफेलाई पुल्चोक इन्जिनियरिङ क्याम्पसका विद्यार्थीले तीन वर्ष लामो मेहनतपछि सार्वजनिक प्रदर्शनीमा राखे । आठ जना विद्यार्थी मिलेर यो विमानको निर्माण गरिएको थियो । यो विमानमा पाइलटसहित २ सिट क्षमता छ । गणेशमान र विकास पराजुलीले यो विमानको डिजाइन गरेका थिए । गणेशमान र विकासका साथै अन्य विद्यार्थीहरू रमेश रानाभाट, रवीन्द्र श्रेष्ठ, दीपेश पौडेल, बाबुराजा खरेल, अनिल महर्जन एवं प्रशान्त मल्ल उक्त विमान निर्माणमा संलग्न थिए । १ सय ४० किलोग्राम तौलको डाँफे जमिनबाट ६ हजार फिटसम्म माथि उड्न सक्छ । ५० लिटर इन्धन क्षमताको यो विमानले ६५ किलोमिटर प्रतिघण्टाको गतिमा एकै पटकमा २ सय किलोमिटरसम्म उडान भर्न सक्छ । डाँफे १० लाख रुपैयाँको लागतमा तयार भएको थियो ।

**भीड नियन्त्रण गर्ने रोबोट**

पोखराको रत्नज्योति बोर्डिङ स्कुल कक्षा ८ का विद्यार्थी तल्लज बरालले भीड नियन्त्रण गर्न सक्षम नयाँ प्रकारको रोबोटको विकास गरे । उनले तयार पारेको रोबोटमा लाठीचार्ज, अश्रुग्याँस, पानीको फोहरा र गोली प्रहार गर्न सक्ने छुट्टाछुट्टै प्रविधि उपलब्ध छन् । उनले कवाडी सामानहरूको सहयोगबाट घरमै बसेर यो रोबोट निर्माण गरेका हुन् । ५ हजार रुपैयाँको लागतमा नै यो रोबोटको निर्माण सम्पन्न भएको हो । विभिन्न अवस्थामा हुने भीडलाई नियन्त्रण गर्नका लागि यो रोबोटले सहयोग पुर्‍याउन सक्छ ।


**कलेजो क्यान्सरमा नयाँ उपचार**

यो वर्ष नेपालमा पहिलो पटक कलेजो क्यान्सरको उपचार प्रक्रियाअन्तर्गत ट्रान्स आर्टेरियल केमोइम्बोलाइजेसन प्रारम्भ गरियो । यो उपचार-प्रक्रियामा कलेजोको क्यान्सर भएको ठाउँसम्म क्याथिटर नामक एक प्रकारको नली पुर्‍याएर औषधी दिइन्छ । उक्त औषधी क्यान्सर भएकै ठाउँमा दिइने हुनाले यसको मात्रा ठिक्क भए पुग्छ र बढी दिनु पर्दैन । औषधी दिएपछि क्यान्सर भएको ठाउँमा रगत पुर्‍याउने नली बन्द गरिन्छ । यो प्रविधिले सानो प्रकारको क्यान्सरलाई सजिलैसँग निको पार्न सक्छ । हालसम्म कलेजो क्यान्सरको उपचारका लागि शल्यक्रिया, केमोथेरापी र इन्जेक्सन मात्र उपलब्ध थियो । कलेजो रोग विशेषज्ञ डा. सुधांशु केसीले डा. दिलीप शर्माको सहयोगमा चैत महिनाको प्रारम्भमा नर्भिक अस्पतालमा यो उपचार सम्पन्न गरेका हुन् । अन्य सरकारी अस्पतालमा भने अझै यो उपचार प्रक्रिया प्रारम्भ भएको छैन ।

**पहिलो पटक विद्युतीय मतदान**

निर्वाचन आयोगले काठमाडौं क्षेत्र नम्बर १ मा पहिलो पटक विद्युतीय उपकरणमार्फत मतदान सम्पन्न भयो । नेपालको इतिहासमै पहिलो पटक इलेक्ट्रोनिक उपकरणमार्फत मत दिने व्यवस्था गरिएको हो । हेर्दा सामान्य लाग्ने एक प्रकारको उपकरणको प्रयोगबाट आयोगको काम छिटोछरितो हुनुका साथै मतगणना कार्य पनि छिटो हुनेछ ।

गोप्य ठाउँमा इलेक्ट्रोनिक भोटिङ मेसिन हुन्छ । यसको माथिल्लो भागमा रहेको हरियो बत्ती बल्छ । यो मतदाता मत दिनका लागि तयार रहेको संकेत हो । मेसिनमा विभिन्न राजनैतिक दलका चुनावचिह्न हुन्छन् । मतदाताले आफूले रोजेको उम्मेदवार वा राजनैतिक दलको चुनावचिह्न भएको ठाउँको सीधा दायाँतिर रहेको नीलो बटन थिच्नुपर्छ । बटन थिच्नासाथ सम्बन्धित चुनावचिह्नको दायाँतिर रातो बत्ती बल्छ र टिङग आवाज आउँछ । यो मतदान गर्ने काम सम्पन्न भयो भन्ने कुराको संकेत हो ।



यसरी गरिएको मतदान गोप्य हुन्छ । कसले कुन उम्मेदवार वा दललाई मत दियो भन्ने कुरा मतदातालाई मात्र थाहा हुन्छ । मतदाताले दिएको मत मेसिनको नियन्त्रण एकाइमा अभिलेख हुने भएकाले मतगणनाको समयमा उक्त एकाइमा रहेको रिजल्ट बटन थिचेपछि यसमा भएको कुल मत देखाउँछ । त्यसपछि उक्त एकाइमा दल वा उम्मेदवारको निर्वाचनचिह्न रहेकै क्रममा उनीहरूले प्राप्त गरेको मत संख्या पनि स्क्रिनमा देखिन्छ । त्यसलाई प्रिन्ट गरेर निकाल्न पनि सकिन्छ । विभिन्न स्थानमा रहेका मेसिनलाई एकै स्थानमा जोडेर मतगणनाको अन्तिम परिणाम निकाल्न सकिन्छ । यो उपकरण भारत सरकारको सहयोगमा प्रयोगमा ल्याइएको हो ।

**र अन्त्यमा**

यो वर्ष नभए पनि वर्षको अन्त्यतिर स्वास्थ्यक्षेत्रका लागि अर्को खुसीको समाचार आएको छ । नयाँ वर्ष २०६५ को सुरुतिरै नेपालमा पनि मृगौला प्रत्यारोपण सम्भव हुने भएको छ । स्वास्थ्य मन्त्रालयले मानव शरीरको अंग प्रत्यारोपण ऐनअनुरूप अंग प्रत्यारोपण समन्वय समिति गठन गरेपछि प्रत्यारोपण कार्य अघि बढ्ने भएको हो ।

सरकारले वीर अस्पताललाई चार वर्षअघि यो कार्यका लागि स्वीकृति दिएको थियो । त्यतिखेर अस्पतालले मृगौला प्रत्यारोपण कार्य सुरु गरे पनि त्यो सफल हुन सकेको थिएन । अहिले डा. विश्वराज जोशीको अध्यक्षतामा यो कार्यका लागि समिति गठन गरिएको छ । वीर अस्पतालले विदेशी जनशक्तिको सहयोग र नयाँ उपकरण खरिद गरी प्रत्यारोपण गर्न सुरु गर्ने जनाएको छ ।

**–एकराज सुवेदी**

# घट्दै छ नेपालीहरूको अध्ययन रुचि

- कति प्रतिशत नेपालीले नियमित अध्ययन गर्लान् ?
- विद्यार्थीबाहेक एक प्रतिशत वा त्योभन्दा कम ।

माथिको प्रश्नको उत्तरले कति मेल खाला ? यसको आधिकारिक सर्वेक्षण कसैले नगरेको कारण अड्कल नै सबैथोक हो । अद्यापि आमपुस्तकको प्रकाशन संख्या १ हजारमा सीमित छ ।

नेपालमा सबैभन्दा बढी प्रकाशित हुने साहित्यिक विधा कुन हो ? सजिलो उत्तर हो– कविता । तर चर्चाको दृष्टिकोणले यो वर्ष कविता पछि परेको पाइयो । तुलनात्मक रूपमा यो वर्ष विचारप्रधान पुस्तकको प्रकाशन बढी भएको छ ।

संविधानसभा, संघीय राज्य, नयाँ नेपालको खाका, राजसंस्थाको विविध पाटोको चिरफार आदि विषयका पुस्तकहरूले अखबारमार्फत चर्चा बटुले । यो पंक्तिमा प्राध्यापक डाक्टर चैतन्य मिश्रको 'नेपाली समाजको अर्थ-राजनीतिक विश्लेषण' अगाडि रहयो । 'एस्सेज अन दि सोसियोलोजी अफ नेपाल' नामक उक्त पुस्तक बौद्धिक वर्गको रोजाइमा परेको पहिलो पुस्तक बन्यो । त्यसैगरी अर्थसम्बन्धी कुरालाई राजतन्त्रसँग गाँसेर पत्रकार सूर्य थापाले लेखेको 'राजतन्त्रको अर्थ राजनीति' पनि संग्रहणीय पुस्तक बन्यो ।

सस्तो चर्चाका लागि पुस्तक लेखेर चर्चा पाउँदै आएका कृष्ण अविरलले लेखेको 'शाहवंशको शल्यक्रिया' उनका अघिल्ला पुस्तकको तुलनामा पछि पर्‍यो । यद्यपि आमपुस्तक भन्दा शल्यक्रियाको चर्चा राम्रो रहयो । लेखकले हावादारी विषयवस्तु प्रस्तुत गरेको आरोप पनि सहनुपर्‍यो ।

काशीराज दाहालको 'संविधानसभा र संवैधानिक विकास', डा. पुष्पराज कँडेलको 'राज्यको पुनःसंरचना', फ्रान्सिस जी हुचिन्सको 'नेपाली राजाको हावर्ड जीवन' आदि पुस्तकले विचारप्रधान पुस्तक पढ्नेबीच ठाउँ पाए ।

साहित्यिक कृतितर्फ संजीव उप्रेतीको 'घनचक्कर' ले राम्रो चर्चा बटुल्यो । असामाजिक पात्रको दैनिकी समेटिएको 'घनचक्कर' प्रयोगात्मक उपन्यास हो । यसलाई 'पागलको कथा' को संज्ञा पनि दिइयो । यो पुस्तकलाई नेपालयले प्रकाशन गरेको थियो । नाट्यकर्मी सुनिल पोखरेलले यस उपन्यासलाई नाटकका रूपमा गुरुकुलमा मञ्चन गरेपछि पुस्तकले थप चर्चा पाएको थियो ।

**वर्षका चर्चित पुस्तक**

| | |
|---|---|
| घनचक्कर | संजीव उप्रेती |
| नेपाल | डा. हर्क गुरुङ |
| अग्निस्पर्श | शारदा शर्मा |
| छापामारको छोरो | महेशविक्रम शाह |
| सम्झनाका कुइनेटाहरू | खगेन्द्र संग्रौला |
| राजतन्त्रको अर्थ राजनीति | सूर्य थापा |
| एस्सेज अन दि सोसियोलोजी अफ नेपाल | प्रा.डा. चैतन्य मिश्र |
| अनायिका | राजेन्द्र पराजुली |
| द्रौपदी र सीता | मदनमणि दीक्षित |
| शाहवंशको शल्यक्रिया | कृष्ण अविरल |

'घनचक्कर' सँगै महेशविक्रम शाहको कथासंग्रह 'छापामारको छोरो'ले साहित्यिक पाठकमाझ चर्चा पायो । यसअघि 'सिपाहीकी स्वास्नी' लेखेर चर्चा पाएका महेशविक्रमले छापामारको छोरोमार्फत् त्रासदीपूर्ण घटनाको श्रृङ्खला तयार गरेका छन् । यस वर्षका प्रतिनिधि साहित्यिक कृतिमा शारदा शर्माको निबन्धसंग्रह 'अग्नि स्पर्श', हरि अधिकारीको कवितासंग्रह 'हरि अधिकारका कविता', राजेन्द्र पराजुलीको उपन्यास 'अनायिका', मञ्जुश्री थापाको कथासंग्रह 'टिल्ड अर्थ', र राजेन्द्र थापाको गजलसंग्रह 'बाटोले अब मान्छे हिंडछ' चर्चामा रहे ।

यस वर्ष केही पेसाकर्मीका कृति पनि प्रकाशमा आए । यो दौडमा पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीदेखि हिमालआरोही पत्रकार आङछिरिङ शेर्पा देखा परे । निष्ठुरीले 'उन्नाइस दिन' नामक जनआन्दोलन-२ को नालीबोली प्रकाशन ल्याए भने आङछिरिङले 'डेड लाइन चोमोलोङमा' नामक पुस्तक प्रकाशित गरे ।

त्यसैगरी पत्रकार सुवास देवकोटाले २०६१ माघ १९ देखि २०६३ चैत १८ सम्मको कालखण्डको घटनाक्रमलाई समेटेर 'शान्तिवार्ता' अन्तरकथा नामक पुस्तक तयार गरे । दोलखाका दुई पत्रकार राजेन्द्र मानन्धर र शम्भु गौतमले तस्विरहरूको सँगालो आन्दोलन दोलखा सार्वजनिक गरे ।

बिक्री-वितरण र पठनीयका दृष्टिकोणले अगाडि रहेका पुस्तकमा खगेन्द्र संग्रौलाको 'सम्झनाका कुइनेटाहरू', मदनमणि दीक्षितको 'द्रौपदी र सीता', डा. हर्क गुरुङको नेपाल, परमानन्दको 'जीपी कोइराला स्ट्रगल फर डेमोक्रेसी इन नेपाल' रहेका छन् । त्यसैगरी माधवकुमार नेपालको 'नेपाली क्रान्तिको सिद्धान्त : जनताको बहुदलिय जनवाद' र कृष्ण घराबासीको आख्यान 'तपाईं' पनि आफ्नो क्षेत्रमा पठनीय रहे ।

अघिल्ला वर्षहरूमा केही पुस्तकले अत्याधिक चर्चा र बिक्री गरेको विल्ला भिरेका छन् । यो सवालमा वर्ष २०६४ पछि परेको पाइन्छ । अर्थात् कुनै कीर्तिमान राख्ने गरी २०६४ मा न पुस्तक बिक्री भए, न त चर्चा नै ।

**–बिक्री केन्द्रहरूको सहयोगमा**

# नयाँ वर्ष २०६५ को स्वागत कसरी गर्दै हुनुहुन्छ ?

**केवल एक प्रश्न**



रमाइलोसंग स्वागत गर्ने विचार गरेको छु। अघिल्ला वर्षहरूमा भैं कार्यक्रमहरू नभए पनि साथीभाइलाई भेटेर वा फोनबाट शुभकामना दिन्छु। नयाँ वर्षसँगै हुन लागेको संविधानसभाको निर्वाचनले सबै वर्गको अधिकार तय गरोस्, साथै सबै क्षेत्रमा प्रगति होस् भन्ने कामना पनि गर्न चाहन्छु।

**नलिना चित्रकार मिश्र, गायिका**

नयाँ नेपालसँगै नयाँ कल्पना गर्दै संघीय लोकतान्त्रिक गणतान्त्रिक नयाँ वर्षको रुपमा स्वागत गर्ने विचार गरेको छु। नयाँ वर्षले सबैमा सद्भाव, सकारात्मक सोच र आफ्नो कर्ममा पूर्ण जिम्मेदारीका साथ निरन्तर लागिरहनुको साथै पुराना सबै समस्या बिर्सिएर नयाँ किसिमले जीवन बाँच्नुपर्छ भन्ने कामना पनि गर्न चाहन्छु।

**लक्ष्मण शेष, संगीतकार**

कुनै विशेष कार्यक्रमको आयोजना नगरे पनि सबै आफन्तहरू मिलेर हाँसी-खुसीका साथ नयाँ वर्ष २०६५को स्वागत गर्ने योजना गरेकी छु। नयाँ वर्षको उपलक्ष्यमा सबैले आपसी भै-भगडा त्यागेर पहिलेभैं भाइचाराको सम्बन्ध स्थापित गरौं भन्ने कामना पनि गर्न चाहन्छु।

**रेजिना उप्रेती, नायिका**

नयाँ वर्षको अवसरमा विदेशमा भएका नेपालीहरूको मनोरञ्जन गर्नका लागि विदेश जानु पर्ने भएकाले यो वर्षको स्वागत विदेशमै बसेर गर्ने योजना छ। पहिलो पटक हुन लागेको संविधानसभाको निर्वाचनले सबै कुरामा नयाँपन आओस् भन्ने कामना गर्दछु।

**डिजे राजु, डिस्कोजक्की**

संविधानसभाको निर्वाचन सफल भएर संघीय लोकतान्त्रिक देश भएमा मात्र नयाँ वर्ष मनाउने, नभए नयाँ वर्ष आएको कुनै अर्थ छैन भनी यसको वास्तै नगर्ने। जातीय भेदभाव छाडेर देशलाई शान्ति-सुव्यवस्थातिर उन्मुख गरी सबै नेपालीले आफ्नो पेसामा निर्धक्कताका साथ लागिरहन सकून् भन्ने कामना गर्न चाहन्छु।

**चेतन सापकोटा, संगीतकार**

देशभित्र र बाहिरका साथिभाइहरूलाई शुभकामना आदान-प्रदान गरेर र परिवारसँग रमाइलो गरेर नयाँ वर्ष २०६५ को स्वागत गर्ने विचार गरेको छु। समस्त नेपालीहरूबीच दीर्घकालीन मेलमिलाप होस् भन्ने चाहना पनि नयाँ वर्षबाट राखेको छु।

**ऋषि लामिछाने, चलचित्र निर्देशक**

सधैंभैं यो वर्ष पनि परिवारसँग रमाइलो गरी मनाउने सोचाइ छ। नयाँ वर्षसँगै नराम्रो कुराको अन्त्य भएर राम्रो कुराको सुरुवात होस् भन्ने कामना पनि गर्न चाहन्छु।

**रिमा गुरुङ होडा, गायिका**

यो वर्षको स्वागत मैले विशेष किसिमले गर्ने विचार गरेको छु। आफ्नो परिवारका साथ कतै रात बिताउने र रमाइलो गरेर यो वर्षको स्वागत गर्ने योजना बनाएको छु। २०६५ बाट त्यस्ता चलचित्र मात्र निर्माण गर्ने संकल्प गर्छु, जुन चलचित्रले दर्शकलाई मनोरन्जन प्रदान गर्नुका साथै राष्ट्रप्रतिको सन्देश पनि दिन सकोस्।

**भुवन केसी, नायक**

प्रायः समय त दर्शकहरूलाई मनोरञ्जन गर्न व्यस्त हुने भए पनि बाँकी समयमा साथीभाइसँग रमाइलो गरेर मनाउने विचार गरेको छु। निर्वाचनका साथै आगमन हुन लागेको नयाँ वर्षले देशको रूप फेरिदियोस् र उजाड ऋतुबाट वसन्त ऋतुको आगमन भएभैं यो वर्षको आगमन होस् भन्ने चाहना पनि गरेको छु।

अहिले सबै नेपालीको ध्यान नयाँ वर्षमा भन्दा पनि निर्वाचनतिर केन्द्रित भएकाले मैले पनि नयाँ वर्षका बारेमा सोच्नै भ्याएको छैन। त्यसैले नयाँ वर्षको स्वागत पनि निर्वाचनको लहरजस्तै हुन्छ होला भन्ने सोचेकी छु। नयाँ वर्षसँगै आएको निर्वाचनबाट देशको स्थिति सुध्रियोस् भन्ने कामना गर्दै २०६५को स्वागत गर्ने सोच बनाएको छु।

**पुजना प्रधान, नायिका**

नयाँ वर्षको अघिल्लो दिन नयाँ वर्षको कार्यक्रममा व्यस्त रहन्छु तर नयाँ वर्षको दिनमा भने परिवारका साथ पोखरा जाने र रमाइलो गर्ने योजना बनाएको छु। नयाँ वर्षका साथमा भित्रिन लागेको नयाँ नेपालले समस्त नेपालीलाई खुसी प्रदान गरोस् भन्ने कामना पनि छ।

**आगन्तुक खरेल, गायिका**

२०६४ सालमा पूरा नभएका र गर्न नसकेका कामहरू पूरा हुन् भन्ने कामना गर्दै बर्षको पहिलो दिन गणेशको मन्दिरमा पूजा गरेर र साथीभाइसँग रमाइलो गरेर यो वर्षको स्वागत गर्ने तयारीमा छु। २०६५ साल सबै नेपालीका लागि राम्रो साबित होस् र राजनैतिक स्थितिका साथै मेरो क्यारियर पनि राम्रो हुँदै हुनेछ भन्ने आशा पनि गरेको छु।



**मदन घिमिरे, चलचित्र निर्देशक**

२०६५ सालका अवसरमा आयोजना हुने कार्यक्रममा सहभागी भएर दर्शक-श्रोतालाई मनोरञ्जन प्रदान गर्नुका साथै साथीभाइसँग रमाईलो गर्दै यो वर्षको स्वागत गर्ने सोचेको छु। संविधानसभाको निर्वाचनसँगै आगमन भएको नयाँ वर्षमा देश र संविधान राम्रो बनाउने व्यक्तिले निर्वाचन जितून् भन्ने कामना पनि गर्न चाहन्छु।

**क्रिस केसी, गायक**

यो वर्ष आफूलाई चलचित्रमा सफल बन्न सहयोग गर्ने साथीभाइसँग मिलेर आफ्नो जन्मदिन मनाएजस्तै गरी मनाउने विचार गरेको छु। नयाँ वर्षमा सकेसम्म राम्रो काम गरेर हलसम्म आएर चलचित्र हेर्ने दर्शकलाई आफ्नो तर्फबाट निराश हुन नदिने प्रतिज्ञा पनि गर्न चाहन्छु।

**हिमाल केसी, द्वन्द्व निर्देशक**

यो वर्षको नयाँ वर्ष कस्तो हुन्छ भन्ने कुरा संविधानसभाको निर्वाचनको परिणाममा भर पर्ने भएकाले नयाँ वर्ष कसरी मनाउने भनेर कुनै योजना बनाएको त छैन, तर घर-परिवारसँग रमाइलो गरेर मनाउने सम्भावना धेरै छ।

**जेम्स प्रधान, गायक/संगीतकार**

२०६५ सालमा पनि चलचित्र 'धुम'को सुटिङमा व्यस्त रहने भएकाले दिन भर सुटिङमा र राति पार्टी गरेर नयाँ वर्षको स्वागत गर्ने योजना बनाएको छु। २०६५ सालमा रिलिज हुन लागेको मेरा सबै चलचित्रले सफलता पाऊन् भन्ने कामना पनि गर्दछु।

**जयकिशन बस्नेत, नायक**

संविधानसभाको निर्वाचन राम्रो र सफल भएमा मात्र नयाँ वर्ष मनाउने र नयाँ वर्ष मनाउनका लागि सपरिवार घुम्न जाने सोचेकी छु, तर स्थिति कस्तो हुन्छ भन्न सकिँदैन।

**जेनिसा मोक्तान, मोडल**

अहिले देशमा नयाँ वर्षको आगमनभन्दा पनि निर्वाचनले सबैमा एउटा भिन्दै उल्लास बढेको छ, त्यसैले अहिले नयाँ वर्ष कसरी मनाउने भन्ने बारेमा सोच्न नै भ्याएको छैन। नयाँ वर्षभन्दा पनि संविधानसभाको निर्वाचन सफल होस् भन्ने कामना गर्दछु।

**नागेन्द्र रिजाल, अभिनेता**

अघिल्ला वर्षहरूजस्तै गरेर यो वर्ष पनि पुराना साथीहरूलाई भेटेर, आफूलाई मन पर्ने ठाउँहरूमा गएर मीठा-मीठा खानेकुरा खाएर, गीत-संगीत सुनेर यो वर्षको स्वागत गर्ने विचार गरेको छु। अबको वर्षबाट नेपालीलाई कुनै बाधा-अड्चन नआओस् भन्ने कामना पनि गर्न चाहन्छु।

**मिग्मा शेर्पा, गायक**

नयाँ वर्षको धेरै कार्यक्रम भएकाले पहिला कार्यक्रममा व्यस्त रहने, त्यसपछि साथीभाइसँग रमाईलो गर्ने र आफन्तहरूलाई शुभकामना आदान-प्रदान गरेर यो वर्षको स्वागत गर्नुका साथै यो वर्षबाट समस्त नेपालीले शान्तिको महसुस गर्न सकून् भन्ने कामना पनि गर्न चाहन्छु।

**रोज मोक्तान, गायक**

नयाँ वर्षमा नयाँ जोस-जाँगरका साथ साथीभाइलाई भेट्ने र रमाइलो गर्ने विचार गरेको छु। नयाँ वर्षसँगै आगमन हुने नयाँ नेपाल अशान्तिमुक्त होस् र हामी सबै नेपालीले सोचेअनुरूप राम्रो होस् भन्ने कामना गर्न चाहन्छु।

**जबिक, गायक**

ध्यान निर्वाचनमा केन्द्रित भएकाले अहिले नयाँ वर्षका बारेमा कुनै योजना बनाएको छैन, तर २०६५ सालमा नेपालमा शान्ति आओस् र सबै नेपालीले राम्रोसँग बाँच्न, खान र हिँड्न सकून्, साथै नेपालमा नयाँ सूर्योदय होस् भन्ने कामना गर्न चाहन्छु।

**छविराज ओझा, चलचित्र निर्माता**

२०६४ सालमा मैले एउटा रेकर्डिङ स्टुडियोको स्थापना गरेकाले नयाँ वर्ष ०६५ साथीभाइलाई त्यहीं भेला पारी गीत सुनाउदै रमाईलो गरेर मनाउने विचार गरेको छु।

**मिलन मोक्तान, संगीतकार**



**उदेश श्रेष्ठ, गायक**

२०६५को स्वागत गर्नका म लागि आफ्नो जन्मस्थान दाङ जाने विचार गरेकी छु। दाङमा आफ्नो परिवारको साथमा मिलेर यो वर्षको स्वागत गर्ने योजना बनाएकी छु।

**हिमानी डिसी, नायिका**

हाम्रो भाग्य लेख्ने संविधानसभाको निर्वाचन सफल होस् भन्ने कामना गर्दै सबै साथिभाइका साथ रमाइलो गरेर मनाउने विचार गरेको छु। यो निर्वाचनले हामी सबैको भाग्य सुनौलो बनाइदेओस् र अबको नेपाल शान्तिमय बनोस् भन्ने कामना पनि गर्न चाहन्छु।

**रवि डंगोल, हास्यकलाकार**

नयाँ वर्षको स्वागत गर्नका लागि म पोखरा जाँदैछु, त्यहाँ आफ्नो परिवारका साथ रमाइलो गरेर साथै आफू अभिनित चलचित्र 'पर्खी बसें' सबै दर्शकका साथमा बसेर हर्दै नयाँ वर्षको स्वागत गर्ने सोच बनाएको छु। नयाँ वर्षले सबै नेपालीलाई नयाँ आशा, शान्त नेपाल र नेपालीको मन जित्ने पक्का नेताको नेतृत्व प्राप्त होस् भन्ने कामना पनि गर्न चाहन्छु।

**राजबल्लभ कोइराला, नायक**

जाओस् भन्ने कामना गर्दछु।

**विक्रान्त बस्नेत, नायक**

अघिल्ला वर्षहरूभन्दा यो वर्ष राम्रो हुन्छ भन्ने आशा र खुसीयालीका साथ यो वर्षको स्वागत गर्ने सोचाइ छ। २०६५ सालबाट कुनै नेपालीको अकाल मृत्युको खबर सुन्न नपरोस्, सबै आवश्यकताका वस्तुहरू सहज र सुलभ प्राप्त होऊन् भन्ने आशा पनि गरेकी छु।

**जुना प्रसाईं, गायिका**

२०६५ सालको उपलक्ष्यमा विदेशमा रहेका नेपालीलाई मनोरन्जन गर्नका लागि विदेश जान लागेको छु। त्यहाँ कार्यक्रम सकिएपछि साथीभाइसँग शुभकामना आदान-प्रदान गर्ने र त्यहाँ हुन लागेका अन्य कार्यक्रममा पनि आफ्नो सहभागिता जनाएर नयाँ वर्षको खुसीयाली मनाउने योजना गरेको छु।

**मिलन लामा, लोकगायक**

यो वर्ष बुवा बित्नुभएकाले नयाँ वर्षको विशेष खालको कुनै कार्यक्रमको योजना गरेको छैन, त्यसैले यो दिन आफ्नो परिवारलाई समय दिएर नयाँ वर्षको स्वागत गर्ने सोचेको छु। नयाँ वर्षको आगमनले सबैतिर राम्रो वातावरण





# पुरानै बाटोमा नेपाली चलचित्र

**दिवस गुरागाईं**

नेपाली चलचित्र कस्तो हुन्छ ? यो प्रश्नको उत्तर चलचित्रकर्मीसँग पनि छैन । यदि कसैले उत्तर दिइहाल्यो भने पनि त्यसले सत्तरीको दशकमा निर्मित बलिउडका चलचित्रको अनुहारसँग मेल खान्छ, अर्थात् नेपाली चलचित्रको आफ्नो परिचय बन्न सकेको छैन ।

परिचय बनाउन नसके पनि चलचित्र निर्माण भने उल्लेख्य मात्रामा भैरहेको छ । अघिल्लो वर्षको तुलनामा यो वर्ष चलचित्रको संख्या थपिएको छ, तर सफलता भने शून्य हात लागेको निर्माता तथा प्रदर्शक बताउँछन् । २०६४ सालभरि प्रदर्शनमा आएका ३६ चलचित्रमध्ये अधिकांशले असफलता हात पारे । सफल मानिएका पाँच चलचित्रले जनही चार-पाँच लाख रुपैयाँ कमाइ गरे भने बाँकी पाँचवटा जतिले लगानी उठानुमा नै गौरव गरे । अरू २६ चलचित्र के भए त ? दुःखका साथ भन्नुपर्छ असफल भए ।

सफल भएका पाँच चलचित्र कस्ता छन् ? एक शब्दमा भन्नुपर्दा 'सोसियल एक्सन' । नेपाली चलचित्रको शैलीका बारेमा स्वयं निर्देशकहरू पनि व्याख्या गर्न सक्दैनन् । सोसियल एक्सन बलिउडमा एकपटक धेरै अघि सफलताको पराकाष्ठामा पुग्यो । अहिले बलिउड एक्सन कमेडी अनि कमेडीभित्र रोमान्स खोजिरहेको छ । केहीअघिसम्म बलिउडको नक्कल गर्दै आएका नेपाली चलचित्रकर्मी अब भने नक्कल गर्ने हिम्मत गर्दैनन् किनभने बलिउडको नयाँ शैलीको नक्कल गर्न राम्रै अक्कल र लगानी चाहिन्छ ।

त्यसैले उनीहरू उताको पुरानै शैलीमा हराउन बाध्य छन् । अर्थात् सामाजिक द्वन्द्वका विषयमा नेपाली चलचित्रमा केही प्रयोगहरू नभएका होइनन् । केही वर्षअघि चलचित्र नुमाफुङले राम्रै हल्लाखल्ला मच्चाएको थियो, तर त्यो दर्शकप्रिय भएन । उक्त चलचित्रका निर्देशक नवीन सुब्बाले चलचित्रको असफलतासँगै व्यवसाय ठूलो कुरो भएको निष्कर्ष निकाले । यसअघि उनी व्यावसायिक चलचित्र विरोधी रूपमा भाषण गर्थे ।



## वर्षको सर्वाधिक सफल जोडी

वर्षका सफल नायक नायिकाको होलान् ? यो प्रश्नको जवाफमा धेरैले राजेश हमाल र रेखा थापाको नाम लेलान् । निखिल उप्रेती र रेखा थापाको नाम लिने पनि उत्तिकै भेटिएलान्, तर सफल चलचित्रमा अभिनय गरेको आधारमा खोज्ने हो भने माथि उल्लेखित उत्तर ५० प्रतिशत मात्र मिल्छ । अर्थात् नायिका रेखा थापा वर्षकै सर्वाधिक सफल हुन् नै तर नायकतर्फको दौडचाहिँ विराज भट्टले जितेका छन् ।

सफल मानिएका पाँच चलचित्रमध्ये नायिका रेखा थापाले चार चलचित्रमा अभिनय गरेकी छिन् । ती चलचित्र हुन्- किस्मत, देवरबाबु, फैसला र दोबाटो । त्यसैगरी एक्सन नायक विराज भट्टले सफल पाँच चलचित्रमध्ये तीनवटा मुख्य भूमिका निर्वाह गरेका छन् । विराजले अभियन गरेका चलचित्र हुने किस्मत, देवरबाबु र फैसला । संयोग नै मान्नुपर्छ । यी तीनै चलचित्रमा विराजकी नायिका रेखा छिन् ।

यो वर्ष धेरैजसो चलचित्रमा नायक विराज भट्ट र नायिका रेखा थापाको जोडी देखियो । तीमध्ये पनि यही जोडीले अभिनय गरेका तीन चलचित्रले सफलता पाएको हेर्दा वर्षको सर्वाधिक सफल जोडी यसैलाई मान्नुपर्ने हुन्छ । नायक नायिकाद्वय विराज र रेखा पनि आफ्नो जोडीलाई दर्शकले मन पराएको बताउँछन् । सफल पाँच चलचित्रमध्ये राजेश हमाल र निखिल उप्रेती अभिनीत दुई चलचित्र छन् ।

धेरैअघिदेखि नै नेपाली चलचित्र वृत्तमा व्यवसाय र विचारका पक्षधरबीच वादविवाद चलिरहको छ । मूल धारका भनिने चलचित्रकर्मीले विचारका कुरा सुनेको पाइँदैन भने व्यवसायको प्रश्नमा पनि उनीहरू पछि परेको देखिन्छ । २०५८ साल अघितिर चलचित्र निर्माणको लागत सरदर ५० लाख पुग्न लागेको थियो भने अहिले त्यो घटेर ४० लाख हुन आएको छ ।

### चर्चित नायक



विराज भट्ट (किस्मत)
राजेश हमाल (फैसला)
निखिल उप्रेती (दोबाटो)
रमित ढुंगाना (देवरबाबु)
दिलीप रायमाझी (हामी साथीभाइ)

### चर्चित नायिका

रेखा थापा (किस्मत)
सञ्चिता लुइँटेल (दाइको ससुराली)
अरुणिमा लम्साल (हामी साथीभाइ)
ऋचा घिमिरे (फैसला)
झरना थापा (घातक)

### चर्चित नयाँ अनुहार



भूषण दाहाल (निर्देशक, कागबेनी)
सौगात मल्ल (नायक, कागबेनी)
आर्यन सिग्देल (नायक, किस्मत)
युना उप्रेती (नायिका, पर्खिबसे)
दिया मास्के (नायिका, कागबेनी)

### असफल चलचित्र

कागबेनी (भूषण दाहाल)
अल्पविराम (नारायण पुरी)
नेपाल (दयाराम दाहाल)
मर्यादा (श्याम भट्टराई)
आवाज (बद्री अधिकारी)

### असफल निर्देशक

नारायण पुरी (फेरि अर्को साइनो)
भूषण दाहाल (कागबेनी)
बद्री अधिकारी (आवाज)
किशोर ढकाल (नयाँ नेपाल)
दिनेश कार्की (अहंकार)

त्यसैगरी १ सय २५ नेपाली चलचित्र प्रदर्शन गर्ने हल संख्या घटेर अहिले ५५ मा सीमित भएको छ । यति हुँदाहुँदै पनि यो वर्ष फरक धारका केही चलचित्र निर्माण गर्ने हिम्मत गरिएको पाइन्छ । यो वृत्तमा चलचित्र कागबेनी र अल्पविराम प्रमुख रहे ।

क्वेस्ट इन्टरनेसनलको निर्माण र भूषण दाहालको निर्देशनमा बनेको चलचित्र कागबेनी पृथक विषय र प्रस्तुतिको चलचित्र हो । हलिउड चलचित्रको झझल्को दिने यो चलचित्रको प्रचारप्रसारले आजसम्मकै नेपाली चलचित्रलाई जितेको थियो । यद्यपि कागबेनी दर्शकप्रिय चाहिँ हुन सकेन । त्यसैगरी नारायण पुरीद्वारा निर्देशित र प्रदीप उदयको प्रस्तुति र हेको चलचित्र अल्पविरामले पनि दर्शकको माया पाउन सकेन । विचार प्रधान अल्पविराम व्यावसायिक रूपमा पछि पऱ्यो, अर्थात् चलचित्रका निम्ति गरिएका दुईवटा प्रयोग खेर गए ।

पृष्ठ १९ मा जारी



## वर्षका चर्चित घटना

• दुईवटा चलचित्रमाथि लागेका प्रतिबन्ध चर्चामा रहे । चलचित्र सेन्सरबोर्डले प्रतिबन्ध लगाएका चलचित्र थिए अहंकार र बारुद । दिनेश कार्की निर्देशित अहंकार पहाडे र मधेसीबीचको द्वन्द्वमा आधारित थियो भने बारुदमा अश्लील शब्द राखिएको सेन्सर बोर्डले जनाएको थियो । प्रतिबन्धको विषयलाई लिएर चलचित्रकर्मीले ठूलै स्वरमा विरोध प्रकट गरे । अन्ततः सेन्सर बोर्डकै आदेश मानेर दृश्य र संवाद हटाई चलचित्र प्रदर्शन गरियो ।

• सेन्सर बोर्डले चलचित्र फैसलामाथि पनि औंला ठड्यायो । नायिका ऋचा घिमिरेले बढी एक्सपोज गरेको भन्दै बार्डले उक्त चलचित्र हेर्न सोह्र वर्ष मुनिकालाई प्रतिबन्ध लगायो । सेन्सरको उक्त प्रतिबन्ध चलचित्र निर्देशक मदन घिमिरे र नायिका ऋचा घिमिरे दुवैले मन पराएनन् । उनीहरूका अनुसार दर्शकले पनि सेन्सरको प्रतिबन्ध स्वीकार गरेनन् ।

• निर्माता राजकुमार राईले चलचित्र निर्माता संघ, निर्देशक समाज र कलाकारसंघ विरुद्धको मुद्दामा जित हात पारे । चलचित्र निर्माण गर्न विकास बोर्डले इजाजत लिए पुग्ने कुरा सर्वोच्च फैसला गरेको थियो । त्यसअघि विकास बोर्डको साथै निर्माता संघ, निर्देशक समाज, कलाकार संघलगायत संघबाट निर्माण इजाजत नलिई चलचित्र निर्माण गर्न पाइँदैनथ्यो ।

• मुद्दा जितेर हौसिएका राजकुमार राईले आफ्नै अध्यक्षतामा अर्को निर्माता संघ गठन गरे । राष्ट्रिय चलचित्र निर्माता संघ नाम राखिएको उक्त संघमा सक्रिय चलचित्र निर्माताहरू छन् । यसअघि चलचित्र निर्माता संघ चलचित्र क्षेत्रको सबैभन्दा शक्तिशाली संघ मानिन्थ्यो । पुरानो निर्माता संघको नेतृत्व अशोक शर्माले गरेका छन् ।

• पुराना नायक भुवन केसी र चल्तीका नायक निखिल उप्रेतीबीचको जुहारी पनि चर्चामा रह्यो । भुवनले निर्माण गर्ने चलचित्र 'तिमीबिना मरिहाल्छु' मा अनुबन्धित नायक निखिल उप्रेती, उक्त चलचित्रमा नरहने भएपछि जुहारी सुरु भएको थियो । भुवनले भने, 'मैले निखिललाई निकाले हुँ ।' निखिलले प्रतिउत्तरमा भने, 'मैले नै छोडेको हुँ ।'

• राम्रो अभिनय गर्ने नायकका रूपमा परिचत दिलीप रायमाझी वर्षभरि चर्चामा रहे । उनी कलियुगका कृष्णका रूपमा बढी चर्चित भए । नायक रायमाझीको नाम एक नायिकासँग जोडिइरह्यो । कतिपयले त नायक भुवन केसीलाई दिलीपले जिते पनि भने ।

• चलचित्र कागबेनीका लागि नायिका दिया मास्के र नायक सौगात मल्लबीचको चुम्बन दृश्य चर्चामा रह्यो । फरक धारको चलचित्र कागबेनीमा यी दुईले दिएको चुम्बन दृश्यले आम व्यावसायिक चलचित्रलाई पनि माथ गरेको विश्लेषण गरियो ।

• निर्देशक दीपक श्रेष्ठ र नायिका युना (यमुना) उप्रेतीबीचको सम्बन्धले पनि अखबारका पाना रंगिए । युनालाई दीपकले पर्खिबसेबाट ब्रेक दिए अनि चलचित्र त्रिशूलमा पनि मुख्य भूमिकाका लागि उभ्याए । तर पर्सिबसेबाट ब्रेक पाएका राज वल्लभलाई भने उनले अरू चलचित्रका लागि सम्झिएनन् । दीपक र युनाको निकटतालाई पनि धेरैले कथा बनाए ।

• राजनीतिमा जस्तै केही कलाकर्मी गाली गलौजमा उत्रिए । यो अभियानमा निखिल उप्रेती, रेखा थापा, अशोक शर्मा र राजकुमार राई अगाडि देखिए । निखिल र रेखाबीचको आरोप प्रत्यारोप चर्चामा रह्यो भने अशोक र राजकुमार राईबीच पनि निकै भनाभन पऱ्यो । चलचित्र निर्माता संघ फुटाउन युवराज लामाको हात रहेको तर्क अशोक शर्माले गरिरहे भने शर्मा विदेशी चलचित्रको पक्षमा रहेको आरोप विभिन्न चलचित्रकर्मीले लगाइरहे ।

### व्यावसायिक रूपमा सफल मानिएका चलचित्र

| चलचित्र | निर्देशक | मुख्यकलाकार |
|---|---|---|
| किस्मत | उज्वल घिमिरे | विराज भट्ट, रेखा थापा |
| देबरबाबु | ज्ञानेन्द्र देउजा | विराज भट्ट, रेखा थापा |
| फैसला | मदन घिमिरे | राजेश हमाल, रेखा थापा |
| दोबाटो | दयाराम दाहाल | राजेश हमाल,रेखा थापा |
| दाइको ससुराली | दिनेश डिसी | निखिल उप्रेती, सञ्चिता लुइँटेल |

स्रोत : चलचित्र प्रदर्शकहरू

# सेलिब्रेटी विवाहको वर्ष



विभिन्न क्षेत्रका स्थापित व्यक्तिहरूले वैवाहिक जीवनमा प्रवेश गर्ने क्रम बितेको वर्षझैं वर्ष २०६४ मा पनि कायमै रह्यो। संगीत, अभिनय, सञ्चार, फेसन आदि क्षेत्रका हस्तीहरूको विवाह प्रसंगले सञ्चार माध्यममा प्रशस्तै चर्चा पायो। बलिउडमा सबैभन्दा चर्चाको विषय बनेको बिग बी पूत्र अभिषेक बच्चन र पूर्व विश्वसुन्दरी ऐश्वर्या रायको विवाह भएको लगभग उस्तै समयमा वैशाख महिनाको लगनको साइतलाई सदुपयोग गर्दै मिस नेपाल- २००४ प्रतियोगिताकी फस्ट रनरअप तथा मोडल सराह गुरुङको जापानी युवक स्काइ तेत्सु तथा प्रतिष्ठित उद्योगपति विनोद चौधरीका छोरा निर्वाण चौधरीको ख्यातिप्राप्त भारतीय उद्योगपति अशोक मित्तलकी छोरी स्वास्तीसँग सम्पन्न भयो। हिन्दू संस्कार बमोजिम जापानी युवक स्काइले सुन्दरी सराहलाई आफ्नी धर्मपत्नी बनाएका थिए। र्‍याडिसन होटलमा केक काटेर विवाह भोजमा आमन्त्रित सबैका सामु अधर चुम्बन गर्दै उनीहरूले एक-अर्कामा समर्पित भएको प्रमाण दिएका थिए।

निर्वाण चौधरीको विवाहको तामझाम भने बेग्लै थियो। विवाह अगावै वैवाहिक समारोहका बारेमा जानकारी दिन निर्वाण-स्वास्ती डटकम शीर्षकको एउटा वेबसाइट नै तयार गरिएको थियो। भारतको रमणीय समुन्द्री तट गोवामा निर्वाण र स्वास्तीको विवाह सम्पन्न भएको थियो। विवाहभोज भने काठमाडौंस्थित ह्यात होटलमा दिइएको थियो। पाँच दिन विवाह भोजको कार्यक्रममा भोजस्थललाई 'मिनी राजस्थान' को स्वरूपमा सजाइएको थियो।

वर्ष २०६३ को फागुन महिनाको पहिलो साता चलचित्र, टेलिचलचित्रकी नायिका एवं इमेल च्यानलकी कार्यक्रम प्रस्तोता कृति भट्टराईले सञ्चारकर्मी रवि श्रेष्ठसित विवाह गर्ने पक्कापक्की गरेकी थिइन्। त्यसको ठीक चार महिनापछि असारको पहिलो साता रविले कृतिलाई आफ्नो घर भित्र्याए। नेवार युवक र क्षेत्री युवतीबीच अन्तरजातीय विवाह भएकाले विवाह दुवै संस्कार अनुरूप सम्पन्न गरिएको थियो। नेवारी परम्पराअनुसार 'दुफांगा'...भनिने कपडा राखेर, कारको अघिअघि ठूलो आकारको मैनबत्ती बालेर रविले जन्ती पछि लगाउँदै कृतिलाई अन्माएर लगेका थिए। जन्तीको स्वागत, विवाह संस्कार भने ब्राह्मण-क्षेत्रीको जस्तो गोढा धोएर अग्निलाई साक्षी राखी गरिएको थियो।

भदौ महिनाको पहिलो सातामा भने नेपाली फुटबल चर्चित खेलाडी एवं मनाङ-मर्स्याङ्दी क्लबका मिड फिल्डर वसन्त गौचन विवाह बन्धनमा बाँधिए। करिब आठ वर्षको प्रेमसम्बन्धपछि वसन्त गौचन र वास्ना गुरुङले गत भदौ ५ गते काठमाडौंको रानीबारीस्थित रानीदेवी मन्दिर परिसरमा आफ्नो लामो प्रेमसम्बन्धलाई वैवाहिक जीवनमा रूपान्तरण गरे। यसैगरी चर्चित पप गायक अनिल सिंहले भदौ महिनामै आफ्नो पाँच वर्ष लामो श्रीती कंसाकारसितको प्रेम सम्बन्धलाई ह्याप्पी इन्डिङ गरे।

ढाकाको लबेदा-सुरुवालमा पटुका कसी खुकुरी भिरेका पाल्पाली ढाकाटोपीमा ठाँटिएका अनिलले भद्रकाली मन्दिर परिसरमा पारिवारिक सदस्यहरूका साथ दुलहीको पहिरनमा सिंगारिएकी श्रीती कंसाकारलाई हिन्दू संस्कार अनुसार आफ्नो जीवनसंगिनी बनाए। श्रीतीको अनिलसितको भेट प्रशंसकका रूपमा भएको थियो। 'परी' को म्युजिक भिडियोमा अनिलकै अनुरोधमा मोडल बनेकी श्रीतीलाई गीतको छायांकनका क्रममा अनिलले प्रपोज गरेका थिए। श्रीतीको मन अनिलतर्फ ढल्किसकेकाले उनले अनिलको प्रेमप्रस्ताव स्वीकार गरेकी थिइन्।

दसैंको मौसमताका प्रथम मिस वर्ल्ड नेपाल, नायिका एवं मोडल झरना बज्राचार्यको विवाहको खबर सञ्चारमाध्यमहरूमा आयो। झरनाले लन्डनमा व्यवसाय गरिरहेका ४० वर्षीय वारेन करसँग 'इन्गेजमेन्ट' गरेकी थिइन्। झ्याइँ पार्ने मौसमका रूपमा परिचित मंसिर महिनामा लगन जुराउने सेलिब्रेटीहरू पनि उत्तिकै देखिए। नयाँ नेपालको नयाँ राष्ट्रिय गान 'सयौं थुँगा फूलका हामी...' का रचनाकार ब्याकुल माइलाको जीवनमा पनि नयाँ परिवर्तन आयो, यो लगनको मौसममा ओखलढुंगाका ब्याकुल माइला अर्थात् प्रदीपकुमार राईले खोटाङकी नानुकला राईसँग वैवाहिक सम्बन्ध



कायम गरे।

चिनजान भएको ६ महिना नबित्दै अध्ययनका क्रममा धरानमा रहेकी नानुकलालाई कानुन व्यवसायीसमेत रहेका सर्जक ब्याकुल माइलाले मागी विवाह गरेका हुन्। यसैगरी हङकङमा रहेर नेपाली मोडलिङ तथा फेसनको विस्तारमा लागेकी मिस हङकङ २००० की विजेता ममिता गुरुङ पनि वैवाहिक जीवनमा प्रवेश गरिन्। धरान स्थायी घर भएकी ममिता हङकङ बसोबास गर्दै आएकी पहिलो मिस्टर हङकङ रोशन लिम्बूसँग नेपाल आउने क्रममा धरानमा एक कार्यक्रमका बीच वैवाहिक सूत्रमा बाँधिएकी हुन्। उनीहरूबीच अन्तर्जातीय प्रेम विवाह भएको।

मंसिर महिनाको लगनमा झ्याइँ पार्ने अर्का गायक हुन् राजीव लोहनी। 'बलेको आगो, जलेको प्रेम... गीतबाट चर्चा कमाएका राजीवको 'फूल रोज्दा काँडा पाएँ... गीतका लागि मोडल बनेकी नेहा पाण्डे नै उनको जीवन संगिनी बनिन्। गत माघ महिनामा लगन जुर्‍यो नायिका बिपना थापाको। पछिल्लो समयमा अभिनयभन्दा फेसन डिजाइनिङमा व्यस्त नायिका थापाले दिल्ली निवासी आशुतोष भारद्वाजलाई आफ्नो वरको रूपमा रोजेकी हुन्।

भारतको मथुरास्थित होटल शीतल प्यालेसमा बिपनाले आशुतोषलाई वरमाला र औंठी लगाइदिएर जीवनसाथी स्वीकार गरेकी छिन्। बिपना र आशुतोषको विवाह आगामी वैशाख महिनामा हुँदैछ। सेलिब्रेटीको प्रेमसम्बन्ध विवाहमा परिगण हुने क्रममा प्रकाश कोइराला तथा सुषमा कोइरालाका सुपुत्र एवं अभिनेत्री मनिषा कोइरालाका भाइ सिद्धार्थ कोइरालाको प्रेम प्रसंग पनि गत माघ मिहनामा विवाहमा परिणत भयो। हिन्दू परम्परा अनुसार होटल सोल्टी परिसरमा सिद्धार्थले काजकिस्तानकी युलिया बेकिनोभालाई आफ्नी दुलही बनाए। विवाहको भव्य रिसेप्सन पार्टी होटल सोल्टीमै दिइएको थियो। जसमा नेपाली चलचित्रकर्मी, कलाकर्मी विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्ति लगायत राजनैतिक नेता एवं राजपरिवारका केही सदस्यहरू समेतको उपस्थिति थियो।

उल्लेखित विवाह प्रसंगका अतिरिक्त वाचन शिरोमणि नारायणप्रसाद पोखरेलका पुत्र कथा वाचक दिनबन्धु पोखरेल, चर्चित हास्य श्रृंखला तीतो सत्यमा दीपकराज गिरीको सालोको चरित्र निर्वाह गर्ने निराजन सिग्देल, निर्देशक महेन्द्र बुढाथोकी, पूर्व मोडल एवं कोरियोग्राफर सञ्जित श्रेष्ठ, पूर्व मिस भक्तपुर एवं कोरियोग्राफर निता मकाजु, मोडल विजेता प्रजापति, मोडल एवं अभिनेत्री भिन्तुना जोशी, एनटिभी- २ का कार्यक्रम निर्माता नवीन जोशी आदि पनि यही वर्ष विवाह बन्धनमा बाँधिए।

–रोजिन शाक्य

# रिमोट अब स्वदेशी च्यानलतिर

सुव्रत आचार्य

किस्तामा टेलिभिजन किनेर भए पनि धेरै नेपालीको घरमा टेलिभिजन सेट पुगेका छन्। हुनेखानेहरूको घरमा कोठैपिच्छे टेलिभिजन सेट देख्न



सकिन्छ। केही वर्षयता नेपालमा टेलिभिजनका दर्शक बढेका छन्। विगत आधा दशकमा नेपालमा आधा दर्जन टेलिभिजन च्यानल सञ्चालनमा आए। जसले सरकारी स्वामित्वको च्यानल नेपाल टेलिभिजनका दर्शकलाई आफूतिर ताने। केबुल सञ्चालन गर्नेहरूको आ-आफ्नै च्यानल पनि सञ्चालन भैरहेका छन्। ०६४मा नेपाली च्यानल कार्यक्रमहरूलाई भारतीय च्यानलका कार्यक्रमहरू लोकप्रियताले थिचे पनि केही कार्यक्रमले भने स्वदेशी दर्शकको ध्यान आफूतिर तानिरहे। केही वर्षयता भारतका च्यानलहरूबाट करोडौं खर्च गरी प्रसारण गरिएका संगीतका कार्यक्रम तथा धारावाहिकहरूका नेपाली दर्शक नेपाली च्यानलहरूबाट प्रसारण भएका कार्यक्रमहरू हेर्न रिमोट कन्ट्रोल दबाउन बाध्य भएका छन्।

## हास्यश्रृंखलाकै बहार

विगत केही वर्षदेखि नेपाली टेलिभिजन च्यानलहरूमा हास्य कार्यक्रमहरू प्रसारण गर्ने क्रम बढिरहेको छ। हास्य श्रृंखलाहरूले लोकप्रियता पनि पाइरहेका छन्। 'तीतो सत्य'मा दीपक र दीपाको रमाइलो वार्तालाप होस् वा बेइमानको धुत्र्याइँ, 'मेरी बास्सै'मा धुर्मुस र सुन्तु होस् कि बान्द्रे र माग्नेबूढा, 'घरभेटी बा'मा जेम्स र शम्भुबीचको खिचातानी वा घरभेटी बाको युवतीहरूप्रतिको आकर्षण यस्ता अनेकौं हास्य 'सिक्वेन्स'हरूले दर्शकलाई मनोरञ्जन दिइरहे। हास्यश्रृंखलाहरूको लोकप्रियताले टेलिभिजन च्यानलहरूमा त्यस्ता कार्यक्रम निर्माण एवं प्रसारणको क्रम बढ्यो। दर्शकले समाचारमूलक कार्यक्रमभन्दा हास्य कार्यक्रम हेर्नमै जोड दिए। मिडिया हबले नेपाल टेलिभिजनमा प्रस्तुत गरेका हास्य श्रृंखलाहरूमा प्रायः सबैले दर्शकको मन जितेका छन्। ती हास्य श्रृंखलाकै कारण दर्शकले नेपाल टेलिभिजन हेरिरहे। 'तीतो सत्य'को चर्चा र दर्शक यो वर्ष ज्यूँका त्यूँ रहे भने सीताराम कट्टेल र केदार घिमिरेले निर्देशन गरेको 'मेरी बास्सै' पछिल्लो समयमा 'तीतो सत्य'को नजिकको प्रतिस्पर्धी भएर देखिएको छ। इमेज च्यानलबाट प्रसारित नेवारी भाषाका हास्य श्रृंखलाहरू 'समेबजी' र 'खोट्टाबजी'ले उपत्यकाका दर्शकको मन जितेका छन्। प्रायः सबै च्यानलले हास्य श्रृंखलाहरूको प्रसारणमा जोड दिए पनि सबैले चर्चा पाउन सकेका भने छैनन्।

## कम रहेनन् संगीतका कार्यक्रम

अबको विश्वमा गीत सुन्नेभन्दा हेर्ने कुरा भएको छ। जुन गीतको म्युजिक भिडियो बनेको हुन्छ, त्यही गीत चर्चामा रहन्छ। यो कुरा नेपालमा पनि लागू भएको छ। संगीतको बजार सुस्त भए पनि म्युजिक एल्बम निस्कने क्रम तीव्र भइरहेकाले म्युजिक भिडियोहरूको निर्माण पनि बढेको छ। यसै कारणले टेलिभिजन च्यानलहरूमा म्युजिक भिडियो प्रसारण गर्ने कार्यक्रमहरूले चर्चा पाइरहे। त्यसमा पनि प्रत्यक्ष प्रसारणमा दर्शकले रोजेका म्युजिक भिडियो प्रसारण गरिने कार्यक्रमले तन्नेरी दर्शकलाई नेपाली च्यानल हेरिरहन बाध्य तुल्याए। कान्तिपुर टेलिभिजनको 'कल कान्तिपुर'लाई 'कल कान्तिपुर रिलोडेड' नामकरण गरी एक घण्टाबाट डेढ घण्टा बनाइयो। उक्त कार्यक्रमका सञ्चालक सुरजसिंह ठकुरी 'सेलिब्रेटी भिजे' बनिरहे। कार्यक्रमकी सञ्चालिका माल्भिका सुब्बाले वर्षको अन्त्यतिर टेलिभिजन च्यानलबाट राजीनामा दिएपछि अचेल सुरज एक्लिएका छन्। इमेज च्यानलको त्यस्तै प्रकृतिको कार्यक्रम 'म्युजिक अफ योर च्वाइस' पनि चर्चामा रह्यो। उक्त कार्यक्रमका निर्माता एवं एक सञ्चालक आसिफ शाहले यसै वर्ष इमेज च्यानलबाट राजीनामा लिए। नेपाल टेलिभिजन- २ मा पनि त्यही प्रकृतिको कार्यक्रम 'डायल द नम्बर' प्रसारण भैरहेको छ, जसलाई सोनामले सञ्चालन गर्छन्। नेपाल-१ टेलिभिजनमा पनि हरेक साँझ 'हेलो नेपाल' प्रसारण हुने गरेको छ।

## टक सोका कुरा

०६४मा टेलिभिजन च्यानलहरूका टक सोहरूले आमदर्शकमा खासै प्रभाव पार्न सकेनन्। नेपाल टेलिभिजनका कुनै पनि टक सो दर्शकलाई सम्झना छैन। नेपाल-१ टेलिभिजनबाट प्रसारण हुने टक सोमध्ये राजेन्द्र सलभले सञ्चालन गर्ने 'हाकाहाकी' तथा सुमित शर्माले सञ्चालन गर्ने 'फेस द नेशन'ले केही मात्रामा गहन विषय पस्किए। कान्तिपुर टेलिभिजनको सोमबारे टक सो 'फायर साइड'मार्फत सञ्चालक भूषण दाहालले आफ्नो प्रभाव प्रस्तुत गरिरहे भने 'बहस' बाट सञ्चालक इन्द्र लोहनी आफ्नो खरो प्रश्नबाट चर्चामा रहे। च्यानल नेपालमा गोकर्ण खतिवडाले सञ्चालन गर्ने टक सो 'प्रश्न'को सम्भावना राम्रो हुँदाहुँदै पनि उक्त च्यानल पछिल्ला केही समययता स्याटेलाइटबाट मेट्रो च्यानलसरह हुन पुगेकाले चर्चित हुन सकेन।

## समाचारमूलक च्यानल

यसै वर्षबाट सञ्चालनमा आएका समाचारमूलक च्यानलहरू एभिन्युज र सगरमाथामा कसले पहिले 'ब्रेकिङ न्युज' दिने प्रतिस्पर्धा चलेको प्रस्ट देखियो। प्रायः राजनैतिक समाचारमा केन्द्रित हुने गरे पनि समाचारमूलक ती च्यानलहरूले जनचासोका समाचारहरू पनि प्रसारण गर्न पछि परेनन्। एभिन्युजका दुई कार्यक्रम 'खबरभित्रको खबर' र 'अफ द बिट' चर्चामा रहे। यसका साथै कान्तिपुर टेलिभिजनबाट हरेक राति दस बजे जनचासोका विषयलाई खोजेर प्रसारण गरिने कार्यक्रम 'कान्तिपुर आज'ले पनि दर्शक कमाइरहेको छ।

## रियालिटी सो

विदेशी च्यानलहरूमा रियारिटी सोको बाढी उर्लेको बेला नेपाली च्यानलहरू पनि कसरी पछि रहन सक्थे र ? पहिलो नेपाली ताराबाट राम्रो प्रतिक्रिया पाएर उत्साहित नीलबाराही फिल्म्सले यो वर्ष पनि नेपाली तारा-२ लाई व्यापक प्रचार-प्रसारका साथ प्रसारणमा ल्यायो। भारतमा इन्डियन आइडल र त्यसमा सहभागी प्रशान्त तामाङप्रति नेपाली दर्शकको सम्मोहनका कारण सुरुवातमा चर्चामा आउन नेपाली ताराका श्रृंखलाहरूलाई अप्ठेरो परे पनि पछि गएर दर्शकहरूले उक्त कार्यक्रमलाई रुचाए। नेपाल टेलिभिजनमै आउन थालेको 'ब्यान्ड भास्कर' नामक अर्को कार्यक्रम भने दर्शकले रुचाएनन् र बीचैमा बन्द भयो। इमेज च्यानलमा भने गायन प्रतिभाको छनौट गर्ने अर्को कार्यक्रम 'साउथ एसियन स्टार'ले आगामी वर्षसम्ममा व्यापक चर्चा पाउने संकेत देखाएको छ। नेपाल टेलिभिजन-२ मा नृत्य प्रतिस्पर्धाको कार्यक्रम 'घिन्ताङ'ले पनि चर्चा पाइरह्यो।

### बर्षका चर्चित टेलिभिजन कार्यक्रम

| | |
|---|---|
| तीतो सत्य | नेपाल टेलिभिजन |
| कान्तिपुर आज | कान्तिपुर टेलिभिजन |
| अफ द बिट | एभिन्युज |
| मह चौतारी | कान्तिपुर टेलिभिजन |
| मेरी बास्सै | नेपाल टेलिभिजन |
| द पवनकली सो | कान्तिपुर टेलिभिजन |
| नेपाली तारा २ | नेपाल टेलिभिजन |
| कल कान्तिपुर | कान्तिपुर टेलिभिजन |
| जिरे खुर्सानी | नेपाल टेलिभिजन |
| साउथ एसियन स्टार | इमेज च्यानल |





# वर्ष २०६४ का सेलेक्टेड मोडलहरू







र्‍याम्पमा मोडलिङ गतिविधि, विशेषतः फेसन सोहरूमा सुस्तता आएको महसुस गरियो। तथापि म्युजिक भिडियो र विज्ञापन मोडलिङतर्फ भने स्थापित एवं नयाँ अनुहारहरूले चर्चा एवं प्रसिद्धिसँगै व्यावसायिक सफलता पनि आर्जन गरेको देखिन्छ।

वर्ष २०६४ मा मूलतः म्युजिक भिडियोतर्फ भने नोयो सिंह, पूजा लामा, हेमा श्रेष्ठ, विनिता बराल आदिको उपस्थिति उल्लेख्य रह्यो। दृश्य मोडलिङमा स्थापित अनुहारका रूपमा चिनिएका नोयो सिंहको उपस्थिति रहेको प्रायः सबै भिडियोले चर्चा बटुले। यस वर्ष उनी गायक सुनिल कर्माचार्यको 'भुमो भुमो...', सब्बु थापाको 'वनकाली माई....', रेखा शाहको 'सिमसिमे पानी....', विजय लामाको 'सुनको चुरा....', सिसाज ब्यान्डको 'किन दुख्छ....' आदि भिडियोका अतिरिक्त वेब म्यागजिनको कभर गर्लका रूपमा पनि फिचर भइन्। अभिनेता दिनेश डीसीसितको अफेयरका कारण सञ्चारमाध्यमहरूमा छाइरहेकी मोडल एवं अभिनेत्री पूजा लामा पनि यस वर्ष म्युजिक भिडियोहरूमा उत्तिकै छाइन्। धीरज राई, राजु गुरुङ, रिजा उप्रेती आदिका गीतका भडियोलगायत आधा दर्जन भिडियोमा उनको अभिनय र सुन्दरता कैद भयो।

मिस नेपाल-२००५ की प्रतियोगीसमेत रहिसकेकी हेमा श्रेष्ठको चर्चा पनि उत्तिकै रह्यो। आगन्तुक खरेलको 'वनमा फुल्यो फूल...' भिडियोबाट परिचित हुन पुगेकी हेमा पछिल्लो समयमा अञ्जु पन्तको 'माइती घर...' भिडियोका कारण बढी चर्चामा छिन। त्यसका अतिरिक्त 'सिन्धुली गढी तरेर....' 'किन दुख्छ....', 'माया ओ मेरी माया...' आदि भिडियोबाट पनि उनलाई त्यत्तिकै सफलता मिलेको देखिन्छ। स्याम्पु र पेय पदार्थको विज्ञापनमा समेत छाएकी हेमाले वर्षको अन्ततिर चीनमा सम्पन्न मिस टुरिज्म क्विन इन्टरनेसनल-२००८ प्रतियोगितामा नेपालका तर्फबाट प्रतिनधित्व गरिन्। वर्ष २०६४ मा भिडियो मोडलका रूपमा परिचय बनाउने अर्की मोडल हुन विनिता बराल। द र्‍याम्पबाट क्याटवाक प्रशिक्षण लिएकी विनितालाई गायक बाबु बोगटीको 'जमुना....' भिडियोबाट बढी चिनिन्छ। जबिकको 'मेरो हिजोआज....', मोहित आचार्यको 'छ्हारी भइ....' राम लक्ष्मणको 'नजाऊ मायालु....' आदि गीतका भिडियोमा पनि फिचर भएकी छिन् विनिता। साप्ताहिकको मध्यपृष्ठको शोभा बढाइसकेकी विनिताका आकर्षक तस्बिर नेटनशा डटकममा पनि हेर्न सकिन्छ।

स्थापित मोडलहरूको सूचीमा पर्ने निशा अधिकारी र नम्रता श्रेष्ठको सक्रियता र चर्चाले पनि निरन्तरता पायो वर्ष २०६४ मा। भिडियो र विज्ञापन मोडलिङमा सक्रिय रहनुका अतिरिक्त निशा केटीभीको 'घरबेटी बा'को निरन्तरतासँगै 'क्याफे कान्तिपुर, संस्कार श्रृंखलामा समेत देखिएकी छिन। उता नम्रता भने आलोक नेम्वाङ निर्देशित चलचित्र 'सानो संसारमा' नायिका बन्न पुगिन्। यसका साथै नम्रता नायिकाकै रूपमा चलचित्र 'मेरो एउटा साथी छ' मा पनि प्रस्तुत भएकी छिन। मिस तामाङ-२००५ को मुकुट पहिरिएकी जेनिसा मोक्तान पनि चर्चामा रहिन् वर्ष २०६४ को मोडलिङ वृत्तमा। रेश्मा सुनवारको 'मै ठूली भएछु रे...' गीतले जेनिसालाई विशेष चर्चा दिलायो। यसका अतिरिक्त राम-लक्ष्मण, भरत सिटौला आदिका गीतका भिडियोमा पनि उनी देखा परिन्। केटीभीको 'घरबेटी बा' श्रृंखलामा पनि उनको संलग्नता रह्यो।

'मिस टुरिज्म क्विन इन्टरनेशसल नेपाल- २००७' प्रतियोगिताकी सहभागी सिमला रायमाझी साइवर संसारमा फिचर भएपश्चात चर्चामा आउन थालिन्। नवप्रवेशी मोडलहरूमा उनको सम्भावना पनि देखियो। यस वर्षमा उनी दुई पटकसम्म ईसीएस लिभिङ म्यागजिनको कभर गर्लका रूपमा फिचर भइन्। माउन्ट ८८४८ को 'मस्की-मस्की....' भिडियोबाट पनि उनलाई फाइदा पुगेको देखिन्छ। उल्लेखित नामका अतिरिक्त छोटो समयमै दर्शी श्रेष्ठ, रिमा दाहाल, अनिशा थापा, कल्पना श्रेष्ठ, संजिता गुरुङ, शशी खड्का, कुन्छाङ मोक्तान, अनु ओझा, बन्दना शर्मा आदिको पनि सक्रियतासँगै चर्चा हुन थालेको देखियो।

पुरुष मोडलतर्फ भने चर्चा र सफलताको शिखरमा जीवन लुईँटेल अग्रपंक्तिमा देखिए। सन् २००२ मा मिस्टर नेपाल उपाधि विजेता जीवनले म्युजिक भिडियो र विज्ञापन मोडलिङमा राम्रै उपस्थिति जनाए। यसै वर्ष लुईँटेलद्वारा अभिनीत चलचित्र 'घातक' पनि प्रदर्शनमा आयो भने उनले आलोक नेम्वाङद्वारा निर्देशित 'सानो संसार' मा पनि नायक हुने अवसर पाए। पछिल्लो समय 'फ्रेसो मिन्ट' र मेरो मोबाइलको टेलिविज्ञापनबाट चर्चा कमाइरहेका जीवनले डीजे एल एक्सका रिमिक्स गीतका भिडियोका अतिरिक्त करिब आधा दर्जन भिडियोमा पनि मोडलिङ गर्न भ्याएका छन्। चलचित्र 'सानो संसार' मै नायक बनेका मोडल विनय श्रेष्ठको मोडलिङतर्फको सक्रियता भने सामान्य रह्यो। पुरुष फेसनशैलीमा विशेष फर्मल एवं सेमिफर्मल सर्टहरूमा लोकप्रियता कमाइरहेको 'स्प्रिङउड' ब्रान्डको ब्रान्ड मोडलका रूपमा फिचर भएका मनीष श्रेष्ठ पनि यस वर्ष चर्चामा रहे। ड्रिम्स अनलिमिटेडमार्फत उक्त विज्ञापनमा मोडलका रूपमा फिचर भएपश्चात् चर्चित हुन पुगेका मनीष पछिल्लो समयमा अल्टिमेट डेकोरको छापा विज्ञापनमा समेत फिचर भएका छन्।

विगतका वर्षमा म्युजिक भिडियोमा वर्चस्व कायम गरेका आमिर गौतम 'मिशन पैसा'मा र राज बल्लभ 'पर्खी बसें' नामक चलचित्रमा नायक भएपछि भने एकाध म्युजिक भिडियोमा बाहेक दृश्य मोडलिङमा सक्रिय देखिएनन्। अर्का मोडल राज घिमिरे च्यानल नेपालको कार्यक्रम प्रस्तोता भएपश्चात् भिडियो मोडलिङतर्फ त्यति क्रियाशील देखिएनन्। तथापि राज अभिनीत सब्बु थापाको 'वनकाली माई...' गीत चर्चामा रह्यो। मिस्टर युनिभर्सिटी इन्टरनेशनल- २००७ को उपाधि जितेका नीरज बरालले केही म्युजिक भिडियो र विज्ञापनमा उपस्थित जनाए वर्ष २०६४ मा तर उल्लेखनीय उपस्थिति भने 'कुसुमे रुमाल-टु' मा रह्यो। उनी यो चलचित्रमा नायक बनेका छन् भने उनलाई मोडल एवं अभिनेत्री उषा रजकले साथ दिएकी छिन्। अन्य पुरुष मोडलहरूतर्फ वसन्त थापा, अमित पोखरेल, निकोलस पाण्डे, मञ्चिन शाक्य, निशान्त विष्ट, रोशन राई आदिको सक्रियता बढी देखियो वर्ष २०६४ को मोडलिङ वृत्तमा।

**–रोजिन शाक्य**

# चलचित्रकर्मीका आँसु र पीडा



दुःखको होस् वा सुखको समय, त्यो सधैं कायम रहँदैन। २०६४ साल सकिएर अब हामी नयाँ वर्ष अर्थात् २०६५ सालमा प्रवेश गर्न लागेका छौं। यति बेला सबैमा नयाँ वर्ष नयाँ उमंग नयाँ जोस र जाँगर उत्पन्न हुन्छ, तर यो नयाँ वर्षमा पुरानो वर्षले दिएको तीता-मीठा अनुभव पनि सम्झनाका रूपमा साथै रहन्छ। धेरैलाई २०६४ सालले खुसी र मीठा सम्झना दिएर बिदा भएको छ भने कैयौंलाई पीडा र दुःख पनि दिएको छ। यस्तै २०६४ सालले दिएका सुख र दुःखका अनुभव हाम्रा कलाकर्मीहरूमा पनि छ।

गायक सत्यराज आचार्यका लागि यो वर्ष दुःखद घटना दिएर बित्यो। उनलाई यो वर्ष अर्थात् २०६४ को अन्त्यमा पत्नीशोक पर्‍यो। २०६३ साल फागुनमा सत्यराजसँग वैवाहिक सम्बन्धमा बाँधिएकी गीताको २०६४ साल फागुन महिनामा नौ महिनाको गर्भ अवस्थामा सत्यको जीवन साथै यो संसारबाट बिदा लिइन्। जसका कारण सत्यले एकैसाथ श्रीमती तथा सन्तानशोक सहनुपर्‍यो।

त्यस्तै २०६४ सालमा कलाकर्मीहरू जति वैवाहिक सम्बन्धमा गाँसिएको खबर सुन्न र पढ्न पाइयो, त्यति नै सम्बन्धविच्छेदको खबर पनि। यो वर्ष विशेष गरेर जति नायिकाहरूको सम्बन्धविच्छेदको खबर जनमानसमा आयो त्यति अघिल्ला वर्षहरूमा सायदै सुन्न र पढ्नमा आयो।

चलचित्र अप्सराबाट चलचित्रक्षेत्रमा प्रवेश गरेकी नायिका सञ्चिता लुइँटेलको सात वर्ष लामो वैवाहिक जीवनमा यो वर्ष अर्थात् २०६४ सालमा आएर पूर्णविराम लाग्यो। प्रायः कुशल गृहिणीको भूमिकामा देखिने सञ्चिताको वास्तविक गृहस्थीमा भने भूकम्प आयो। अपरिपक्व उमेरमा आकाश शाहसँग प्रेमविवाह गरेकी सञ्चिताले आफ्नो भावी जीवन आकाशसँग राम्रोसँग बित्न नसक्ने ठहर गरेर सम्वन्धविच्छेद गर्ने निर्णय गरिन्। परिवारसँग विद्रोह गरी २०५७ सालमा अन्तर्जातीय विवाह गरेकी सञ्चिताले मानसिक पिडा खप्न नसकेका कारण सम्बन्धविच्छद गर्ने निर्णय लिएको बताइन्। २०५७ सालमा सफल भएको आकाश र सञ्चिताको प्रेमको अन्त्य २०६४ सालमा भयो।

नेपाली चलचित्रमा आफ्नो जादु चल्न छाडेपछि अमेरिकातिर प्रस्थान गरेकी नायिका जल शाहको वैवाहिक जीवनमा पनि तुषारो लाग्यो। अमेरिका पुगेर शरद रिमाललाई भेटेपछि २०६२ सालमा अमेरिकामा नै हिन्दू विधिअनुसार वैवाहिक जीवन प्रारम्भ गरेका जल र शरदको वैवाहिक जीवन धेरै समयसम्म सुखमय रहन सकेन, जसका कारण यी दम्पतीले छुट्टै बस्ने निर्णय गरे। छायाझैं साथ रहने जलकी आमाको छोरीको जीवनमा अनावश्यक हस्तक्षेपका कारण जल र शरदको दाम्पत्य जीवन टुङ्गिने मोडमा पुगेको हो।

केही वर्षअघि चलचित्रकर्मीको कुनै नकारात्मक कुरा बाहिर आयो भने त्यसको प्रभाव प्रत्यक्ष रूपमा आफ्नो पेसामा पर्छ भन्ने सोचाइका कारण उनीहरूका व्यक्तिगत कुरा यदाकदा मात्र सुनिन्थ्यो, तर अहिले समयका साथसाथै चलचित्रकर्मीहरूको सोचाइमा समेतमा आएको परिर्वतनका कारण चलचित्रका साथै उनीहरूका व्यक्तिगत कुरा पनि बाहिर आउन थालेका छन्, जसले उनीहरूलाई चर्चाको शिखरमा पुर्‍याउँछ।

२०६४ सालको अन्तिमतिर नायिकाहरूको सम्वन्धविच्छेदका समाचार प्रायः हरेक साता आइरह्यो। यस्तै समाचार चासो बनेका सानो पर्दाका दुई नायिकाको पनि सम्बन्धविच्छेद भयो। गहना टेलिचलचित्रबाट लोकप्रियता कमाएकी नायिका प्रिया रिजालले आफ्नो तीन वर्षको वैवाहिक जीवनलाई टुंगो लगाइन्। २०६१ सालमा दीपक नेपालसँग वैवाहिक जीवन प्रारम्भ गरेकी प्रियाले श्रीमान्ले आफूसँग पैसाका लागि मात्र सम्बन्ध जोडेको थाहा पाएपछि आफ्नो दुई वर्षीय छोरालाई च्यापेर दीपकलाई छोडिदिएकी छिन्।

नेपाल टेलिभिजनबाट प्रसारण हुने हास्य टेलिचलचित्र 'तीतो सत्य' मा गैंडाकी श्रीमतीको भूमिकामा देखिने नायिका सुस्मिता कार्कीको पनि सम्बन्धविच्छेद हुने भयो, तर अरू नायिका र उनको सम्बन्धविच्छेदको स्थिति भने केही फरक छ। अहिलेसम्म उल्लेख भएका सम्बन्धविच्छेदको पहल नायिकाहरूले नै गरेका थिए भने नायिका सुस्मिता कार्कीसँगको सम्वन्धविच्छेदको पहल गायक रोशन पराजुलीले गरे। २०६३ सालमा सुस्मितासँग वैवाहिक जीवन प्रारम्भ गरेका रोशनले आफ्नी श्रीमतीको अति महत्त्वकांक्षा र आफूप्रति शंका गर्ने बानीबाट दिक्क भएर सम्बन्धविच्छेद गर्ने निर्णय गरे। उनीहरू हाल अलग बसेका छन्। त्यस्तै नायिका सौजन्य सुब्बाले पनि सम्वन्धविच्छेद गरेकी छिन्। २०६२ सालमा सिरोज घिमिरेसँग प्रेमविवाह गरेकी सौजन्यले आफूहरूबीच उत्पन्न तनाव र श्रीमान्मा आफ्नो पेसाप्रतिको बढ्दो असन्तुष्टिका कारण अलग हुने निर्णयमा पुगिन र कानुनी रूपमा सिरोजसँग अलग भइन्।



# फेसन रिवाइन्ड २०६४

नियम र परिधि नहुनु नै फेसनको एक मात्र नियम हो । सोही अनुसार समय, मौसम र वातावरणका अतिरिक्त सहजता, सरलता तथा आरामका दृष्टिले पनि फेसन एवं स्टाइलले काँचुली फेरिरहेको हुन्छ । वर्ष २०६४ को फेसनशैलीमा लेयरिङको ट्रेन्ड बढी पपुलर रहयो । एथनिक वर्कको प्रधानता रहेको विभिन्न किसिमका लेयरिङ प्रयोग भएका इन्डो-वेस्टर्न टप एवं सुतीको आकर्षण बढेको देखियो । इम्ब्रोज्ड फ्लावर वर्क, बिड्स वर्क एवं विभिन्न स्टाइलका लेसको प्रचलन पनि उत्तिकै रह्यो । मिक्स एन्ड म्याच गरेर लगाउन मिल्ने जिन्स एवं कटन पाइन्टसित जोडा मिलाएर क्याजुएल एवं फर्मल लुक प्राप्त गर्न सकिने भएकाले कुर्तीप्रतिको आकर्षण पुनः बढेको देखियो । वर्ष २०६४ मा कटन कुर्तीका साथै सिल्क, सिफन, क्रेप, लिनेन आदिका कुर्तीको प्रचलन रह्यो । फेसन बजारमा फुल स्लिभ हाफ स्लिभ, क्वाटर, स्लिभ, वन-थर्ड क्वाटर स्लिभ एवं स्लिभलेस शैलीका विशेषगरी नेकलाइन एवं स्लिभ एरियामा विभिन्न वर्कबाट हाइलाइट गरिएका कुर्तीले प्रभाव जमाएको पाइयो ।

विश्व फेसन बजारमा स्कर्टको ग्ल्यामर कायमै रहे पनि इम्ब्रोइड्री गरिएका लङ स्कर्टको प्रभाव भने कम हुँदै गएको देखियो । फ्लोरल प्रिन्टका स्थानमा स्ट्राइप, सर्कल, ट्राएङ्गल आदि ग्राफिक एवं एब्सट्रयाक्ट प्रिन्टको क्रेज बढी देखियो । रंग चम्किलो भए पनि दृष्टिलाई प्रभावित नगर्ने प्रिन्ट एवं मोटिफको प्रयोग बढेको पाइयो । स्लिम लुकमा भने फिटिङ कट्स प्रचलन रह्यो । यो वर्षको फेसनमा सन् १९२० तिरको फेसन शैलीको प्रभाव पाइयो । टोगा टप्स, एसेमिट्रिकल एवं बबल स्कर्टका साथै पेन्सिल स्कर्टले फेसनेबल हुन चाहनेहरूको ध्यान आकर्षित गरेको देखियो । पोल्का डट्सको बहार पनि उत्तिकै रह्यो । इम्ब्रोइड्री, टेक्स्चर तथा लेयरिङ स्टाइलको चलन पनि उत्तिकै पाइयो । यसपटक सम्पूर्ण पहिरनभन्दा किनारा, गला, बाहुला, मोहता आदि छेउतिर इम्ब्रोइड्रीको प्रयोग बढेको देखियो । प्याचवर्क तथा ब्रोकेडको चलन पनि उत्तिकै रह्यो । सिलहुएट्समा भने ६० को दशकको शैलीले प्रभाव जमायो जसमा पहिरनको माथिल्लो भाग फिटेड शैलीको हुन्छ । भिक्टोरियन युगको छाप पनि विभिन्न पहिरन शैलीमा देख्न पाइयो । जस्तै- रफल नेकयुक्त ब्लाउज एवं अन्डर स्कर्ट, काउल नेक लाइन आदिका साथमा डेनिम मिनीस्कर्ट, स्टाइलिस क्रेपी, क्रस्ड स्कर्ट । जर्जेटको स्लिभ सर्टका साथमा साटन सिल्कको ट्राउजर, भेल्भेटको वेस्टकोटका साथमा जर्जेटको फुल स्लिभ सर्ट एवं स्कर्ट आदि । यिनका अतिरिक्त यो वर्षको फेसन शैलीमा राजसी ठाँटबाटँको प्रभाव पनि देखियो । जसमा पारम्परिकताका साथै वेस्टर्न स्टाइलको मिश्रण पनि समावेश थियो ।

वर्ष २०६४ मा फेसन संसारमा वर्षौंदेखि नारी व्यक्तित्वको अपरिहार्य शैलीका रूपमा पहिचान बनाएको साडीको प्रचलन सदाबहार रह्यो । साडीमा विशेषतः हल्का चम्किलो रंगको फेसनले बजार लिएको देखियो । तिनमा पनि रातो, गुलाफी, रानी, मजेन्टा, फुसिया, नीलो, पहेंलो, टरक्वाइज, बेज, ब्ल्याक एवं ह्वाइट आदि रंगका मल्टी एवं सिंगल सेडेड साडीहरू प्रचलनमा रहे । विशेषगरी हल्का इम्ब्रोइड्री, थ्रेड, सिक्वेन्स, सितारा, पोते, जरी आदि वर्क गरिएका जर्जेटका साडीको क्रेज रहेको देखियो । यसैगरी ह्यान्ड एवं मेसिन इम्ब्रोइड्री, स्टोन, एप्लिक, पर्ल, क्रिस्टल वर्कको प्रयोग पनि उस्तै रह्यो । जर्जेटका अतिरिक्त सिफन, सिल्क, नेट, क्रेप एवं रअ सिल्क आदिका साडीले पनि फेसनप्रेमीहरूको ध्यान आकर्षित गऱ्यो । आधुनिक, शालीनता एवं शैली चाहे त्यो साडीसित म्याचिङ गर्ने ब्लाउज वा चोली होस् वा वन नि-लेन्थ पहिरनशैलीहरू, यसको प्रयोग बढ्दो देखियो । साडी र लेहेंगाका परम्परागत पहिरनका रूपमा परिचित कुर्ता-सलबारको क्रेज पनि उत्तिकै रह्यो । विशेषगरी किशोरी, युवती एवं नवविवाहिताहरूमा बढी लोकप्रिय कुर्ता-सलबारको शैलीमा रेडिमेड, पिस कुर्ता-सलबारका साथै डिजाइनर कुर्ता सलबारको क्रेज उस्तै रह्यो । ओभल, कि-होल, एसेमिट्रिकल, स्विट हार्ट, चाइनिज नेक लाइन आदि अन्य इनोभेटिभ नेकलाइनयुक्त स्ट्रेट, सर्ट, नि-लेन्थ एवं वेस्ट लेन्थ कुर्ताका साथमा फिटेड चुडीदार सलबार सुटको प्रचलन रहेको पाइयो । कलरफुल इम्ब्रोइड्री, स्टोन, बिड्स, मिरर, पोते, सितारा वर्कदेखि प्याच वर्कले उल्लेखित डिजाइनका कुर्ता-सलबार थप आकर्षक देखिए । कुर्तासित मिल्दो दुपट्टा एवं सलको प्रयोग पनि उत्तिकै रह्यो ।

यस वर्षको फेसनमा थुप्रै फेब्रिकको मिश्रित प्रयोग देखियो । एउटै पहिरनमा दुईभन्दा बढी फेब्रिकको मिक्स एन्ड म्याच शैलीको प्रचलन रहेको पाइयो । जसमध्ये डेनिम, लाइक्रा, सिल्क, साटन, सिफन, ब्रोकेड, जर्जेट, क्रेप आदि फेब्रिकको बाहुल्यता रह्यो । रंगहरूमा भने नेचुरल टोन्सतर्फ झुकाव बढेको देखियो । ग्रे चारकोल टोन्स, इन्डिगो ब्लु, लाइट पिच, पेस्टल कलर, ह्वाइट, प्लम पिंक, डर्टी ग्रिन, स्काइ ब्लु जस्ता सेड तथा तिनका टोन्सले रंगहरूको फेसनमा बहार ल्याएको अनुभव भयो । यसैगरी चेरी रेड, लाइट पिंक, क्रिम, सिफन, नेट, साटन, सिल्कका लङ ड्रेस तथा ट्युनिक स्कर्टको क्रेज पनि उत्तिकै रह्यो । मेटालिक फेसन लुकको प्रभाव पनि उस्तै रह्यो जसमा अर्डी टोन्स, गोल्डेन ओकर, रस्ट, खाकी अलिम, ग्रिन, रेड एवं पर्पलको संयोजन आकर्षक मानियो । ब्याकलेस फेसन साथमा बस्टियर, केमिसोल, कोर्सेट, स्पेगेटी, स्ट्रिप, सिंगल, सोल्डर, हाफ सोल्डर, बटरफ्लाई प्याटर्न प्रचलनमा रहयो । अन्य पहिरनतर्फ भने स्पोर्टिभ हल्टर, रेट्रो स्टाइल हल्टर, वन सोल्डर टप, लो-काउल नेक, अफ सोल्डर, स्पेगेटी स्ट्राइप, स्ट्रइपलेस ट्याङ्किनी, कट अवे टप आदि शैलीका ब्याकलेस पपुलर रहे ।

क्याजुयल लुकतर्फ भने लम्बाइमा घुँडासम्म आउने अर्थात् नि-लेन्थ शैलीतर्फ आकर्षण बढेको पाइयो । विशेषगरी स्लिभलेस, स्टि्रपलेस, हल्टर शैली, स्पेगेटी स्ट्राइप, स्ट्रिङ, टयुब, वन-थर्ड स्लिभ आदिमा फ्लेयर्ड, टियर्ड, एसेमिट्रीकल, फ्रक स्टाइल, स्लिम फिटेड, बलुन स्टाइल युवतीहरूमा बढी लोकप्रिय रहे ।

विशेषगरी साटन र कटनमा उपलब्ध यी पहिरन शैलीमा चम्किलो रंगको फ्लावरी प्रिन्ट, ग्राफिक प्रिन्ट, पोल्का डट्सको क्रेज रह्यो । जिन्सप्रतिको आकर्षण सदाबहार रहे पनि बुट कट, लो वेस्ट, ग्रन्ज, स्ट्रेट, चुज, साधारण खुम्चिएको र केही हदसम्म बेली शैली बढी प्रचलनमा रहे । यिनै शैलीका जिन्सका साथमा स्लिभलेस, ब्याकलेस, स्ट्रेपलेस, हल्टर स्पेगेटी, स्ट्रिङ टपहरूको कम्बिनेसन लोकप्रिय रहे । यसका अतिरिक्त रेट्रो स्टाइलको स्कर्ट, साटन ट्युब टप, क्रन्च्ड कोप्रिज, सिगरेट पाइन्ट, हाफ जिन्स, थ्रि क्वाटर पाइन्ट, लेस डिटेल भएको क्यामिसोल, कार्गो पाइन्ट, नि-लेन्थ डेनिम स्कर्ट, कलर नेक टि-सर्ट, कलर्ड कोरडोन्य, ट्युनिक सर्ट ड्रेसहरू, बढी हगिङ टप, हिपस्टर जिन्स, काल्फ लेन्थ स्कर्ट, वेस्ट फिटेड पाइन्ट, स्किनी पाइन्ट आदिको प्रचलन रह्यो । उल्लेखित पहिरनका अतिरिक्त क्यान्डी कलर मेटालिक लुक, एम्पायर लाइन ड्रेस, ए लाइन सिलउएट्स तथा नि-लेन्थ स्टाइलको प्रभाव पनि उस्तै रह्यो ।

जाडो मौसममा भने स्वेटरभन्दा बढी पुलओभर, कार्डिगन, उलन एवं निटेड ट्विडका साथै स्नग ब्लेजर र बटन अप ज्याकेटको प्रभाव देख्न पाइयो । बाक्लो निटेड पहिरनको पुनरावृत्ति पाइयो भने स्लिम फिटेड कोटको प्रचलन पनि पुनः फेसन बजारमा देखापऱ्यो । युवतीहरूमा विशेषगरी घुँडासम्म आउने ओभरकोट शैलीको लेदर ज्याकेटका साथै विन्ड प्रुफ प्रयोजन र स्टाइलिस लुकको आकर्षक ट्रेन्च कोटको क्रेज देख्न पाइयो । कम्मरमा बेल्ट, डबल राइड बटन, डाउन पकेट र भी नेक लाइनमा ठूलो कलर शैलीमा उपलब्ध ट्रेन्च कोटसित स्कार्फ र मफलरको प्रयोगसँगै स्टाइलिस लुकको फेसन युवतीहरूमाझ जाडो मौसममा छुट्टै पहिचान बनेका थिए । ए लाइन ज्याकेट तथा स्ट्रेट फिटिङ ज्याकेटका साथै हडेड ज्याकेट, विन्ड प्रुफ बम्बर ज्याकेट आदि पनि उत्तिकै लोकप्रिय रहे । विभिन्न कलर सेडमा उपलब्ध लेगिङ र स्टकिङको प्रचलन पनि उत्तिकै रह्यो ।

अन्य एक्सेसरिजको तुलनामा स्कार्फ, हेयर ब्यान्ड, स्टाइलिस फुटवेयर तथा फन्की एवं ट्रेन्डी ह्यान्ड ब्याग एवं पर्सको प्रचलन बढी देख्न पाइयो । रेड, ग्रिन, पिन्क, लाइम एलो जस्ता क्यान्डी कलरमा पोल्का डटेड, डिजिटल प्रिन्ट, प्याटर्न तथा मोटिफ प्रयोग भएका आकर्षक सुन्दर ह्यान्ड ब्याग एवं पर्सहरू यौवनाहरूको स्टाइल स्टेटमेन्टको महत्त्वपूर्ण हिस्सा बन्न पुग्यो । फेसन बजारमा विशेष गरी टोट, होबो, म्यासेन्जर, सिगार, क्लचेज, पाउच, डफल आदि स्टाइलका हयान्ड ब्यागहरू प्रचलित रहे । घाँटीमा बाध्दा फर्मल लुक प्राप्त हुने र टाउकोमा बाँध्दा स्टाइलिस लुक दिने विभिन्न कलर सेड र प्रिन्टयुक्त सिल्क तथा लिनेनका स्कार्फको प्रचलन पनि उत्तिकै रह्यो । यौवनाहरूमा क्यान्डी कलर रेञ्जमा उपलब्ध हेयर ब्यान्डको प्रयोग गरी फन्की र पङ्की लुकको इच्छा राख्नेहरूको जमात पनि उत्तिकै देखिए ।

फुटबेयर फेसनमा भने स्टिलिटोज, स्ट्राइपी स्यान्डल, पम्प्स, चंकी हिल्स, बलेरिनाज, प्लेटफर्म, हिल्स, फ्ल्याट्स, पिप-टोज, मुलस आदि विभिन्न कलर सेड तथा स्टाइलमा उपलब्ध एङ्कल लेन्थ बुटको प्रचलन बढी रह्यो । फुटवेअर फेसनमा क्रिस्टल मिसर, स्टोन, बिड्सका साथै पोल्का डटेड, फ्लोरल, डिजिटल एवं एनिमल प्रिन्टको प्रभाव पनि देख्न पाइयो ।

**–रोजिन शाक्य**



पुरुष फेसनमा भने सदावहार लेदर ज्याकेटप्रतिको आकर्षण कायम रह्यो । त्यसमा पनि क्लासिक लुक विन्ड प्रुफ ज्याकेटहरू बढी प्रचलनमा देखिए । फर्मल लुकमा भने लिनेन फ्याब्रिकको प्रयोग बढेको पाइयो । ब्ल्याक, ब्राउन एवं लाइट क्रिम सेड्समा जिन्स शैलीका क्रिजलेस, नन-प्लिटेड, क्रस पकेटयुक्त पाइन्टहरूले पुरुष वर्गको फर्मल लुकलाई अघि बढाएको पाइयो । पाइन्टको मोहोता भने शाहरूख खानको 'ओम शान्ति ओम' शैलीसँगै बढेको पाइयो । कटन, लिनेन वा सिल्कका टम्म मिल्ने वेष्ट लेन्थ कमिजको चलन पनि उत्तिकै रह्यो । कलेज जानेहरूमा भने चुज र एङ्कल लेन्थ शैलीका पाइन्टप्रति क्रेज रह्यो । यसका साथै विभिन्न शैलीका जिन्स, बोट निटेड टप, टिसर्ट, कलरवेक टि-सर्ट, फिटिङ जिन्सका प्याकेट, क्याजुएल कोट आदिका साथमा पेस्टल सेड्सयुक्त स्ट्राइप्स, फ्लोरल एव डिजिटल प्रिन्टयुक्त, चेक्स तथा डट्सयुक्त सर्ट एवं टि-सर्टको फेसन पनि लोकप्रिय रहे । राम्रो क्वालिटी, दर्जनौं शैली, आकर्षक डिजाइन, मनमोहक कलर कम्बिनेसनका कारण फर्मल वेयरमा जोन प्लेयर, स्प्रिङवुड, क्रोकोडाइल, बलिनो, पिटर, इङ्ल्यान्ड आदिका सर्ट, टि-सर्ट-पाइन्ट आदिको प्रचलन पनि बढेको पाइयो । अन्य रंगहरूसँगै गुलाफी रंगतर्फ पनि पुरुष फेसन रमाएको देखियो । यसैगरी पुरुष फेसन शैलीलाई कार्गो पाइन्ट, स्लिम फिट जिन्स, पार्टी सुज, स्पोर्ट्स सुज, थ्रि पिस सुट, थ्रि बटन सुट, डिनर ज्याकेट, फिटिङ स्ट्रेट ज्याकेट आदिको फेसनले अघि बढाएको पाइयो । विशेषतः पुरुष फेसन शैली भने अफ्रिकी, ग्रिक एवं साउथ एसियन कल्चरबाट प्रेरित भएको देखियो ।

गरगहनाको संसारमा बिग, बोल्ड एन्ड लङको अवधारणा चलेको पाइयो । स्टाइलिस पेन्डेन्टहरू, विभिन्न आकारका चेन, ठूलठूला सेन्डिलेयर्स, लकेट, सिक्री, औंठी, टप, इयरिङ, पाउजु, नेकलेस आदि प्रचलनमा रहे । फर्मल वातावरणमा भने भारी एवं जडाउ आभूषणको ट्रेन्ड रह्यो भने क्याजुएल वातावरणमा फेन्सी ज्वेलरीको डिमान्ड रह्यो । गोल्ड एवं डायमन्ड ज्वेलरीमा सिल्भर टचको प्रयोग पनि देखियो । सफाएर, एक्वामरिन, टेन्जेनाइट जस्ता रत्नजडित हीरा एवं क्रिस्टलका गरगहनाका साथै २२ क्यारेटको सुनका आभूषण, अनमोल रत्न जडित इयररिङ, झुम्का, कर्णफूल, ट्रेन्डी सेन्डिलियर पनि फेसनमा रहे । पर्ल, जंक, ज्वलेरी, इमिटेसन ताथ प्लास्टिक ज्वेलरीतर्फको आकर्षण पनि कायमै रहयो । पुरुषका गरगहनामा ब्रासलेट, कानमा लगाइने स-साना रिङ टप, औंठी स्टड पोन्डेन्ट, रिस्टलेटका साथै कलिङ, टाइपिन आदिको प्रचलन पनि उत्तिकै रह्यो ।

# के भन्छन् कलाकारहरू नयाँ वर्षको पूर्वसन्ध्यामा



नयाँ वर्षको आगमनसँगै हाम्रो मनमा पनि नयाँ उत्साह, उमंग र उल्लास उत्पन्न हुनथाल्छ। पुराना वर्षमा पूरा हुन नसकेका कतिपय काम हामी नयाँ वर्षमा नयाँ जोसका साथ पूरा गर्छौं। पुराना वर्षमा भोगेका तीता र नरमाइला घटनालाई नयाँ वर्षको खुसीयालीले फिक्का पारिदिन्छ। नयाँ वर्ष अथवा २०६५ साल हामीमाझ नजिकिसकेको छ। २०६५ साल हामी नेपालीहरूका लागि वास्तवमै नयाँ उत्साह र उमंग लिएर आएको छ। त्यसैले यसपालिको नयाँ वर्ष हामी सबैका लागि विशेष भएको छ। हरेक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने देशको राजनैतिक स्थितिमा गरिमामय परिवर्तन हुने भएको छ। यो परिवतर्नमा हरेक क्षेत्र र पेसासँग संलग्न व्यक्तिहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण छ। त्यसैले २०६५ को आगमन भनेको हामी सबैका लागि नयाँ उल्लास, उमंग र सुनौला सपनाहरूको आगमन हुनु हो। नयाँ वर्षले हामी र हाम्रो जीवनमा मात्र नभएर हाम्रा सेलिब्रिटिजको जीवनप्रकियामा पनि नयाँ जोस, जागर भरिदिएको छ, जसका कारण उनीहरूले आफूमा भएको कमी-कमजोरीलाई हटाएर आफूलाई नयाँ रूपका साथ प्रस्तुत गर्ने संकल्प, वाचा र प्रतिज्ञा गरेका छन्।

संगीतकार आलोकश्रीले धेरै वर्षअघि देखेको सपना २०६५ सालमा आएर पूरा हुने भएको छ। संगीतप्रति रुचि हुने समस्त नेपालीका लागि संगीतसम्बन्धी ज्ञान दिन आलोकले म्युजिक एकेडेमीको स्थापना गर्ने भएका छन्। २०६५सालसँगै आगमन हुन लागेको नयाँ नेपालको परिकल्पनामा आफ्नो धारणा व्यक्त गर्दै आलोक भन्छन्- अबको नयाँ नेपालले त्यस्तो क्रान्ति लिएर आओस् जुन क्रान्तिले नेपाललाई द्वन्द्वरहित बनाओस्, त्यो मुहान खनेर आओस् जुन मुहान कहिल्यै नसुकोस् भन्ने छ। यो वर्ष संगीतकार आलोकश्रीका लागि सुखमय र विशेष पनि हुने भएको छ, किनभने उनले नयाँ वर्षको अवसर पारेर उपमा उपहार एल्बमको भाग २ श्रोतासामु ल्याउने भएका छन्। यसरी आफ्नो जीवनमा सुख र खुसी भित्र्याउने नयाँ वर्षको स्वागत उनी आफ्ना साथीभाइसँग मिलेर देशमा शान्ति आओस् भन्ने कामनाका साथ रमाइलो गरी मनाउने विचारमा छन्।

नेपालमा पहिलो पटक हुने संविधानसभाको निर्वाचनपछि नयाँ वर्षको आगमन हुने भएकाले यो वर्षले कस्तो स्वरूप लिन्छ, त्यहीअनुरूप आफूले नयाँ वर्षको स्वागत गर्ने सोचाइ नायिका अरुणिमा लम्सालको छ। आफूमा त्यस्तो कुनै नराम्रो बानी वा कुरा नभएकाले कुनै संकल्प नगरे पनि आफूमा भएका कमी-कमजोरीलाई हटाएर आफूलाई अझ दक्ष र लोकप्रिय नायिकाका रूपमा प्रस्तुत गर्ने उनको धारणा छ। २०६५ सालमा पनि अघिल्ला वर्षहरूझैं आफ्नो परिवार, श्रीमान् र पेसासँगको सम्वन्धमा सुमधुरता कायम रहोस् र आफनो काममा पूर्ण रूपमा सफलता प्राप्त भैरहोस् भन्ने उनको कामना छ। यो वर्षबाट हामी समस्त नेपालीले फेरि पनि आफ्नो देशलाई बुद्ध जन्मेको शान्ति र अहिंसाको देश भनेर चिनाउन पाइयोस् भन्ने कामना उनको छ।



२०६४ सालका गल्तीहरूलाई २०६५ सालको आगमनसँगै नदाहोऱ्याउने प्रतिज्ञा गर्न चाहन्छन् गायक बाबु बोगटी, साथै विगतका दिनमा पूरा गर्न नसकेका कामलाई पूरा गर्ने, आफूलाई थप जोस-जाँगरका साथ प्रस्तुत गर्ने संकल्प पनि उनले गरेका छन्। गायकका साथसाथै टेलिचलचित्रमा पनि अभिनय गरिसकेका बोगटि यो वर्ष ठूलो पर्दाको नायक बन्ने जमर्को गर्दैछन्। नयाँ वर्षको स्वागतका लागि कुनै विशेष कार्यक्रमको योजना नगरे पनि आफ्ना साथिभाइ र परिवारका साथ रमाइलो गरेर यो वर्षको स्वागत गर्ने र नयाँ बिहानिको सुरुवात पूर्ण जोस र उल्लासका साथ गर्ने विचार रहेको गायक बोगटी बताउँछन्। नयाँ नेपालको स्थापनाका लागि आफूले सकेको सहयोग र संगीतको माध्यमबाट सबैमा राष्ट्रको विकासप्रति जनचेतना जगाउने जिम्मेदवारी पनि उनले वहन गर्न लागेको उत्साहितका साथ उनी बताउँछन्।

हरेक नयाँ वर्षका दिन कलाकार दीपकराज गिरिका लागि विशेष र महत्त्वपूर्ण हुन्छ। यसो हुनुको मुख्य कारण उनको जन्मदिन पनि वैशाख १ गते नै पर्ने भएकाले हो, तर यसपालिको नयाँ वर्ष अर्थात् २०६५ साल भने उनका लागि अझ विशेष र उल्लासपूर्ण रहने गिरी बताउँछन्। यसको कारण हो, पहिलो पटक हुन लागेको संविधानसभाको निर्वाचनले लामो समयदेखि मुलुकले झेल्दै आएको द्वन्द्व, अशान्तिबाट हामी सबै नेपालीले मुक्ति पाउने भएकाले उनका लागि यो वर्ष अरूभन्दा विशेष र उल्लासमय हुनेछ। नयाँ नेपालको निर्माणमा सचेत मतदाताको भूमिका निर्वाह गर्नुका साथै एउटा कलाकारको नाताले सबैलाई देशको विकासका लागि आवश्यक चेतना जगाएर नयाँ नेपाल बनाउन सहयोग गर्ने उनको विचार छ। २०६५ सालको रूपमा अबको नेपाल च्यातिएको नभएर वास्तवमा नै नयाँ नेपाल र शान्ति भएर आओस् भन्ने कामना उनको छ। २०६५ सालमा उनी आफूले गरिरहेको कर्मलाई यसै गरी अभिरुचिका साथ कोहीप्रति कुनै पूर्वाग्रह नराखी निरन्तरता दिइरहनेछु भन्ने प्रतिज्ञा पनि गर्न चाहन्छन्। टेलिचलचित्र तीतो सत्यको अपार सफलतापछि उनले ठूलो पर्दाको चलचित्रमा पनि निर्देशन एवं निर्माण गर्ने भएका छन्। यो खबरले दीपक राज गिरीका प्रशंसकहरूलाई यो वर्ष फाइदाजनक साबित हुने भएको छ।


हरेक दिन नयाँ दिन खुसी र आफू बचेको छु भन्ने अनुभवका साथ जीवन जिउने गायिका आनि छोइङ डोल्मालाई नयाँ वर्षका बारेमा धेरै ज्ञान नभए पनि यो पालि नयाँ नेपालका साथमा आगमन हुन लागेको २०६५ सालबाट भने धेरै आशाहरू पलाएका छन्। उनी अबको नेपाल द्वन्द्वरहित, सुधिएको, सबैको मनस्थितिमा सुधार होस् भन्ने कामना गर्न चाहन्छिन। नयाँ नेपालको निर्माणमा सबैझैं आफ्नो तर्फबाट हुन सक्ने सहयोग र कतर्व्य वहन गर्ने सोचाइ डोल्माको छ। नयाँ नेपालको मात्र नभएर मानिसको सोचाइ, विचार र मनसायमा पनि नयाँपन आएको खण्डमा मात्र देशको विकास हुन सक्ने आनीको धारणा छ। आफू बुद्धिस्ट भएकाले नयाँ वर्षका रूपमा लोसार मनाउने भए पनि यो वर्ष अर्थात् २०६५ साल उनका लागि विशेष हुने भएको छ। यही वर्ष उनको अटोबायोग्राफी जर्मनी र इटालियन भाषामा पेरिसबाट निस्कँदैछ, जसले नेपाललाई द्वन्द्वयुक्त नभएर विविध धर्म र संस्कृति भएको देश हो भनी चिनाउन सहयोग गर्नेछ।

नायक जीवन लुइँटेलले २०६५ सालको स्वागत गर्न साथीभाइका साथ पोखरा जाने योजना बनाएका छन्।



उनी २०६५ सालको शुरुवातसँगै नयाँ चलचित्रको कामको सुरुआत गर्ने तयारी गर्दैछन्। २०६५ सालबाट देशप्रति आफ्नो जिम्मेदारी अझ बढ्ने भएकाले नयाँ नेपालको निर्माण गर्न आफू जन्मिएको जिल्ला मोरङ गएर सबैमा चेतना जगाउने र सचेत मतदाताको भूमिका र्निवाह गर्ने विचार जीवनले गरेका छन्। अबको नयाँ वर्षमा नयाँ नेपालसँगै आफ्नो भविष्य र काम अझ राम्रो हुने परिकल्पना उनको छ। केही वर्ष नायकका रूपमा आफ्नो स्थायीत्व बनाएपछि चलचित्र निर्देशन गर्नतिर लाग्ने उनको योजना छ। नयाँ नेपालमा आफूमा भएको कमी-कमजोरी हटाएर आफू लागेको पेसामा पूर्ण जिम्मेदारिता र लगनशीलताका साथ लागि पर्ने उनको संकल्प छ।

२०६५ सालको सुरुवातसँगै आफ्नो जीवन-प्रक्रियामा पनि पूर्ण रूपले परिवर्तन गर्ने तयारीमा रहेकी मोडल तथा कार्यक्रम सञ्चालिका कला सुब्बाका अबका दिनहरू प्रायः विदेशका कार्यक्रमहरूमा व्यस्त रहने भएका छन्। उनले यो वर्ष आफ्नो एक्लोपनलाई हटाएर जीवनभरका लागि कसैको साथ पाउने सम्भावना रहेको पनि उनले जानकारी दिइन्।



नयाँ नेपालको निर्माणमा आफूले बहन गर्नुपर्ने सबै खालका भूमिका निर्वाह गर्न तयार रहेको उनी बताउँछिन्। अबका दिनहरूमा सबैले आफ्नो दायित्व, कतर्व्यको पालना गरेर देशको विकास गर्नुपर्छ भन्ने धारणा उनको छ। सुब्बा अबका दिनमा आउने हरेक कुरालाई सहजताका साथ स्वीकार गर्ने र आफूलाई हरहालमा खुसी राख्ने प्रतिज्ञा गर्दैछिन्। अबको नयाँ वर्षमा सञ्चार र ग्ल्यामरस क्षेत्रमा स्याबासी र धाप मात्र नदिएर सबैले यो क्षेत्रलाई व्यावसाहिक दृष्टिकोणले हेर्ने र अरूको कामको मूल्याङ्कन गरियोस् भन्ने उनको कामना छ।

अरू कलाकारहरूझैं हास्यकलाकार हरिवंश आचार्यको नयाँ वर्षको स्वागत कसरी गर्ने भन्ने चुनावको परिणाममा र्निभर हुने भएको छ। यदि निर्वाचन सफल भयो भने कम्मर हल्लाउने, मीठा-मीठा खानेकुरा खाने, साथीभाइसँग हाँसखेल गरेर नयाँ वर्षको स्वागत गर्ने योजना आचार्यले बनाएका छन। यदि निर्वाचनको परिणाम राम्रो भएन भने यी सबको विपरीत हुने उनी बताउँछन्। २०६५ सालका अवसरमा उनी सबैलाई संविधानसभाको निर्वाचन सफल पारेर निर्वाचनको परिणाम जस्तो आए पनि सबैले स्वीकार गरेर अगाडि बढौं भन्ने कामना गर्न चाहान्छन्। आफू लागेको पेसामा निरन्तर लागिरहेर अझ सफल र लोकप्रिय बन्ने प्रतिज्ञा उनको छ।

दीपक बज्राचार्यले चार वर्षपछि आफ्नो नयाँ एल्बम २०६५सालको अवसर पारेर श्रोतासामु ल्याउने भएका छन्। पछिल्लो एल्बम झुमी-झुमी आएपछि विदेशको कार्यक्रममा व्यस्त भएका गायक दीपकले नयाँ एल्बम नयाँ वर्षलाई नै लक्षित गरी रिलिज गर्ने भएका छन। २०६५ सालको स्वागतका लागि दिनभर साथीभाइसँग, साँझमा कार्यक्रममा व्यस्त रहने र राति आफ्नो परिवारसँग बसेर रमाइलो गरी मनाउने विचार गरेका छन्। देशमा शान्ति आएपछि मात्र नयाँ एल्बम निकाल्ने संकल्प गरेका गायक बज्राचार्य निर्वाचनपछि नेपालमा अवश्य शान्ति आउनेछ भन्ने आशाका साथ नयाँ एल्बम श्रोतासामु ल्याउन लागेको बताउँछन्। नयाँ नेपालको निर्माणका लागि आफू र आफ्ना साथीहरू साथ भएर 'मेरो देश' गीतको माध्यमबाट सबैमा चेतना जगाउने प्रयासमा छन्। बज्राचार्य अबको नयाँ वर्ष र नयाँ नेपालमा शान्ति छाओस् भन्ने कामना गर्न चाहन्छन्। शान्ति नभै कुनै कुराको सृजना नहुने भएकाले उनी सबैलाई शान्तिका लागि प्रयास गर्न पनि अनुरोध गर्छन्।

–अरुणा भट्टराई



# थरीथरीका खबरको वर्ष

● सुव्रत आचार्य

विभिन्न टेलिभिजन च्यानल र एफएमहरूमा गीत-संगीतका कार्यक्रमहरू सञ्चालन गर्ने सञ्चारकर्मीहरूले वर्ष ०६४ लाई संगीतक्षेत्रले फड्को मार्न नसकेको वर्षका रूपमा लिएका छन् । कान्तिपुर टेलिभिजनका चर्चित भिजे सुरजसिंह ठकुरी संगीत उत्पादकहरू प्रायः सबै घाटामा गएको बताउँछन् भने कान्तिपुर एफएमका चर्चित आरजे हेमचन्द्र सुवेदी नाम चलेका कलाकारहरूको एल्बम पनि बिक्री नभएको बताउँछन् । सुवेदी भन्छन्- 'यो वर्ष एल्बम बिकाउ भएनन् । अब गीत-संगीतको बिक्री हुन छाड्यो ।' ठकुरी भन्छन्- 'केही कलाकार गीतका कारण चर्चित भए, तर उनीहरूको एल्बम खासै बिकेन ।'

## घटेन रिमिक्सको ट्रेन्ड

०६४ मा संगीत उत्पादक तथा वितरक रियाज म्युजिकले सबैभन्दा बढी रिमिक्स गीतहरू बजारमा ल्यायो । उक्त कम्पनीका व्यवस्थापक सुमन श्रेष्ठका अनुसार यो वर्ष रियाजबाट ३५ वटाजति रिमिक्स गीत बजारमा ल्याइएको छ, जसमा गायिका आगन्तुक खरेलले गाएको 'वनमा फुल्यो फूल'ले गायिका खरेललाई समेत चर्चामा ल्यायो । म्युजिक डटकमले पनि डिजे एलेक्सको रिमिक्स एल्बम बजारमा ल्यायो । यसका साथै रिबेल क्रियसन, म्युजिक नेपाल, इन्द्रेणी म्युजिकजस्ता दर्जनौं संगीत उत्पादकहरूले पनि अन्य एल्बमहरूका साथै रिमिक्स एल्बम बजारमा ल्याए । रिमिक्सकै बजार भएकाले संगीत उत्पादकहरूले सामान्य एल्बममा एउटा मात्रै भए पनि रिमिक्स राख्न गायकलाई कर गर्ने गरेका गुनासाहरू पनि निकै सुनिए ।

## कार्यक्रम भएनन्

तीन-चारवटा चर्चित गीतका गायक विजय लामाले वर्ष ०६४ भरि स्वदेशमा एउटा मात्रै कार्यक्रममा गाउने मौका पाए । वर्षको पहिलो तीन महिना उनी अमेरिकामा कार्यक्रमको सिलसिलामा व्यस्त भए पनि स्वदेशी कार्यक्रमहरूको कमीका कारण यो वर्ष अवसर नपाएको उनको ठहर छ । लामा भन्छन्-'म मात्रै होइन, सबै गायक-गायिकाहरूको यस्तै हालत छ ।' गायक बाबु बोगटी पनि ०६४ मा दोस्रो एल्बम निकाल्नु र टेलिश्रृंखलामा नायक बन्नुबाहेक अरू उपलब्धि नपाएको बताउँछन् । 'कन्सर्ट र सांगीतिक कार्यक्रम नै हुन छाडे । अहिले त आम्दानीभन्दा खर्च नै बढी भैरहेको छ ।' -बोगटीले बताए । बितेका वर्षहरूमा गायक-गायिकाहरूको 'डेट्स' पाउन भ्याई-नभ्याई हुन्थ्यो । एउटा मात्रै गीत चर्चामा आएका गायक-गायिकाहरूलाई पनि कार्यक्रमबाट फुर्सदै हुन्नथ्यो । नयाँका त कुरै छाडौं, यो वर्ष गएका वर्षहरूका अत्यधिक व्यस्त हुने स्थापित गायक-गायिकाहरूले समेत स्वदेशी सांगीतिक कार्यक्रममा कमी आएको गुनासो गरे । गायक रामकृष्ण ढकाल विगतको तुलनामा यो वर्ष कार्यक्रम आयोजनामा कमी आएको स्वीकार गर्छन् । ढकाल भन्छन्- 'हामीजस्ता स्थापितहरूलाई त अलिअलि कार्यक्रमहरूमा बोलाए, नयाँमध्ये धेरैलाई त त्यो पनि भएन जस्तो लाग्छ ।'

## पाइरेसीले एल्बम बिकेन

म्युजिक डटकमका सञ्चालक राजेश बंसल यो वर्ष एल्बमको बिक्रीमा कमी आएको बताउँछन् । सम्झना अडियो एन्ड भिडियोका सचिन सिंह पनि यो कुरा मान्छन् । बंसलका अनुसार दुई-तीन वर्षअघिको दाँजोमा संगीतको व्यापार निकै ओराालो लागेको छ । जुन रफ्तारमा एल्बमहरूको बिक्री हुनुपर्ने हो त्यो भएन, संगीतकार सचिन सिंहले बताए । निजी एफएम रेडियोहरूबाट चौबीसै घण्टा गीतहरू निःशुल्क सुन्न पाइने भएका कारण पनि एल्बम बिक्री नहुने एउटा कारण हुनसक्छ, तर हिट्स एफएमका आरजे सौरभ यो कुरा मान्दैनन् । सौरभ भन्छन्- 'आफूलाई मन परेको गीत दोहऱ्याई-तेहेऱ्याई सुन्न त एल्बम नै चाहियो नि ।' बंसल भने एफएमभन्दा मोबाइल र आइपोडका कारण एल्बमको बिक्री घटेको बताउँछन् ।

बंसल भन्छन्- 'एउटा सिडीबाट मन परेको गीत मात्रै रोजेर मोबाइल वा आइपोडमा हालिन्छ । त्यति मात्रै भए त सायद केही हुँदैन थियो होला । त्यो गीत साथीको मोबाइलमा सारिन्छ । त्यसबाट अर्कोले सार्छ । अर्कोबाट अर्कोले गर्दै गीत सबैले सुनिरहेका हुन्छन्, एल्बम कसैले किन्दैनन् ।' 'यस्ता समस्या ०६४ मा मात्रै आएका होइनन्, यो वर्ष भने यस्ता कारणले नै एल्बमको बिक्री प्रभावित हुन पुग्यो ।' -संगीतकार सचिन सिंहले बताए । पाइरेसीका कारण कतिपय म्युजिक कम्पनीहरूले क्यासेट पहिले निकालेर त्यस्को धेरैपछि सिडी निकाल्ने काम पनि गरेका थिए ।

## सबैमा हावी प्रशान्त तामाङ

इन्डियन आइडल भए पनि प्रशान्त तामाङ यो वर्ष धेरै पटक कार्यक्रमको सिलसिलामा नेपाल आइरहे । उनलाई लिएर कार्यक्रम गर्न आयोजक-आयोजकहरूबीच तँछाड-मछाड नै भयो । काठमाडौं उपत्यकामा मात्रै होइन, प्रशान्तले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका धेरै प्रमुख सहरहरूमा कार्यक्रम देखाए, जसको केही फाइदा स्वदेशका केही स्थापित कलाकारलाई पनि भयो । गायक राजेश पायल राई, अनिल सिंह, क्रान्ति आले आदिलाई पनि प्रशान्तका कार्यक्रमहरूमा 'चटनी'का रूपमा प्रयोग गरियो ।

स्वदेशमा कार्यक्रमको कमीले गर्दा फुर्सदिलो भएका कलाकारहरूलाई उनका कार्यक्रमले राहत दिएको मान्न सकिन्छ । प्रशान्तको नेपालमा क्रेज देखेर सोनी टेलिभिजनले बिक्री-वितरणका लागि उनका एल्बममा चारवटा नेपाली गीत पनि समावेश गऱ्यो र नेपालका एल्बम बिक्री गर्ने अधिकार यहाँकै म्युजिक डटकमलाई दियो । उक्त कम्पनीका सञ्चालक राजेश बंसलका अनुसार ०६४ मा प्रशान्तको एल्बम 'धन्यवाद' सर्वाधिक बिक्री भएको एल्बम हो ।



## लोकदोहोरीले उछिन्यो

एल्बम बिक्रीका हिसाबले लोकदोहोरी गीतहरू सबैभन्दा अगाडि रहे । लोकदोहोरी गीतका एल्बमहरूको बिक्री पप, आधुनिक, हिपहप र रिमिक्सभन्दा धेरै गुणाले बढेको छ । यद्यपि चर्चामा आएका गीतहरू धेरै समय टिक्न भने सकेनन् । कान्तिपुर टेलिभिजनमा लोकदोहोरीको कार्यक्रम 'उकाली ओराली भन्ज्याङ चौतारी' सञ्चालन गरिरहेका सञ्चालक सञ्जीव पुडासैनी भन्छन्- 'भाका खोज्ने र अनुसन्धान गर्नेभन्दा पनि कोठामा बसेर रचना गरिएका 'कोठे लोकगीत'हरू बढी सुनिए । त्यस्ता गीतहरू नै बढी चले भने हाम्रो संस्कृति झल्काउने लोकगीतहरू त्यति आएनन् ।' पुडासैनीका अनुसार त्यसो हुँदाहुँदै पनि कलाकारहरूलाई भने उत्पादकहरूबाट रोयल्टी नदिएको गुनासो आइरह्यो ।

कतै यदाकदा सांगीतिक कार्यक्रमहरू भैहाल्यो भने लोकदोहोरी कलाकारहरूलाई निम्त्याउने प्रचलन विगतको भन्दा बढेको छ । राजु परियार, भगवान भण्डारी, मिलन लामा, देवी घर्तीमगर, विष्णु माझीजस्ता लोकदोहोरीका चर्चित गायक-गायिकाहरू वर्षौंभरि कार्यक्रममा व्यस्त रहे । यीमध्ये कतिले त विदेश घुमेको घुम्यै गरिरहे । महोत्सवको देशभरि उर्लेको लहरले त उनीहरूलाई समय मिलाउनै अप्ठेरोमा पनि पाऱ्यो ।

## खबर थरीथरीका

गायक मिग्मा शेर्पालाई यो वर्ष पनि विदेशी कार्यक्रमको ओइरो लागिरह्यो । उनी कार्यक्रमको सिलसिलामा विदेश भ्रमणमा गइरहे, तर उनीभन्दा बढी गायक राजेशपायल राई विदेशका कार्यक्रमहरूमा व्यस्त रहे । उनी यो वर्ष कार्यक्रमका सिलसिलामा विदेश आउने-जाने क्रममा २५-३० पटक बोइङ चढे । गायिका रेश्मा सुनुवार एउटै गीत 'मै ठूली भै'छु रे' बाट यो वर्ष अत्यधिक चर्चामा आइन् । स्वदेशमै आयोजना भएका फुटकर कार्यक्रमहरूमै उनको व्यस्तता बढ्यो ।

गायिका कोमल ओली विविध कारणले खबरमा छाइरहिन् । पछिल्लो एल्बम 'झ्वाँक्क तन्नेरी'को विमोचन तन्नेरी खेलाडीहरूबाट गराएर यो वर्ष फेरि एकपटक चर्चामा आएकी गायिका ओलीले मोडल संसार डटकममा 'मोडर्न शैली'मा तस्बिर खिचाइन् । उनका अन्तर्वार्ता तथा खबरहरू सञ्चारमाध्यमहरूमा आइरहे भने यसै वर्ष संगीतकर्मी संघकी अध्यक्षसमेत भएकी ओलीले वर्षको अन्ततिर फागूपुर्णिमाका बेला सयौं कलाकार, पत्रकार तथा विभिन्न व्यक्तित्वहरूलाई एउटा पाँचतारे होटलमा बोलाएर होली खेलाउने कार्यक्रमको आयोजना गरिन् ।

हास्यगायक प्रकाश ओझा यो वर्ष चलचित्रमा नायक भए । उनले अभिनय गरेको चलचित्र 'दाइको ससुराली' यसै वर्ष सार्वजनिक भयो र धेरथोर चर्चा पनि बटुल्यो । अर्का गायक निमा रुम्बा पनि यो वर्ष चलचित्र 'कागबेनी' मार्फत नायकका रूपमा पर्दामा देखिए । त्यसपछि आफूलाई 'फिल्मी चस्का' लागेको भन्दै गायक रुम्बाले निकट भविष्यमा आफैं निर्माता भएर चलचित्र बनाउने कुरा गरे । गायक बाबु बोगटी पनि कान्तिपुर टेलिभिजनको टेलिधारावाहिक 'संस्कार'मा नायकका रूपमा यसै वर्षबाट देखिन थाले ।

गायिकाद्वय प्रीति कौर र प्राश्ना शाक्य सञ्चारकर्मी भए । गायिका कौरले नेपाल टेलिभिजनमा एउटा कार्यक्रम सञ्चालन गर्न थालिन् भने प्राश्ना पनि इमेज एफएममा आरजे भइन् । गीतकारहरूमा पछिल्लो समय उदाएका भूपेन्द्र खड्का व्यस्त रहे । उनले रचेको गीत 'मै ठूली भै'छु रे' ले यो वर्ष अत्याधिक चर्चा पायो । यसका साथै विगत केही वर्षयता फाट्टफुट्ट चर्चामा आउने गरेका उक्त गीतका संगीतकार बिजु बज्र यो वर्ष चर्चाको शिखर उक्लिए ।

हिपहप गायक निर्णय डा. एनएसके नवदैलो संस्थाअन्तर्गत बालबालिकाका लागि शिक्षा प्रदान गर्न सहयोग जुटाउने कन्सर्टमै व्यस्त रहे । यो वर्ष गायक सुदेश खवासले आत्महत्या गरे भने लोकगायक तथा संगीतकार युक्त गुरुङको मोटरसाइकल दुर्घटनामा निधन भयो । लोकगायिका भगवती दंगाललाई पनि यसै वर्ष सदाका लागि गुमाइयो ।

## उत्कृष्ट दस

**पप/आधुनिक/रिमिक्स**



१. मै ठूली भै'छु — रेश्मा सुनुवार
२. एउटा चिठीको — द एक्स
३. तिम्रो नशालु — सत्य/स्वरूप
३. चम्पा — अविनाश घिसिङ
४. म त काली — अञ्जना गुरुङ
५. मस्की-मस्की — माउन्ट ८८४८
६. आज फेरि — द युनिटी/सुगम
७. भुमो — सुजिल कर्माचार्य
८. मेरो यो सानो — राजेन पाण्डे
९. वनमा फुल्यो — आगन्तुक खरेल
१०. चोरेर लग्यौ — मौसमी गुरुङ

**लोकदोहोरी**



१. सुपारी चाम्रो — विमलराज/विष्णु
२. बिर्सियौ कि कुन्नी — राजु परियार
३. झल्को लाली — मिलन/देवी
४. रुमाल धोको छु — राजु/कृष्ण
५. रुमाल रुझाउँछु — राजु/बुद्धिराम/बिमा
६. नभन मायाले — दीपक/निशा
७. सौतेनी आमा — महेश/सीता थापा
८. पूर्वैमा झ्याल — पुरुषोत्तम न्यौपाने
९. आँसुले मुहार — राजु/विष्णु
१०. मनको देउतैले — खुमन/विष्णु

**चलचित्र गीत**



१. साथी हो — पर्खी बसेँ
२. माऱ्यो माऱ्यो — किस्मत
३. मायाकै मीठो तिर्सना — नेपाल
४. मोबाइलमा फोन गर — दोबाटो
५. भुनभुन भमरा — सपूत
६. जीवन खरानी — कागबेनी
७. तिम्रो आँखामा — हिम्मत-२
८. म तिमीबिना — म तिमीबिना मरिहाल्छु
९. वैशाख वनमा — हामी साथीभाइ
१०. मिसन — मिसन लभ इन सिक्किम

**स्रोत : एफएम तथा टेलिभिजन**



# तपाईंको वर्ष २०६५



## मेष

ग्रहगोचर राम्रा भए पनि उतारचढावको सामना गर्नुपर्ला। भाग्य भावमा बसेको गुरुले भाग्यलाई चम्काउने काम गर्नेछ। धार्मिक र सामाजिक कार्यका रुचि बढ्नेछ। वर्षभरि धन आर्जन भैरहनेछ। सिर्जनात्मक काममा रुचि बढ्नेछ। लेखनकार्यमा रुचि बढ्नेछ। व्यावसायिक रूपले वर्ष अनुकूल रहनेछ। देशविदेशको यात्रा गर्ने अवसर मिल्नेछ। सन्तान प्राप्तिको बलियो योग छ। नोकरीमा उतारचढावको सामना गर्नुपर्ला। राजनीतिमा प्रशस्त संकट आउनेछ। कुरा काट्नेहरूलाई सम्हाल्न गाह्रो पर्ला। झूटा आरोप पनि लाग्न सक्छ। विवादतिर नबढ्नु उचित होला। धनमाल हराउन सक्छ। धनको भण्डारमा नजर कडा लगाउनुपर्ला। विश्वास गरेकाले धोका दिनेछन्। स्थान परिवर्तनको सम्भावना छ। घरझगडाले चिन्तित बनाउनेछ। कामको सफलताका लागि घरबाहिर रहनु उचित होला। मंसिर १८ गतेपछि कर्म भावमा वृहस्पति निचो हुने हुँदा चिन्ता बढ्नेछ। असार, असोज, फागुन महिना राम्रो रहनेछ। मंसिर र चैत खराब रहनेछ।

## वृष

ग्रहगोचर मध्यम रहनेछ। शत्रुसित सजग रहनुपर्ला। घरेलु समस्याले सताउनेछ। आफन्त भनेर विश्वास गर्दा धोका खानुपर्ला। पराक्रम बढ्नेछ। महत्वपूर्ण काममा सफलता पनि मिल्नेछ। भाग्येश र कर्मेशको एकल राजयोगले मान प्रतिष्ठा बढाउने काम गर्नेछ। नयाँ घरजग्गाको बन्दोबस्त हुनेछ। सवारी साधन जोड्ने अवसर प्राप्त होला। स्वास्थ्यको ख्याल गर्नु आवश्यक छ। पढाइ मध्यम रहनेछ। नोकरीका सफलता पाउने योग छ। राजनीतिमा सोचेजस्तै सफलता मिल्नेछ। औद्योगिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ। नयाँ व्यवसायमा लगानी गर्नु उचित होला। विदेश यात्राको बलियो सम्भावना छ। धार्मिक कार्यमा अरुचि बढ्नेछ। लेनदेनमा अगाडि नबढ्नु उचित होला। अरूको काम धेरै गर्नुपर्ला, जस पाउन भने गाह्रो छ। मंसिर १८ गतेपछि भाग्यभावमा प्रवेश गर्ने गुरुले धार्मिक आस्था बढाउनेछ। भाग्य पनि बढ्नेछ। साउन, कात्तिक, चैत महिना राम्रो रहनेछ। वैशाख र पुस नराम्रो रहनेछ।

## मिथुन

यस वर्ष ग्रहगोचर राम्रा रहनेछन्। पराक्रम बढ्नेछ। धेरै कामामा सफलता मिल्नेछ। तपाईंको बौद्धिकताको प्रशंसा धेरैले गर्नेछन्। राजनैतिक एवं कूटनितिक क्षेत्र दुवै राम्रो रहनेछ। नोकरीमा पद प्राप्तिको योग छ। देश र अन्तरदेशको यात्रा गर्ने अवसर मिल्नेछ र घरजग्गाको बन्दोबस्त पनि होला। वैवाहिक बन्धनमा बाँधिने योग छ। व्यापारमा लाभ सोचेजति नै प्राप्त होला। सवारी साधन जोड्ने योग छ। पढाइमा पनि सफलता मिल्नेछ। मंसिर १८ गतेदेखि अष्टम भावमा बसेको राहु तथा गुरुले स्वास्थ्यलाई कमजोर बनाउनेछ। नोकरीमा अवरोध आउनेछ। राजनीतिमा संकट आउनेछ। शत्रुबाट आक्रमित हुनुपर्ला। वैशाख, भदौ र मंसिर महिना बलियो रहनेछ। जेठ र माघ महिना प्रतिकूल रहला।

## कर्कट

ग्रहगोचर यो वर्ष त्यति राम्रो छैन। पल-पलमा शत्रुको सामना गर्नुपर्ला। स्वास्थ निकै कमजोर रहनेछ। मन अति चञ्चल हुनेछ। निर्णायक क्षमता कमजोर बन्नेछ। मस्तिष्कमा पीडा बढ्नेछ। व्यापारमा संकट आउनेछ। पति-पत्नीबीच विवाद बढ्नेछ। धनमाल हराउने सम्भावना छ। नोकरी तथा राजनीतिमा उतारचढावको सामना गर्नुपर्नेछ। झूटा आरोप पनि लाग्नेछ। धार्मिक कार्यमा अरुचि बढ्नेछ। भाग्यले पनि साथ दिने देखिन्न। एकपछि अर्को समस्याले सताउनेछ। मंसिर १८ गतेदेखि गुरुको अनुकूलताले व्यापारमा सुधार आउने, यात्रा हुने, भाग्य सप्रने तथा काममा सफलता मिल्ने योग छ। वैवाहिक सम्बन्धमा बाँधिने योग छ। जेठ, असोज र पुस राम्रो रहनेछ। असार र फागुनमा संकट आउनेछ।

## सिंह

केही सफलता र केही असफलताको मिश्रण रहनेछ। यो राशिमा गुरुको अनुकूलता मंसिर १८ गतेसम्म रहनेछ। पढाइमा सफलता मिल्नुका साथै बुद्धिमा वृद्धि हुनेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। षष्ठम भावको राहुले शत्रुनाश गर्नेछ। पराक्रम बढ्नेछ। अधुरा तथा नयाँ काम बन्ने योग छ। यात्रा गर्ने अवसर मिल्नेछ। धार्मिक कार्यमा सफलता मिल्नेछ। नोकरीमा प्रतिस्पर्धा गर्नुपर्ला र राजनीतिमा सफलता पाउन संयम रहनुपर्ला। मंसिर १८ गतेदेखि शत्रु बढ्ने, स्वास्थमा संकट आउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू बढ्नेछन्। पति-पत्नीबीच विवाद सिर्जना होला। अरूले गरेको कार्यको दोष तपाईंमाथि आउनेछ। पुत्रलाभको योग छ। अरूको विश्वास गर्नु उचित नहोला। शरीरमा चोटपटक लाग्ने सम्भावना भएकाले सवारी चढ्दा र चलाउदा विचार गर्नुपर्ला।

## कन्या

ग्रहले वर्षभरिनै साथ दिनेछ। वर्ष खर्चिलो रहे पनि महत्वपूर्ण काम धेरै बन्नेछन्। घर-जग्गाको बन्दोबस्त हुनेछ। सवारीसाधन जोड्ने अवसर मिल्नेछ। भुलेका मित्रहरूले सम्झना गर्नेछन्। यात्रा गर्ने अवसर मिल्नेछ। व्यापारमा सफलता मिल्नेछ। नोकरीमा पदोन्नति हुने योग छ। राजनीतिमा सफलता मिल्नेछ। महत्वपूर्ण जिम्मेवारी प्राप्त होला। सामाजिक कार्यमा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। सन्तान प्राप्तिको योग पनि बलियो छ। पढाइमा सफलता पाउन गाह्रो पर्ला। मंसिर १८ गतेदेखि पञ्चममा जाने वृहस्पतिले पढाइमा सुधार आउनेछ। बौद्धिक कार्यमा सफलता मिल्नेछ। साउन, मंसिर तथा फागुन महिना कामकाजका लागि उत्तम रहनेछ। वैशाख तथा भदौमा खर्च बढ्ने, काम बिग्रने र चिन्ता बढ्ने योग छ।

## तुला

वर्षभरि नै ग्रहगोचर राम्रा छन्। धेरै काममा सफलता मिल्नेछ। नयाँ कामको आरम्भ होला। अधुरा काम बन्नेछन्। तपाईंको लगनशीलता र इमान्दारिताको प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन्। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। नयाँ मित्रको अगमनले मन प्रसन्न होला। प्रशस्त धन कमाउने अवसर मिल्नेछ। पढाइमा ह्रास आउन सक्छ। देशको प्रतिनिधित्व गर्दै परदेश जाने अवसर मिल्नेछ। अरूको गुनासो धेरै सुन्नुपर्ला। कुरा काट्नेहरू बढ्ने हुनाले गोपनीयता सधैं अपनाउनुपर्ला। ठूला व्यक्तिहरूसित घनिष्ठ सम्बन्ध बन्ने योग छ। सामाजिक प्रतिष्ठा बढ्नेछ। पारिवारिक समस्याले सताउनेछ। नोकरीमा सफलता मिल्नेछ। राजनीतिमा ऐतिहासिक काम गरेर आफूलाई अघि बढाउन सफलता मिल्नेछ। मन प्रसन्न रहने योग छ। जेठ तथा असोजमा चिन्ता र अस्थिरता बढ्नेछ।

## वृश्चिक

ग्रहगोचर राम्रा रहनेछन्। जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। मुखमा सरस्वतीले बास गरेकी छन्। बोलीमा अरूलाई सजिलै आकर्षित गर्न सकिनेछ। नयाँ ठाउँको यात्रा, स्थान परिवर्तन गर्ने अवसर मिल्नेछ। ठूला व्यक्तिको विश्वासपात्र बन्न सकिनेछ। व्यावसायिक दृष्टिकोणले पनि यो वर्ष राम्रो रहनेछ। धन आर्जनका मार्गहरू प्रशस्तै खुल्नेछन्। बौद्धिकताको तारिफ होला। सामाजिक प्रतिष्ठा बढ्नेछ। पढाइमा सफलता मिल्नेछ। नयाँ मित्रको आगमन होला। सन्तान प्राप्तिको बलियो योग छ। वैवाहिक बन्धनमा बाँधिने योग छ। अरूको समस्या समाधान गरेर नाम कमाउने अवसर मिल्नेछ। बन्धुवर्गहरूसित सम्बन्ध सुधिनेछ। वैशाख, असोज तथा माघ महिना विशेष राम्रो रहनेछ। असार तथा कात्तिक महिना अप्ठ्यारो रहनेछ।

## धनु

आँटेका काममा सफलता मिल्नेछ। शरीरमा स्फूर्ति बढ्नेछ। महत्वपूर्ण काममा सफलता मिल्नेछ। कुरा कट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। घरेलु काममा रुचि बढ्नेछ। नयाँ घर-जग्गाको बन्दोबस्त हुनेछ। व्यावसायिक रूपले वर्ष राम्रो रहनेछ। पढाइमा सफलता मिल्नेछ। वैवाहिक बन्धनमा बाँधिने सम्भावना छ। जिम्मेवारीपूर्ण विदेश यात्रा हुने योग छ। मान-प्रतिष्ठा बढ्नेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ। नोकरीमा सफलता मिल्नुका साथै राजनीतिमा आफ्नै विचारहरू मान्य रहनेछन्। धन आर्जन गर्ने अवसर मिल्नेछ। धनमाल चोरी हुन सक्ने सम्भावना भएकाले अरूको विश्वास गरिहाल्नु उचित नहोला। जेठ, कात्तिक र फागुन महिना राम्रो रहनेछ। साउन तथा मंसिर महिना खराब रहनेछ।

## मकर

स्वास्थ्यका दृष्टिकोणले वर्ष प्रतिकूल रहला। मन भड्किरहनेछ। एकपछि अर्को समस्याले सताइरहला। विश्वासघातको सिकार पनि हुनुपर्ला। रिसको वेग बढ्नेछ। मुटु, मस्तिष्क र नसाको समस्या प्रशस्तै आउला। व्यावसायिक रूपले पनि वर्ष प्रतिकूल रहनेछ। खर्च धेरै गर्नुपर्ला। झूटा आरोप पनि लाग्नेछ। कामको बीचमा अवरोध आउला। घरेलु समस्याले सताउनेछ। पति-पत्नीबीच विवाद बढ्दै गएर विछोडको स्थितिसम्म आउन सक्छ। नोकरीमा संकट आउनेछ। राजनीतिमा पाउने सफलता विनाकारण ओझेलमा पर्नेछ। मंसिर १८ गतेपछि गुरुको अनुकूलताले मान-सम्मान बढ्ने, काममा सुधार आउने, व्यापारमा सुधार आउने तथा यात्रा हुने योग छ। असार, मंसिर तथा चैतमा काममा सफलता मिल्ने तथा मन प्रसन्न रहने योग भए पनि भदौ तथा पुसमा विवाद तथा चिन्ता बढ्ने योग छ।

## कुम्भ

खर्च अलि बढी होला। सताउनेहरू प्रशस्तै होलान्। झूटा आरोप पनि लाग्नेछ। निर्णय गर्ने क्षमतामा ह्रास आउन सक्छ। सोच्ने शक्ति बढे पनि बेला-बेलामा दुविधा बढ्नेछ। बोलीमा अरूलाई आकर्षित गर्न सकिनेछ। जोस एवं जाँगर बढ्नेछ। धेरै काममा सफलता मिल्नेछ। पढाइमा रुचि बढ्नेछ। बौद्धिक कार्य सफल रहला। यात्रा गर्ने अवसर पनि मिल्नेछ। व्यापारमा सफलता पाउन निकै प्रयास गर्नुपर्ला। धन आर्जन प्रशस्तै हुने योग छ। भाग्यले पनि साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। नोकरीमा संकट आउनेछ। राजनीतिमा सफलता पाउन संयम हुनुपर्ला। कसैलाई पनि विश्वास गरिहाल्नु उचित देखिन्न। पति-पत्नीबीच विवाद बढ्नेछ। वैशाख, साउन तथा पुसमा ग्रहगोचर राम्रा रहनेछन्। असोज तथा माघमा समय प्रतिकूल रहला।

## मीन

शत्रुमाथिको विजयले मन हर्षित रहला। जोस एवं जाँगर बढ्नेछ। काममा सफलता सोचेभन्दा बढी नै मिल्नेछ। अरूको मनोबल खस्काउन सकिनेछ। मान-प्रतिष्ठा पनि बढ्नेछ। धन आर्जनका नयाँ मार्गहरू फेला पर्नेछन्। पढाइमा सोचेभन्दा बढी लाभ पाउने योग छ। आफन्तहरूबाट उचित सहयोग मिल्नेछ। व्यापारमा राम्रै सफलता मिल्नेछ। विदेश यात्रा गर्ने अवसर मिल्नेछ। नोकरीमा सफलता मिल्नेछ। राजनीतिमा ढिलै भए पनि सफलता प्राप्त होला। भाग्यले साथ दिनेछ। मंसिर महिनापछि सन्तान प्राप्तिको योग छ। जेठ, भदौ तथा माघमा काम बन्ने तथा तथा धन आर्जन गर्ने योग छ। कात्तिक तथा फागुनमा विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्यमा विचार पुऱ्याउँदा सफलता राम्रो प्राप्त होला।

# विक्रम संवत् २०६५ सालको वार्षिक राशिफल

यस वर्षको संवत्सरको नाम प्लव रहेको छ। यो प्रभवादिदेखि ३५ औंमा पर्छ। यस वर्षको राजा पदमा चन्द्रमा आसीन छन् भने मन्त्री पदमा सूर्य छन्। राजा चन्द्रमा उच्च र मन्त्री सूर्य स्वगृही भएर बसेकाले शुभ संकेतहरू देखिनेछन्। ज्ञान-विज्ञानको होडबाजी नै चल्नेछ। महत्त्वपूर्ण कामको शुभारम्भ हुनेछ। व्यावसायिक रूपले समय राम्रो रहनेछ। औद्योगिक क्षेत्रका लागि वर्ष अनुकूल रहनेछ। वैदेशिक सम्बधमा सुधार आउने भए पनि मित्रराष्ट्रहरूबाट सहयोगभन्दा बढी उनीहरूको स्वार्थसिद्धिका लागि अप्रत्यक्ष रूपमा वा सोझै आक्रमण हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न।

नेतृत्व वर्गले आफ्नो अधिकारको संरक्षण गर्न नसक्ने र आफूमाथि रहेको जनविश्वास पनि गुमाउन सक्नेछन्। अतिवृष्टि, खण्डवृष्टिले दैवी प्रकोप बढ्ने सम्भावना भए पनि समयानुकूल वर्षाले बालीनालीमा शुभप्रभाव पार्नेछ। गुरु स्वगृही भएकाले धार्मिक कार्यहरू प्रशस्तै हुनेछन्। आध्यात्मिक शक्तिको उपयोगले राष्ट्रिय अखण्डता र सामाजिक स्वाभिमानलाई बौद्धिक व्यक्तिहरूले एकत्र भै सम्हाल्नेछन्। शैक्षिक क्षेत्र बलियो रहनेछ। वर्ष लग्न र देशको राशिबाट विचार गर्दा वर्ष प्रवेशको समयमा तुला लग्न भै लग्नेश शुक्र शत्रु स्थानमा बसेको र देशको राशि वृश्चिकबाट हेर्दा राशिदेखि अष्टममा मंगल, दशममा शनि र केतु बसेको हुँदा स्थिति प्रतिकूल रहने प्रशस्तै सम्भावना छन्। अष्टममा बसेको मंगल तथा राज्य स्थानमा बसेको शनिले सैन्यशक्तिलाई उत्तेजित बनाउनेछ। राजनैतिक असहमति बढ्नेछ। राज्य सञ्चालन गर्नेहरू समाजप्रतिभन्दा निजी स्वार्थमा र पद प्राप्तिमा लुप्त हुँदा समाजमा वितृष्णा बढ्नेछ।

राष्ट्रलाई प्राप्त वैदेशिक सहयोग आफ्नो स्वार्थमा उपयोग गर्ने चाहना बढ्नेछ। जाति वर्गविशेषको झगडाले समाज भयभीत हुनेछ। असामाजिक शक्तिलाई परास्त गर्न सैन्यशक्तिलाई उन्मुख गराउन राज्य बाध्य हुनेछ। यस्ता समयमा वैदेशिक सैन्य सहायताको माग हुन सक्ने र विदेशी सेना प्रवेश हुनाले आफ्ना मौलिकताहरू गुम्न सक्नेछन्। राष्ट्रियता र संस्कृतिको जगेर्नाका लागि बौद्धिक वर्गहरू एकताबद्ध भएर अगाडि बढ्नेछन्। सफलता प्राप्तिका लागि मूल्य भने ठूलै चुकाउनुपर्नेछ। राष्ट्रप्रेमीहरू सबल बन्ने र राष्ट्रद्रोहीहरू कमजोर बन्नेछन्। जेठ ९ गतेदेखि सिंह राशिमा प्रवेश गर्ने मित्र गृहको मंगल, त्यसै राशिमा बसेको शत्रु गृहको शनिको तात्त्विक भिन्नताले साउन २७ गतेसम्म आपसी द्वन्द्व बढाउनेछ। यस्ता समयमा दैविक तथा प्राकृतिक घटनाहरू भूकम्प, बाढीपहिरो आदिले जनमानसलाई भयभीत बनाउनुका साथै राजनैतिक उतारचढाव बढ्ने सम्भावना हुनेछ। सैन्य बल यस्तै अवस्थामा उपयोग हुनेछ। राष्ट्रिय व्यक्तित्वको मृत्यु वा विलयले समाज दुःखी हुनेछ। यस्तो अवस्थामा राष्ट्रप्रमुखहरूले संयमित भएर शान्ति-स्वस्ति गर्नु आवश्यक हुनेछ।

यस्तो असहज समयमा पनि जनचाहनाअनुरूप जनअधिकारको संरक्षण गर्ने नयाँ नेतृत्वको उदय हुनेछ। समुन्नत राष्ट्रनिर्माणको आधारशिला यसै वर्ष प्रारम्भ हुनेछ। वर्षको आरम्भसँगै सत्ता परिवर्तित हुने सम्भावना छ। मंसिर १६ गतेदेखि वक्र हुने शनिले राष्ट्रिय संकट निम्त्याउन सक्छ। कात्तिक २४ गते बाट नेपालको राशिमा प्रवेश गर्ने मंगल, राशिदेखि दशम भावमा बसेको शनिले विवाद बढाउन सक्छ। वैशाखदेखि साउनसम्म र मंसिर १६ गतेदेखि चैतसम्म राजनीतिमा संकट आउन सक्नेछ। सवारी दुर्घटना र हवाईजहाज दुर्घटनामा महत्त्वपूर्ण व्यक्तिको मृत्यु हुन सक्छ।

## शनि अढैया र साढेसाती हुने राशिहरू

**वृष र मकर राशिलाई वर्षभरि नै अढैया शनिको प्रभाव रहनेछ।**

**कर्कटलाई अन्त्य, सिंहलाई मध्य र कन्यालाई आद्य साढेसाती वर्षभर नै रहनेछ।**

**जन्मकुण्डलीमा शनि शुभ भए साढेसातीले लाभ गराउनेछ अशुभ भए हानि गराउनेछ। शनिको जप शान्ति, पीपल पूजा तथा शनिबार बिहान कालभैरवमा गएर पूजा गरी भैरवको दायाँ हातमा २ मिटर कालो कपडा राखिदिने र फलामको दियोमा कालो बत्ती बालेर राखिदिने, त्यसपछि १० कदम पछि हटेर फर्कने, यस्तो प्रक्रियाबाट शनिको प्रतिकूल प्रभाव कम हुनेछ।**

## यो साताको पञ्चाङ्ग

चैत ३० गते : वर्ष २०६४ समाप्त, वैशाख १ गते : वर्ष २०६५ प्रारम्भ, वैशाख संक्रान्ति, चैते दसैं, मछिन्द्रनाथको रथयात्रा, भक्तपुर विश्वध्वजपातन, शिख समुदायको वैशाखी पर्व प्रारम्भ, २ गते : राम नवमी, भक्तपुर महाकाली, महालक्ष्मी जात्रा, मध्यपुर ठिमी बालकुमारी जात्रा, ३ गते : भक्तपुर बहमायणी जात्रा, ४ गते : कामदा एकादशी, भक्तपुर छुमा गणेश जात्रा, ५ गते : भक्तपुर भैरव भद्रकाली जात्रा।

# नवीनता देखिएन क्यानभासमा

वर्ष २०६४ मा पनि स्थापित चित्रकारहरूकै सक्रियता देखियो । परम्परागत कलाको चहलपहल न्यून रह्यो भने आधुनिक चित्रकलाको प्रदर्शनी बाक्लो भएको पाइयो । आधुनिक कालमा दिग्गज मानिएका सबैजसो कलाकार प्रदर्शनीमा देखापरे ।

चित्रकलावृत्तमा एउटा यस्तो समय थियो जतिबेला स्थापित चित्रकारका प्रदर्शनीहरूमा राखिएका सबै कला बिक्री हुन्थे । प्रदर्शनीको चर्चा पनि उल्लेख्य हुन्थ्यो तर २०६४ मा बिक्री र चर्चा दुवै हिसाबमा चित्रकला पछि पर्‍यो । यसो हुनुको पछाडि कुनै एउटा मात्र कारण छैन । चित्रकलाको अव्यवस्थित बजार र पर्यटकको कमीका साथै कलामा नयाँ खोज र अनुसन्धान नहुनुले पनि यो क्षेत्र खासै उल्लेख्य रहन नसकेको राय कला समीक्षकहरूको छ ।

वर्ष २०६४ मा प्रायः सबै स्थापित कलाकारले आफ्नो छविलाई निरन्तरता दिए । पाँच वर्षअघिको चित्र कोर्ने तरिका र रंग संयोजन यो वर्षसम्म धेरै कलाकारले कायम राखे । यसको पछिल्लो उदाहरण फागुन महिनामा प्रदर्शित एउटा सामूहिक प्रदर्शनीलाई लिन सकिन्छ । बाग्मती बचाउ अभियानअन्तर्गतको उक्त सामूहिक कला प्रदर्शनीमा कलाकारहरू शशी शाह, वत्सगोपाल वैद्य, कृष्ण मानन्धर, शंकरराज सिंह सुवाल, विजय थापा, किरण मानन्धर आदिले भाग लिएका थिए । क्यानभासमा कलाकार शशी शाहको सेतो घोडा निकै आकर्षक थियो । उक्त चित्रमा कलाकार शाहले भुइँमा दौडिने क्रममा रहेको उक्त घोडालाई बाग्मतीको प्रतीकका रूपमा उभ्याएका थिए । वर्षौंदेखि हरेक विषयलाई घोडामार्फत प्रस्तुत गर्दै आएका कलाकार शाहले यो वर्ष पनि त्यही सूत्रलाई कायम राखे । कलाकार शाहले मात्र होइन, अर्धमूर्त कलामा नम्बर एक मानिने कृष्ण मानन्धर र इचिङ प्रविधिकी चर्चित कलाकार रागिनी उपाध्यायको कला सिर्जनाको सूत्र पनि नवीन भएको पाइएन । बरु लैनसिंह बाङ्देलका चेलाद्वय शान्तकुमार राई र नरेशसुन्दर सैंजू यो मामिलामा केही पृथक् देखिए । केही वर्षअघिसम्म बाङ्देलकै चित्रको झझल्को पाइने राई र सैंजुका चित्रले यस पटकदेखि भने भिन्न परिचय बनाएको देखियो ।



स्तरीयताको दृष्टिकोणले यो वर्ष एक दर्जन जति प्रदर्शनी अगाडि रहे । ललितकला संस्था 'नाफा' नक्साल आर्ट काउन्सिल बबरमहल, आर्ट सप दरबारमार्ग र सिद्धार्थ आर्ट ग्यालरी बबरमहल सबैभन्दा बढी चित्रकला गर्ने प्रदर्शनी गर्ने ग्यालरी हुन् । यी प्रत्येक ग्यालरीले यो वर्ष सरदर एक दर्जन कला प्रदर्शनी सम्पन्न गरे । एकल चित्रकला प्रदशनी गर्नेमा लय मैनाली, दिलबहादुर चित्रकार, डी. राम पाल्पाली, पृथ्वी श्रेष्ठ, एस. सी. सुमन, रत्नकाजी शाक्य, रमेश खनाल, मोहम्मद जब्बर, सम्झना राजभण्डारी, प्रमिला बज्राचार्य, सुनिल सिग्देल, सागर मानन्धर, एरिना ताम्राकार, प्रदीपकुमार बज्रचार्य, आशा डंगोल, हेमा पौडेल, विधाता केसी, मदन चित्रकार आदि प्रमुख रहे । वर्षको सुरुमा कलाकार लय मैनालीको प्रदर्शनीले तारिफ बटुल्यो । शिवलिंगहरूको श्रृंखला मुख्य विषयक उक्त प्रदर्शनी स्तरीयताको हिसाबमा पनि माथि रह्यो । वर्षको अन्त्यमा आयोजित कलाकार मदन चित्रकारको प्रदर्शनी अब्बल ठहरियो । हिंसाग्रस्त मुलुकको यथार्थ चित्र खिचिएका मदनको चित्रकला रङ-संयोजनको दृष्टिकोणले उल्लेख्य रह्यो । मदनको विशेषता नै शीतल रङको प्रयोग हो । शीतल रङ्गको प्रयोग गरेर हिंसा देखाउन सक्ने मदनको खुबीलाई धेरैले प्रशंसा गरे ।

एकल प्रदर्शनीमध्ये ल्यान्डस्केप ओस्ताद वृद्ध कलाकार डीबी चित्रकार (दिलबहादुर चित्रकार) को प्रदर्शनी पनि तारिफयोग्य रह्यो भने क्यानभासमा चराविशेषज्ञका रूपमा परिचित हेम पौडेलका चित्रहरू पनि प्रदर्शनमा राम्रो मानिए । सीमसार क्षेत्रका चराहरू लिएर आएका कलाकार पौडेलले चार दर्जन चित्र प्रस्तुत गरेका थिए । युवा कलाकारहरूमा सुनील सिग्देल, पृथ्वी श्रेष्ठ र सागर मानन्धरको एकल प्रदर्शनीलाई कलाप्रेमीले बढी नै चासो दिए ।

सामूहिक प्रदर्शनीहरूमा चम्पापुर कला महोत्सवको अवसर पारेर ललितपुर चापागाउँमा गरिएको कला कार्यशाला चर्चाको हिसाबमा अगाडि रह्यो । उक्त प्रदर्शनीमा उत्तरा नेपाली, केके कर्माचार्य, राधेश्याम मुल्मी, श्यामलाल श्रेष्ठ, गौतमरत्न तुलाधर, नरेन्द्र श्रेष्ठ आदि साठी कलाकारले बनाएका सत्तरी चित्र राखिएका थिए । त्यसैगरी नाटककार अशेष मल्लको 'इतिहासको बाँकी पृष्ठ' नामक नाटक हेरेर बालाजुस्थित शान्ति बाटिकामा आयोजित कला कार्यशालामा सिर्जित कला पनि उल्लेख्य रह्यो । यो कार्यशालामा उत्तम नेपाली, रागिनी उपाध्याय, राधेश्याम मुल्मी आदिको नेतृत्व थियो । अगुवा कलाकार शशी शाह, वत्सगोपाल वैद्य, दुर्गा बराल 'वास्यायन', कृष्ण मानन्धर, किरण मानन्धर, श्यामलाल श्रेष्ठ, शशीकला तिवारी, रागिनी उपाध्याय, डा. सीमा साह आदिको सामूहिक कला प्रदर्शन पनि वर्षको उल्लेख्य प्रदर्शनीमा गणना भयो । बबरमहलमा आयोजित आमलगम नामक उक्त प्रदर्शनीमा ३३ चित्रकला राखिएको थियो ।

परम्परागत कलातर्फ सिद्धार्थ आर्ट ग्यालरीमा एससी सुमनको मिथिला कसमस र छाउनीमा भदौ महिनामा आयोजित बुद्ध मूर्तिको प्रदर्शनीमा धेरै कलाप्रेमीको उपस्थित रह्यो । २५५१ औं बुद्धजयन्तीको उपलक्ष्यमा नाफा हल नक्सालमा आयोजित थाङ्का कला प्रदर्शनी पनि आकर्षणको केन्द्र रह्यो । उक्त प्रदर्शनीमा राखिएका चित्रको मोल ३५ हजारदेखि ७ लाखसम्म थियो ।

५० वर्षअघिका चित्रहरूको प्रदर्शनी पनि हेर्न लायक थियो । पुल्चोक पार्क आर्ट ग्यालरीमा आयोजित उक्त प्रदर्शनीमा स्वर्गीय कलाकार चन्द्रमान मास्के, तेजबहादुर चित्रकार, बालकृष्ण सम र रामानन्द जोशीका १९ वटा चित्र राखिएका थिए ।

यो वर्ष केही कला समूह नवीन काम गर्न देखा परे । यो पंक्तिमा सूत्र, विन्दु,, लसना आदि कला समूहको काम तारिफयोग्य रह्यो । नयाँ खोज र अनुसन्धान गर्ने सवालमा यी समूहले तारिफ बटुलेका हुन् । भिडियो आर्ट, पर्फरमेन्स आर्ट, स्टलेसन आदि प्रकारका कलामा युवा पुस्ताको बढी ध्यान गएको पाइन्छ । अस्मिना रञ्जित, राजन काफ्ले, सुनिल सिग्देल, पृथ्वी श्रेष्ठ, जुपिटर प्रधान, सौरगंगा दर्शनधारी आदि कलाकार यस प्रकारको कलामा अगाडि देखिए । काठमाडौं विश्वविद्यालयका विद्यार्थी कलाकारहरूको प्रदर्शनी पनि अर्थपूर्ण रह्यो ।

# प्रगतिउन्मुख रह्यो रंगमञ्च



केही वर्षअघिसम्म नाट्यक्षेत्र ब्रह्मनालमा पुगेको घोषणा गर्नेहरूलाई वर्ष २०६४ ले गतिलो झापड हानेको छ । यो वर्ष प्रदर्शित नाटक अनि ती नाटकहरूले पाएको चर्चा र उल्लेख्य दर्शकले नाट्या विधा मरेको छैन भन्ने कुरा प्रमाणित गर्‍यो । २०६४ मा नाटक गर्नेका रूपमा पहिलो खाता नयाँ नाट्य सिल्पीले खोल्यो । आमजनताको मुखमा झुन्डिएको शब्द नयाँ नेपाल नाम राखिएको उक्त नाटकले चर्चा मात्र पाएन, नाट्य संस्था शिल्पिलाई स्थापित नै गरिदियो। वर्षभरि अति सक्रिय शिल्पीले २०६४ को अन्त्यमा पनि चर्चा बटुल्यो। जर्ज बर्नाड शाको चर्चित नाटक एपल कार्टको नेपाली रूपान्तरण उलारमार्फत् शिल्पीले चर्चा बटुलेको हो । नयाँ नेपाल र उलारको बीचमा उक्त समूहले मुलुकभरिका दर्जनौं स्थानमा नाटक प्रस्तुत गर्‍यो ।

वर्षभरि सबैभन्दा बढी नाटक प्रस्तुत गर्ने संस्थामा आरोहण, सर्वनाम र शिल्पी पर्छन्। त्यसैगरी सबैभन्दा बढी नाटक मञ्चन गरिएको रंगमञ्चमा गुरुकुल र प्रज्ञा-प्रतिष्ठान। गाईजात्रे नाटकलाई छोडेर दर्जनजति सिर्जनात्मक नाटक प्रस्तुत भए। यो दौडमा आरोहणले सबैलाई उछिन्यो। आरोहणका धेरै नाटक चर्चामा रहे।

भारतको पश्चिम बंगालमा आयोजित एक अन्तर्राष्ट्रिय नाटक महोत्सवमा आरोहणले मायादेवीका सपना नामक नाटकसहित नेपालको प्रतिनिधित्व गर्‍यो । यसको निर्देशन निशा पोखरेलले गरेकी थिइन् । जेठ महिनामा गुरुकुल हेनरी इब्सनको डल्स हाउसलाई १ सय ५० औं पटक प्रस्तुत गर्‍यो । त्यसैगरी साउनमा सुनिल पोखरेलको निर्देशनमा मञ्चित 'न्यायप्रेमी' ले दर्शकको माया बटुल्यो । सञ्जीव उप्रेती, दिलभूषण पाठक, निशा शर्मा, सौगात मल्ल, सरिता गिरी आदिको अभिनय रहेको न्यायप्रेमी फ्रेन्च लेखक अल्वेयर कामुले लेखेको 'द जस्ट'को नेपाली रूपान्तरण हो। यसको अनुवाद कल्पना घिमिरेले गरेकी थिइन्।

**२०६४ का उल्लेख्य दस नाटक**

| नाटक | निर्देशक |
|---|---|
| १. न्यायप्रेमी | सुनील पोखरेल |
| २. डाक्टर कनक | सुनील पोखरेल |
| ३. धनचक्कर | सुनील पोखरेल |
| ६. इतिहासको बाँकी पृष्ठ | अशेष मल्ल |
| ५. टलकजङ भर्सेस टुल्के | अनुप बराल |
| ६. बाँकी उज्यालो | अनुप बराल |
| ७. उलार | घिमिरे युवराज |
| ८. समय शरीर यात्रा | वीरेन्द्र हमाल |
| ९. नयाँ नेपाल | घिमिरे युवराज |
| १०. मायादेवीका सपना | निशा पोखरेल |

त्यसै गरी सुनिल पोखरेलकै निर्देशन रहेको डाक्टर कनक असोज महिनामा प्रस्तुत गरियो । फ्रन्सेली नाटक डाक्टर नकको नेपाली संस्करण डाक्टर कनकमा कमलमणि नेपाल, सौगात मल्ल, अरुणा कार्की आदिको अभिनय थियो । यो नाटकको अनुवाद पनि कल्पना घिमिरेले नै गरेकी थिइन् ।

सुनिल पोखरेलको निर्देशन रहेका नाटकहरूमा सर्वाधिक चर्चा पाउनेमा धनचक्कर अगाडि देखियो । प्राध्यापक सञ्जीव उप्रेतीको उपन्यास धनचक्करलाई माघ महिनामा गुरुकुलको मञ्चमा प्रस्तुत गरिएको थियो । अन्तर्राष्ट्रमा पनि गुरुकुलले धेरै नेपाली नाटकलाई पुर्‍यायो । यसमध्ये इङ्ल्यान्डको कन्फ्याक्टिङ द वर्ल्डले गर्ने नाटक महोत्सवमा एसियाका दुई देश छानिए । ती दुई देशमा भारत र नेपाल रहे । नेपालको पनि आरोहणले त्यो सौभाग्य प्राप्त गर्‍यो ।

खासगरी सडक नाटकमा दक्ष मानिएको सर्वनामले दर्जनौं सडक नाटकका साथै केही रंगमञ्चीय नाटक पनि प्रस्तुत गर्‍यो । यो क्रममा राष्ट्रिय सभागृहमा अशेष मल्लको लेखन तथा निर्देशन रहेको इतिहासको बाँकी पृष्ठ मञ्चन गरियो । यो नाटक हेरेर मुलुकमा स्थापित धेरै चित्रकारले चित्र कोरे ।


सिर्जनात्मक नाटकको निर्देशन गर्ने सवालमा अनुप बराल पनि अगाडि देखिए । अनुपले टलकजङ भर्सेज टुल्केबाट निकै चर्चा पाए । यो नाटक विश्वका सुप्रसिद्ध साहित्यकार लु सुनले सन् १९११ देखि २१ सम्म चिनियाँ समाजको राजनैतिक तथा सामाजिक परिवेश उतारिएको 'आह् क्यु को.....नेपाली संस्करण हो । जात सोध्नु जोगीको जस्तो नाटकबाट स्याबासी बुटलिसकेका अनुपले कात्तिक महिनामा प्रस्तुत गरेको बाँकी उज्यालोबाट पनि निकै चर्चा पाए । बाँकी उज्यालो भारतीय साहित्यकार विजय तेन्दुलकरको सिर्जना हो ।

नाट्य निर्देशक तथा कलाकार वीरेन्द्र हमालले डा. अभि सुवेदीद्वारा लिखित नाटक 'समय शरीर यात्रा'लाई गुरुकुलमा मञ्चन गरे । उक्त नाटकमा सौगात मल्लले अभिनय गरेका थिए । होटल बज्रमा मञ्चित 'द अनेस्ट थिप' अर्थात् इमान्दार चोर पनि २०६४ मा गनिएको नाटकमा पर्छ ।

सिर्जनशील नाटकको तुलनामा २०६४ मा प्रायोजिन नाटक बढी देखाइए । प्रायोजित नाटकको मुख्य विषय संविधानसभाको निर्वाचन थियो । निर्वाचनको मिति तोकिँदै सर्दै गर्नाले यो विषयमा वर्षभरि नाटक प्रस्तुत गरिए । फोहोरमैला, परिवार नियोजन, बालशोषण, महिला हिंसा आदि विषयमा बढी प्रायोजित नाटक हुँदै आए पनि वर्ष २०६४ मा संविधानसभा निर्वाचन, पहाड-तराई समस्या आदि विषयले बढी महत्त्व पाए ।

सिर्जनशील नाटकतर्फ पनि एउटा समस्याचाहिं कायम रह्यो। त्यो के हो भने– विदेशी नाटककारका कृतिलाई मञ्चित गर्ने। यो अवस्थाले नेपालमा नाटककार छैनन् वा स्तरीय नाटककार छैनन भन्ने कुरा पुष्टि गर्छ। मञ्च सज्जा, निर्देशकीय क्षमता र कलाकारको अभिनयको सवालमा यो वर्ष तारिफयोग्य रह्यो। त्योभन्दा पनि टिकट काटेर नाटक हेर्ने दर्शकको संख्यामा वृद्धि भयो। नाटकलाई आवश्यक मुख्य कुरा कलाकार र दर्शक हुन् । नेपाली नाटक यी दुवै पक्षमा सबल हुँदै आएको पाइन्छ ।


## जन्मदिनको शुभकामना



अभिषेक श्रेष्ठ
२०६१ चैत ३०




आयुशा बेगनासी
२०६३ वैशाख ३



प्रश्रय चालिसे
२०६१ वैशाख ४



प्रचण्ड रानाभाट
२०५८ वैशाख ४




सृष्टिका राजवंशी
२०५४ वैशाख ५




ईशा थापा
२०६३ वैशाख १




ईशान थापा
२०६० वैशाख ३



अमन श्रेष्ठ
२०५४ वैशाख १



अस्मिना दवाडी
२०६२ वैशाख ३



प्रेरित श्रेष्ठ
२०५८ चैत ३०

फारम

## जन्मदिनको शुभकामना

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :.................................................

ठेगाना : .................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# खेलकुदमा विवादको वर्ष



वर्ष २०६४ नेपाली खेलकुदका लागि सबैभन्दा विवादित वर्ष रह्यो। यो वर्ष थुप्रै खालका विवाद भए। अदालती निर्णयको अवज्ञा गर्दै भएको ओलम्पिक कमिटीको निर्वाचन, नेपालमा सम्पन्न यु-१५ एलाइट कप क्रिकेट प्रतियोगिता, नेपाली खेलकुद संघहरूको विघटन र अखिल नेपाल फुटबल संघभित्रको विवाद यस वर्ष सबैभन्दा चर्चित रहे।

## ओलम्पिक कमिटी विवाद

पुनरावेदन अदालत पाटनको निर्णयलाई अवज्ञा गर्दै ओलम्पिक कमिटीको निर्वाचन सम्पन्न भएपछि त्यसको प्रभाव नेपाली खेलकुदमा वर्ष २०६४ पर्‍यो। ओलम्पिक कमिटीका दुई प्रतिनिधि मिचेल फिलाउ र हैदर फरमानको अनुपस्थितिमा सो निर्वाचन भएपछि ओलम्पिक कमिटीको नेपाललाई हेर्ने दृष्टिकोणमा मतभेद पैदा भयो। यसै वर्ष ओलम्पिक काउन्सिल अफ एसियाको बैठकमै नेपालका बारे गम्भीर प्रश्न उठाइयो। ओलम्पिक कमिटीको विवाद यतिमै सीमित रहेन। जिल्ला प्रशासन कार्यालय, काठमाडौंले ओलम्पिक कमिटीसँग स्पष्टीकरण माग गर्‍यो भने पहिलो पटकको जवाफ चित्तबुझ्दो नभएपछि जिल्ला प्रशासन कार्यालयले दोहोर्‍याएर स्पष्टीकरण माग्यो।

यो विवादले ओलम्पिक कमिटीको कार्यमा प्रतिकूल प्रभाव पर्‍यो भने शिलान्यास भइसकेको सातदोबाटोको ओलम्पिक भवनको निमार्णकार्य सुरु हुन सकेन। यसै वर्ष ओलम्पिक कमिटीका कोशाध्यक्ष उपेन्द्रकेशरी न्यौपानले जिल्ला प्रशासन कार्यालयलाई लेखेको पत्रले ओलम्पिक कमिटीको विवादलाई झनै बढायो। नेपाली खेलकुदका कानुनविज्ञका रूपमा परिचत न्यौपानेले हाल नेपालमा रहेको ओलम्पिक कमिटीको पुर्नगठित स्वरूप नभै अर्कै संस्था अस्तित्वमा रहेको जिकिर गरेका छन्।

## यु-१५ एलाइट कप विवाद

यसै वर्ष नेपालमा भएको यु-१५ एलाइट कप क्रिकेट प्रतियोगिता अर्को विवादास्पद घटनाका रूपमा चर्चित हुन पुग्यो। मंसिर महिनामा काठमाडौंमा भएको सो प्रतियोगितामा सेमिफाइनलमा पुगेका तीन टोली नेपाल, हङकङ र अफगानिस्तानसहित



सात टोलीलाई बढी उमेरका खेलाडी खेलाडी खेलाएको आरोपमा अयोग्य घोषित गरियो। थाइल्यान्ड, मलेसिया, ओमान र साउदी अरेबिया पनि प्रतिबन्धको सिकार भएका थिए। आश्चर्यजनक रूपमा फाइनल खेल्न पाएको सिंगापुरले कुबेतलाई पराजित गर्दै उपाधि त हात पार्‍यो तर केही महिनापछि नै एसियाली क्रिकेट काउन्सील (एसीसी) ले नै प्रतिबन्धको निर्णय गलत भएको स्वीकार गर्दै सो प्रतियोगिता खारेजको निर्णय गरेपछि सिंगापुरको उपाधि औचित्यहीन हुन पुग्यो।

आफूले टोली तयार गर्नुअघि सम्पूर्ण प्रक्रिया पूरा गरेको र एसीसीको निर्णय गलत रहेको नेपाल क्रिकेट संघको दाबीलाई अन्ततः एसीसीले स्वीकार गर्‍यो। नेपाललगायत हङकङले यस घटनाको प्रतिकार गरेपछि अन्तर्राष्ट्रिय निकाय पनि यो प्रसङ्गमा गम्भीर बनेको थियो। मान्यताप्राप्त चिकित्सकले तयार पारेको मेडिकल रिपोर्ट र विद्यालयको प्रमाणपत्रलाई आधार मान्दै नेपालले आफू निर्दोष रहेको दाबी गर्दै आएको थियो। अर्कातर्फ हङकङले जन्मदर्ताको प्रमाणपत्रलाई आधार मान्दै निर्दोष भएको दावी गरिरहेको थियो। एसीसीको बैठकले सो प्रतियोगिता खारेज गर्दै सम्पूर्ण प्रतिबन्ध फुकुवाको निर्णय गरेको हो।

## संघ विघटन विवाद

राष्ट्रिय खेलकुद परिषद्ले जेठ महिनामा पाँचवटा संघ विघटन गरेपछि उत्पन्न विवादले नेपाली खेलकुद लामो समय चर्चामा रह्यो। परिषद्ले नेपाल आर्चरी संघ, नेपाल सुटिङ संघ, नेपाल ह्यान्डबल संघ, नेपाल विलियर्ड्स एन्ड स्नुकर संघ एवं नेपाल खोखो संघलाई विघटन गरेको थियो। त्यसको लगत्तै बुद्धिचाल संघको पुर्नगठन गरियो भने नेपाल बास्केटबल संघको निर्वाचन पनि विवादरहित हुन सकेन।

उपरोक्त विवादको प्रकृति भने भिन्नाभिन्नै रह्यो। सुरुमा पाँच संघ र त्यसपछि बुद्धिचाल गरी छ संघ पुनर्गठन गरियो भने कार्यसमितिका बहुमत सदस्यको असहमतिमा बास्केटबल संघको निर्वाचन गरियो।

विघटित सुटिङ संघका अध्यक्ष किशोरबहादुर कार्कीको संयोजकत्वमा गठित संघर्ष समितिले आन्दोलनको कार्यक्रम अगाडि सार्दै आएपछि परिसरमै तनाव स्थितिसमेत देखा परेको थियो।

संघर्ष समितिले पत्रकार भेटघाट र मन्त्रालयमा ज्ञापनपत्र बुझाउने कार्य गर्‍यो भने पछिल्लो समयमा अन्तर्राष्ट्रिय महासंघले ह्यान्डबल र आर्चरीसहित तीन संघको विघटनका बारेमा स्पष्टीकरण सोधेको थियो। ओलम्पिक कमिटीको निर्वाचनमा सुटिङ संघको प्रतिनिधित्व नभएको आरोप लगाउँदै मुद्दा दायर गरेका किशोरबहादुर कार्कीले संघ विघटनको आरोपमा समेत मुद्दा दायर गरे। यसै गरी एथलेटिक्स संघको सवालमा उत्पन्न विवादको विषयमा अदालतमा मुद्दा विचाराधीन छ। परिषद्ले विघटन गरे पनि ह्यान्डबल, सुटिङ र बास्केटबल संघका पुराना अधीकारीले आफू आधिकारिक भएको दावीलाई भने अझैसम्म पनि छाडेका छैनन्।

## फुटबल विवाद

नेपालको सबैभन्दा लोकप्रिय संघ फुटबल पनि विवादरहित हुन सकेन। बारम्बारको वार्ता एवं परिषद् तथा शिक्षा तथा खेलकद् मन्त्रीसहितको प्रयासले वर्षको अन्त्यसम्ममा सार्थकता पाउन सकेन। बी डिभिजन क्लबहरूले उठाएको आन्दोलनले संगठित रूप लिएपछि नेपाली फुटबलका प्रभावशाली क्लब मनाङ-मर्स्याङ्दी, आरसिटी, संकटा र मच्छिन्द्रले ऐक्यबद्धता जनाएपछि यो वर्षको लिगसमेत हुन सकेन। संघर्ष समिति, क्लब संघ, फुटबल संघ र परिषद्बीच बारम्बार वार्ता भए पनि यसले साकार रूप लिन सकेन। विधान परिवर्तन, साधारण सभाको नयाँ स्वरूप र निर्वाचनको मागसहितको यो आन्दोलन अन्ततः कुन पक्ष सत्तासीन भएर निर्वाचन गराउने भन्ने कुरामा केन्द्रित छ। अध्यक्ष गणेश थापाको राजीनामा वा संघ विघटनको माग गर्दै आएको संघर्ष समिति अन्ततः कुनै उपाध्यक्षलाई कार्यवाहक बनाउने सोचाइमा पुगेको छ। पछिल्लो समयमा फुटबल संघ पनि नयाँ पदाधिकारी थप्दै सबैलाई समेट्ने कुरामा भने सहमत भएको छ।

तीन पटक निर्वाचनको मिति तोकिए पनि फिफाले लगाउन सक्ने प्रतिबन्धको हवाला एन्फाले दिइनै रह्यो भने संघर्ष समिति पनि त्यत्तिकै यो संघलाई सहयोग गर्न तत्पर देखिएन। फुटबल संघको यो विवादको सबैभन्दा ठूलो सिकार भने राम्रो फुटबल टोली तयार गर्नका लागि लाखौं रुपैयाँ खर्च गरेका चार ए डिभिजन क्लब, नबिल थ्रीस्टार क्लब, एनआइबी फेन्ड्स क्लब, जावलाखेल युथ क्लब र एनआरटी बनेका छन्।

यो वर्ष उसु, तेक्वान्दो र गोजुरियो कराँते संघको विवाद पनि चर्चाको विषय बन्यो।

## जसको चर्चा नकारात्मक रह्यो

### कान्छीमाया कोजु



गत असार महिनामा जापानमा भएको विश्व एथलेटिक्स च्याम्पियनसिपमा सहभागी हुन गएकी कान्छीमाया कोजु जापानमै पलायन भएकी थिइन्। धन कमाउने लोभमा जापानमा पलायन कोजु अन्ततः काठमाडौ फर्कन बाध्य भइन्। जापान सरकारले अबैध रूपमा बसोबास गर्नेलाई देशमा फर्काउने नीति लिएपछि कोजुले आत्मसमर्पण गरेकी थिइन्।

जापान भाग्नुअघि कोजु नेपालकी एथलेटिक्सकी शीर्ष खेलाडी मानिन्थिन्। कोजुले दसौं दक्षिण एसियाली खेलकुदमा १० हजार मिटर दौडमा रजत पदक जितेकी थिइन्। घरेलु प्रतियोगितामा पनि कोजुको एकछत्र राज रहँदै आएको थियो।

### जीवनराम श्रेष्ठ



जीवनराम श्रेष्ठ नेपाली खेलकुदको सबैभन्दा विवादित व्यक्तिका रूपमा रहेका छन्। राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिवको कार्यभार सम्हालेयता उनी अनेकौं खालका विवादमा मुछिँदै आएका छन्। राष्ट्रिय खेलकुद परिषद्को बोर्ड बैठकविना एकलौटी निर्णय गर्ने आरोप सहेका श्रेष्ठ एकै वर्षमा सात संघको विवादमा मुछिए। यसका साथै उनी स्की संघ, ओलम्पीक कमिटीलगायत थुप्रै विवादास्पद घटनामा दोहोरो भूमिका निर्वाह गरेको आरोपमा मुछिए। उनको कार्यकालमा उसु संघको विवाद समाधान हुन सकेको छैन भने फुटबल संघको विवादले तहस-नहस हुँदा पनि कुनै समाधान पाउन सकेन। उनकै कार्यकालमा तेक्वान्दो संघको विवाद पनि चर्किएको छ।

### फुटबल संघ



आपसी विवादमा मुछिएको नेपाली फुटबलले यस पटक राष्ट्रिय लिगसमेत आयोजना गर्न सकेन। लगातारको विवादको कारण अन्ततः यस वर्षको फुटबलको प्रतियोगिता मोफसलमै केन्द्रित रह्यो। राष्ट्रिय लिग सम्पन्न हुन नसकेका कारण आसन्न प्रेसिडेन्ट कप फुटबलमा गत वर्षको विजेता नेपाल पुलिस क्लबले नै सहभागिताको अवसर पायो। यसै गरी काठमाडौंमा हुने भनिएको एएफसी प्रसिडेन्ट कपको पहिलो चरणको खेलको आयोजना गर्न नेपालले अन्तिम समयमा असमर्थता जनायो भने एएफसी च्यालेन्ज कपको आयोजनाको अवसर पनि नेपालले गुमायो।

### कुशल श्रेष्ठ



काठमाडौंमा भएको राष्ट्रिय टोली छनौट खेलमा पराजित भएपछि श्रेष्ठका लागि यो वर्ष दुःखद रह्यो। दसौं दक्षिण एसियाली खेलकुदमा नेपालका लागि कराँतेको कुमुतेमा एक मात्र स्वर्ण पदक दिलाएका कारण चर्चामा आएका श्रेष्ठबाट नेपालले एसियाली खेलकुदमा पनि पदकको आशा गरेको थियो।

# कसले पाए २०६४ सालका प्रमुख पुरस्कार

**जगदम्बाश्री पुरस्कार**

मदन पुरस्कार गुठीले यस वर्षको जगदम्बाश्री पुरस्कार नेपाली भाषाको सेवामा निरन्तर योगदान पुर्‍याएबापत डा. तीर्थबहादुर श्रेष्ठलाई दिएको प्रदान गरेको छ। पुरस्कारको राशि २ लाख छ।

**मदन पुरस्कार**

मदन पुरस्कार गुठीले २ लाख रुपैयाँ बराबरको मदन पुरस्कार कथासंग्रह 'छापामारको छोरो' का लागि महेशविक्रम शाहलाई प्रदान गरेको छ।

**छिन्नलता पुरस्कार**

छिन्नलता गीत पुरस्कार गुठीले यस वर्षको गीत रचनातर्फको पुरस्कार कञ्चन पुडासैनीलाई, गायनतर्फको लोचन भट्टराईलाई र छिन्नलता प्रतिभा पुरस्कार प्रथम नेपाली तारा दीपक लिम्बूलाई प्रदान गर्‍यो। सबै पुरस्कारको राशि २० हजार छ।

**म्यागसेसे पुरस्कार**

एसियाको नोबेल पुरस्कार भनिने ५० हजार डलरको रोमन म्यागसेसे पुरस्कार ग्रामीण सञ्चार क्षेत्रमा योगदान पुर्‍याएबापत म्याग्दीका ५२ वर्षीय महावीर पुनले प्राप्त गरे। पुन यो पुरस्कार प्राप्त गर्ने चौथो व्यक्ति हुन्।

**युवा वर्ष मोती पुरस्कार**

राष्ट्रिय युवा सेवा कोषद्वारा प्रदान गरिने पुरस्कार साहित्यकारद्वय रामेश्वर दास 'मातृदास' तथा रोशन थापा 'निरव' लाई प्रदान गरियो। पुरस्कारको राशि ४० हजार छ।

**नोना कोइराला स्मृति पुरस्कार**

साप्ताहिक तथा नारीका सम्पादक सुवास ढकाललाई प्रेस युनियन मोरङले प्रदान गर्ने यो पुरस्कार फागुन ३ मा विराटनगरमा प्रधानमन्त्रीले हस्तान्तरण गर्नुभयो। पुरस्कारको राशि १० हजार छ।

**पारिजात पुरस्कार**

पारिजात स्मृति केन्द्रले २०६३ सालको पारिजात संघर्षशील पुरस्कार सन्तोषी विकलाई, परिजात सिर्जनशील पुरस्कार डा. जगदीशचन्द्र भण्डारीलाई तथा पारिजात कला पुरस्कार खुसीराम पाख्रिनलाई प्रदान गर्ने निर्णय गरेको छ। प्रत्येक पुरस्कार १०-१० हजारका छन्।

**जयतु संस्कृतम् पुरस्कार**

जयतु संस्कृतम्ले यस वर्षको जयतु संस्कृतम् पुरस्कार कविशिरोमणि लेखनाथ पौडेलको खण्डकाव्य ऋतुविचारलाई संस्कृतमा अनुवाद गरेबापत डा. लक्ष्मीकान्त पन्थीलाई प्रदान गरेको छ। पुरस्कारको राशि ११ हजार १ सय ११ छ।

**सिद्धिचरण श्रेष्ठ पुरस्कार**

यस वर्षको युगकवि सिद्धिचरण श्रेष्ठ पुरस्कार साहित्यकार दुर्गालाल श्रेष्ठलाई प्रदान गरिएको छ। पुरस्कारको राशि ५० हजार छ।

**सूर्यभक्त-पनतादेवी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार**

यस वर्षको सूर्यभक्त-पनतादेवी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कान्तिपुरका दैनिकका सम्पादक नारायण वाग्लेलाई प्रदान गरिएको छ। पुरस्कारको राशि १५ हजार १ सय १ छ।

**महाकवि देवकोटा पुरस्कार**

नेपाली वाङ्मय प्रतिष्ठानद्वारा प्रदान गरिने यो पुरस्कार साहित्यकार मोदनाथ प्रश्रितलाई प्रदान गरिएको छ। पुरस्कारको राशि १० हजार छ।

**बाग्मती सम्मान पुरस्कार– ०६४**

यो पुरस्कार अधिकारसम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिले बाग्मती सभ्यता बचाउने अभियानमा लागेका हुत्तराम वैद्यलाई प्रदान गरेको छ। पुरस्कारको राशि १ लाख छ।

**डा. हर्क गुरुङ पुरस्कार– ०६४**

यसै वर्ष स्थापना गरिएको डा. हर्क गुरुङ पुरस्कार-०६४ पोखराका अमरबहादुर गुरुङलाई प्रदान गरिएको छ। पुरस्कारको राशि १ लाख छ।

**नारायणगोपाल युवा संगीत पुरस्कार**

राष्ट्रिय युवा सेवा कोषद्वारा प्रदान गरिने यो पुरस्कार युवा गायक राजेशपायल राईलाई आधुनिक गायनका लागि प्रदान गरिएको छ। पुरस्कारको राशि ३० हजार छ।

# वर्ष २०६४ का नायकहरू

## रमेश बुढाथोकी र राजेश शाही

यस वर्षको रूपक स्मृति फुटबल पुरस्कार राजेश शाही र रमेश बुढाथोकीले संयुक्त रूपमा पाए। नेपाल पुलिस क्लबका फरवार्ड रमेश बुढाथोकी १९९८ देखि लगातार राष्ट्रिय टोलीमा रहँदै आएका थिए। यसै गरी उपकप्तान रहँदै आएका शाहीले यसै वर्ष अन्तर्राष्ट्रिय फुटबलवाट संन्यास लिए। राष्ट्रिय टोलीमा बुढाथोकी फरवार्ड तथा शाही मिडफिल्डको भूमिकामा खेल्थे। शाही ६० को दशकमा मनाङ-मर्स्याङदी क्लबको विजय अभियानको एक प्रमुख नायक थिए भने बुढाथोकीले नेपाल पुलिस क्लबलाई उपाधि दिलाउने क्रममा प्रायः प्रतियोगितामा फाइनलमा गोल गरेका थिए। यसै वर्ष भएको एएफसी प्रेसिडेन्ट कप फुटबलमा बुढाथोकीको उत्कृष्ट प्रदर्शनमा नेपाल पुलिस क्लबले फाइनलको यात्रा तय गरेको थियो भने शाहीको नेतृत्वमा नबिल श्रीस्टार क्लबले लगातार तीन वटा घरेलु फुटबलको उपाधि जितेको थियो।






## दीपक विष्ट

बेइजिङ ओलम्पिकमा छनौट भएपछि दिपक विष्ट यस वर्षका खेलकुद नायक बनेका छन्। गत मंसिरमा भियतनाममा भएको डब्लु एफ टी एसियन छनौट खेलमा सफलता हात पार्दै उनी ओलम्पिकका लागि छनौट भएका हुन्। छनौट खेल खेल्दै ओलम्पिकमा सहभागिताको अवसर पाउने उनी नेपालका दोस्रो तेक्वान्दो खेलाडी हुन्। यसअघि संगीना वैद्यले सो सफलता हात पारेकी थिइन्। विष्टले दक्षिण एसियाली खेलकुदमा लगातार तीन पटक स्वर्ण पदक जित्दै कीर्तिमान कायम गरेका छन् भने एसियाली खेलकुदमा दुई पटक कांस्य पदक जितेका छन्।

## पारस खड्का




गत महिना सम्पन्न यु-१९ युवा विश्वकप क्रिकेट प्रतियोगितामा नेपाललाई प्लेटतर्फको फाइनलमा प्रवेश गराउने क्रममा पारसले नेतृत्वदायी भूमिका गरे। दुई पटक म्यान अफ द म्याच घोषित खड्काले प्रतियोगितामा १४ विकेट लिँदै सनसनी फैलाएका थिए। यसअघि उनको नेतृत्वमा नेपालले यु-१९ युथ एसियाकपको उपाधि जितेको थियो भने सो प्रतियोगितामा उनी उत्कृष्ट खेलाडी पनि घोषित भएका थिए।

राष्ट्रिय टोलीका यी कुशल अलराउन्डर बलिङका साथै ब्याटिङमा पनि उत्तिकै पोख्त मानिन्छन्। वर्षको अन्त्यमा सम्पन्न राष्ट्रिय क्रिकेट लिग प्रतियोगितामा काठमाडौंलाई फाइनलमा प्रवेश गराउने क्रममा उनको महत्त्वपूर्ण भूमिका रह्यो।

## शैला राणा



गत असोज महिनामा काठमाडौंमा सम्पन्न राष्ट्रिय पौडी च्याम्पियनसिपमा आठ स्वर्ण पदक जित्दै शैलाले आफूलाई उत्कृष्ट खेलाडीको कोटीमा राखेकी हुन्। उनले सो प्रतियोगितामा तीनवटा राष्ट्रिय कीर्तिमान पनि कायम गरेकी थिइन्।

## लीला अधिकारी


झापामा सम्पन्न नवौं राष्ट्रिय जुडो च्याम्पियनसिपमा उत्कृष्ट खेलाडी घोषित लीला अधिकारी नेपाली जुडा खेलकी एक उत्कृष्ट खेलाडीको कोटीमा पनि रहने गर्छिन्। यसै वर्ष भारतमा सञ्चालित एसियन जुनियर जुडो च्याम्पियनसिपमा कांस्य पदक जित्ने अधिकारी कुनै पनि एसियाली प्रतियोगितामा पदक जित्ने पहिलो नेपाली खेलाडी हुन्।

## प्रेमप्रसाद पुन

भारतमा सम्पन्न एसियन आर्चरी च्याम्पियनसिपमा एक स्वर्ण र एक रजत पदक जितेका प्रेमप्रसाद पुनः यस वर्षका नेपाली खेलकुदमा अर्का एक नायकका रूपमा उदाए। २० मिटर बिटा च्याङ्किङमा स्वर्ण पदक जितेका पुनःले ९० मिटर प्रतियोगितामा रजत पदक जितेका थिए। साथै उनले आवश्यक १ हजार २ सय अंक प्राप्त गर्दै आसन्न ओलम्पिक प्रतियोगिताका लागि पनि आफू योग्य भएको प्रमाणित गरे। विभिन्न समयमा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाए पनि उनी चर्चाभन्दा बाहिरै थिए।

## प्रसंग कतिपय





### विक्रम राई

**मायाको कुनै सीमा हुन्न,**
**प्रेमको न कुनै परिधि हुन्छ ।**
**वसन्त फूलझैं, सुन्दर प्रेम हुन्छ,**
**तिमीले सम्झाइदियौ ।**

उदय र मनिलाद्वारा स्वरबद्ध गीत गुनगुनाउँदै हर्कबहादुर दाइ ५५ वर्षे डुब्दो जोबनमा पनि सुकुमारी सुजयालाई भेट्न साँझ उनले निम्तो दिएको दरबारमार्गस्थित चाइनिज रुमतिर लम्कन खोज्दै छन् । लगभग एक वर्षअघि सुजयाको बोल्ड तस्बिर देखेपछि उनीप्रति आकर्षित भएका हर्क दाइलाई सुरुमा उनको मोबाइल नम्बर पत्ता लगाउन गाह्रो भएको हो तर पनि आफ्नो जीवनभरको अनुभव प्रयोग गर्दै उनले नम्बर पत्ता लगाइछाडे । लगातारको अनुनय-विनयपश्चात् सुजयाले दाइलाई आज भेट्ने समय दिएकी छिन् ।

समयभन्दा अघि पुग्ने बानी परेका दाइले प्रायजसो युवती दिएको समयभन्दा ढिला आउने चलन बुझेर आफ्नो पेटपूजा गरिहाले काइदा हुने कुरा सोचे तर अर्डर दिन नभ्याउँदै ठीक ५ बजे उनी टुप्लुक्क देखापरिन् । 'नमस्कार राजेन्द्र दाइ,' उनले भनिन् । 'बस्नुहोस् सुजयाजी, अनि म राजेन्द्र होइन नि, म त हर्कबहादुर हो' भन्न नपाउँदै उनले पहिलोपटक फोन पाउँदा राजेन्द्र नाउँ सुनेकाले यो सम्बोधन गरेको बताइन् । आहा..... कति राम्री छिन् सुजया......ज्यासमिन सुगन्धित हावा सरर बगेर आएजस्तै । गुलाबी रङको कुर्तामा सजिएकी सुजयालाई आफ्नो अगाडि देख्दा पत्रिकामा देखिएकी सेक्सी एन्ड बोल्ड फोटोवाली उनी नै हुन् कि होइनन्- हर्कबहादुर दाइ एकछिन झोक्राए । हर्क दाइले वास्तविक जीवन र कल्पनाको संसारबीच कति फरक हुँदो रहेछ- त्यतिबेलै महसुस गरे ।

जीवनको यो छेउमा सुजयाजस्ती सुन्दरी आफ्नी हुन पाए कस्तो हुने थियो हर्क दाइ कल्पनाको संसारमा उड्न थालिसकेका थिए । कुराकानीको सिलसिलामा उनले करीब तीन वर्ष अघिसम्म कल्चरल ग्रुपमा रही कार्य गरिसकेकी छिन् भन्ने थाहा भयो, तर अहिले सुजयाले त्यो जागिर पनि छाडिसकिन् ।

मन्द मुस्कानका साथ बिस्तारै आफ्ना कथाहरू भन्ने क्रममा उनको अदाबाट हर्क दाइ क्लिन बोल्ड नै भए । हिन्दी चलचित्र 'मै हुँ ना' मा नायकले नायिकालाई देख्नेबित्तिकै आफैं निस्कने गीतहरूझैं त्यहाँ पनि दाइले लगभग आफ्नो कण्ठ फुकाई नै सकेका थिए कि अर्डर गरेको मेनु आइपुग्यो । वाइनको चुस्कीका साथ सिगरेट पिउने अनुमति माग्दा 'नो प्रोबल्म, आई अल्सो स्मोक समटाइम,' सुजयाले हर्कदाइतिर नशालु आँखाले हेर्दै भनिन् । केही बेर गफका साथ धूवाँको मुस्लो उड्न थाल्यो । हाँसो, ठट्टा र कुराकानी गर्दा साँझ झमक्कै भैसकेछ । अर्को पटक चाँडै भेट्ने वाचाका साथ सुजया रेस्टुराँबाट बिदा भइन् तर हर्क दाइलाई त्यो समयलाई एकछिन भए पनि रोकूँजस्तो लाग्यो, समयलाई पछाडि फर्काऊँजस्तो लाग्यो ....! अफसोच उनी गइन् । उदास मन लिई घर पुगेर 'थ्यांक यु सुजयाजी' भनी एसएमएस गरेको केही बेरमै उताबाट 'माइ प्लेजर, इट वाज अ नाइस मिटिङ एन्ड ह्याप्पी न्यू इयर २०६५' लेखिएको उत्तर आयो । हर्कदाइ भने एउटा हिन्दी गीत गुनगुनाउन थाले–

**कभी कभी मेरे दिल मे ख्याल आता है**
**कि जैसे तुमको बनाया गया है मेरे लिए ।**

prasangakatipaya@hotmail.com

# सुमन भए नयाँ मिस्टर धरान



**राजु घिसिङ**


धरान- ठूलो छाती, गतिला पाखुरा, कलात्मक पेट र गोडा अनि बलिया शरीरका धनी सुमन श्रेष्ठ नयाँ मिस्टर धरान भएका छन् । शनिबार सभा गृहमा सम्पन्न १४ औं मिस्टर धरान शारीरिक सुगठन प्रतियोगितामा ओभरअल राउन्डका बाँकी तीनजना प्रतिस्पर्धीहरूको चुनौती समाप्त पार्दै युनिक हेल्थ क्लबका सुमन नयाँ मिस्टर धरान छानिएका हुन् ।

देशकै सबैभन्दा पुरानो शारीरिक सुगठन प्रतियोगिताको उपाधि जितेपछि दोभान चौकका २४ वर्षीय सुमनले भने- 'निरन्तर मेहनत गरेमा प्रतिफल पाइँदोरहेछ ।' २०६१ सालमा मिस्टर युनिकको उपाधि जितेका सुमन दुई वर्षअघिको मिस्टर धरानका उपविजेता पनि हुन् । ६० किलोग्राम तौल समूहमा पहिलो हुँदै सुमनले ओभर अल चरणमा प्रवेश पाएका थिए ।

सुमनले ट्रफीसँगै ११ हजार रुपैयाँ नगद पुरस्कार पनि हात पारे । दोस्रो स्थानमै चित्त बुझाएका धरान फिजिकल फिटनेस सेन्टरका अनोज शाक्यले ७ हजार रुपैयाँ नगद पुरस्कारमा चित्त बुझाए । अनोजले २ हजार रुपैयाँ पुरस्कार राशिको बेस्ट पोजरको व्यक्तिगत अवार्डसमेत हात पारे । ६५ किलोग्राम तौल समूहमा पहिलो भई अनोज ओभरअल चरणमा पुगेका थिए । ५५ किलोग्राम तौल समूहमा प्रथम भएका धरान फिजिकल फिटनेस सेन्टरका विश्व खामयाङ ओभरअलमा तेस्रो भए । ७० किलोग्रामका विजेता युनिक हेल्थ क्लबका सूर्य तामाङ ओभरअल चरणमा चौथो स्थानमै रोकिए । विश्व र सूर्यले समान ३-३ हजार रुपैयाँ नगद पुरस्कार पाए ।

एलाइनेट जिमद्वारा आयोजित कुल २६ हजार रुपैयाँ नगद पुरस्कारको यो प्रतियोगिताको फाइनल चरणमा धरानका पाँचवटा जिमका २१ खेलाडीहरूले चारवटा तौल समूहमा प्रतिस्पर्धा गरेका थिए ।

# दुबईमा झुमे नेपालीहरू



दुबई– गत शुक्रबार दुबईको अल नासर लिजरल्यान्ड हलमा नेपालका ख्यातिप्राप्त लोक तथा दोहोरी गायकहरूको दोहोरी गीत तथा लोकगीतमा प्रवासी नेपालीहरू दिलै फुकाएर नाचे । सो अवसरमा प्रस्तुत गरिएको व्यङ्ग्य तथा प्रहसनले स्थानीय नेपालीहरूलाई पेट मिची-मिची हाँस्न बाध्य बनाए । नववर्ष २०६५ सालको पूर्वसन्ध्यामा नेपाल-यूएई समन्वय मञ्चले आयोजना गरेको उक्त सांस्कृतिक साँझ २०६५ मा जिरे खुर्सानीका तीन कलाकार शिवहरि पौडेल, किरण केसी, जितु नेपाललगायत लोक तथा दोहोरी गायक पुरुषोत्तम न्यौपाने, अनिता खड्का, उद्घोषिका टीका ढकाल, नायिका पार्वती खड्का, सौजन्य सुब्बा, नायक सुशील छेत्री तथा आधुनिक तथा पप गायक हिमाल सागरले आ-आफ्नो कला प्रस्तुत गरेका थिए ।

युएईका लागि नेपालका राजदूत महामहिम अर्जुनबहादुर थापाको प्रमखु आतिथ्य तथा नेपाल-दुबई सांस्कृतिक समन्वय मञ्चका सभापति नारायण लम्सालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन उपनियोग प्रमुख मोहनकृष्ण श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा युएईमा स्थापना भएका विभिन्न संघ-संस्थाका प्रमुख व्यक्तिहरूको उपस्थिति थियो ।

**–खेमनाथ पौडेल**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल ।**